# परिच्छेद एक

## परिचय

### १.१ शोध शीर्षक (अनुसन्धान शीर्षक)

यसको शीर्षक **नेपाली बौद्ध धर्ममा परिवर्तन** (नेपालमा थेरवाद बुद्धधर्मको पुनः प्रवेशसम्बन्धी घटनाक्रम) रहेको छ ।

### १.२ शोध पत्र (अनुसन्धान)को प्रयोजन

यो शोध-अनुसन्धान श्री त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय, संस्कृति विभाग द्वितीय वर्षका प्रयोजनका लागि सम्पन्न गरिएको हो । अनुसन्धान सम्पन्नपश्चात् शोध प्रतिवेदन त्रिभुवन विश्व विद्यालय, संस्कृति विभागसमक्ष प्रस्तुत गरिएको छ ।

### १.३ समस्या कथन

पश्चिम नेपालस्थित लुम्बिनीमा जन्मनुभएका ऐतिहासिक शाक्यमुनि बुद्धद्वारा प्रतिपादित बुद्धधर्मको प्रभाव एवं धर्मको परिपालन स्वयं बुद्धको जीवन कालदेखि निरन्तरता पाउँदै गएको हुनसक्दछ । समयको गतिसँगै राजनीतिक उतारचढाव एवं सामाजिक परिवर्तनसँगै हरेक पक्षमा परिवर्तनको प्रभाव पर्नेझैं बुद्धधर्ममा पनि विभाजन देखियो । परिणामतः कालान्तरमा बुद्धधर्मअन्तर्गत पनि स्थविरवाद, महायान, वज्रयानलगायत थुप्रै वाद र यानहरु विभिन्न सम्प्रदायहरुमा विभक्त भए । नेपालको इतिहासमा आफ्नै महत्व र विशेषता उच्चतम गौरवमय इतिहास बोकेको बुद्धधर्मसम्बन्धी व्यवस्थित, प्राज्ञिक एवं वैज्ञानिक तरिकाले खोजअध्ययन आवश्यक रुपमा हुन सकेको छैन । अद्यावधि नेपाली बुद्धधर्मसम्बन्धी जेजति खोज अनुसन्धान भएका छन् त्यसले पूर्णता पाउन सकेका छैनन् । बुद्धधर्मसम्बन्धी महायान र वज्रयान विषयक प्राप्य अनुसन्धानात्मक कृतिहरुको तुलनामा थेरवाद बुद्धधर्म नेपालका पुनः प्रवेश गरेको सन्दर्भ एवं घटनाक्रम बारे निकै नै कम मात्रामा शोधअनुसन्धान भएगरेका छन् । थेरवादी बुद्धशासनको प्रवेश बारेमा भएगरेका अध्ययन नितान्त धार्मिक प्रकृतिपूर्ण प्रचारात्मक मात्रै छन् । यसउसले यस शोध कार्यभित्र नेपालमा थेरवादको ऐतिहासिकता, थेरवादको पुनः प्रवेशसँगै यसले नेपाली बुद्धधर्म तथा

समाजमा पारेका प्रभाव, यसको संघर्ष, योगदान एवं उपलब्धी, यसको वर्तमान अवस्था बारे थप जानकारी उपलब्ध गराउन सहज होस् भन्ने विषयलाई नै समस्याको केन्द्र विन्दूको रुपमा दृष्टिगोचर गरी शोध-अनुसन्धान गरिएको छ ।

## १.४ अध्ययनको उद्येश्य

नेपालमा थेरवाद बुद्धधर्मको पुनः प्रवेशसँगै देखा परेको प्रभावले नेपाली बुद्धधर्ममा परिवर्तन गर्न अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गर्ने क्रममा थेरवाद बुद्धशासनले भोग्नु परेका संघर्ष, प्रभाव एवं वर्तमान अवस्थासम्म निरन्तररुपमा अगाडि बढ्दैजान भएगरेका योगदान बारे निम्न बुँदामा केन्द्रित रहेर अध्ययन गर्नु नै यस शोधकार्यको मुख्य उद्येश्य हो ।

क) बुद्ध र बुद्धधर्मको पृष्ठभूमि

ख) नेपालमा बुद्धधर्मको संक्षिप्त इतिहास

ग) थेरवाद बुद्धशासनको पुनर्जागरण

घ) थेरवादले भोग्नु परेका कठिनाइहरु

ड.) थेरवाद बुद्धशासनको योगदान र उपलब्धी

च) नेपालमा थेरवाद बुद्धधर्मको वर्तमान अवस्था

छ) नेपालमा थेरवादको भविष्य

## १.५ पूर्वकार्यको अध्ययन

शाक्यमुनि बुद्धको परिनिर्वाणलगतै उनका असन्तुष्ट शिष्य पनि देखिए भने अधर्मको वृद्धि, धार्मिक अर्थ र मर्मको ह्रास, विनयको ह्रासलाई ठम्याउन धर्म र विनयको धर्मसंगायना गर्ने अभिप्राय बोकी महापरिनिर्वाण वर्षभित्र नै प्रथमवार धर्मसंगायनाको आयोजना गरिएको थियो । पछि विस्तारै बुद्धकै उपदेश अनुशरण गर्नेबीच बुद्धोपदेशलाई बुझ्ने, व्याख्या गर्ने र व्यवहारमा उतार्ने सन्दर्भमा मतभिन्नताले विराट रुप लिएपछि धर्मसंगायनाका बावजूद पनि भिक्षुहरुकै बीच विग्रहपूर्ण फूटको रेखांकनपश्चात् स्पष्टः दुईधार वा दुई खेमामा विभाजित भए । वर्तमान भाषामा भन्नुपर्दा यथास्थितिवादी तथा प्रगतिशील–संशोधनवादी सोचका कारण त्यतिबेला अनुभवी तथा वरिष्ठ स्थविर भिक्षुहरु बुद्धको उपदेशलाई यथावत रुपमा निरन्तरता दिँदै जानुपर्छ भन्ने कट्टरवादीका रुपमा अगाडि बढ्ने स्थविरवादी थेरवादी तथा देशकाल र

परिस्थितिअनुरूप संशोधन गर्दै जानुपर्छ भन्ने प्रगतिशील भनाउँदा भिक्षुहरू महासांघिक कहलिए । दुबै खेमाका शिष्य भिक्षुहरूले बुद्धधर्मलाई जनमानसमा त्यत्तिकै प्रयास गरे । बुद्धधर्मलाई नयाँ स्वरुपमा व्याख्यान र अनुष्ठान गर्दैजाने महासांघिकवादीभन्दा स्थविरवादी बुद्धधर्मलाई तुलनात्मकरुपमा शुद्ध एवं बुद्धका वास्तविक अनुयायी भनिन्छ । कालान्तरमा यी दुई खेमामा समेत १८ ओटा सम्प्रदायमा विभक्त भई विभिन्न देशमा छरिएर प्रचार प्रसार हुन गएको देखिन्छ भने नेपालमा महायानी वज्रयानी बुद्धधर्मको बारेमा जेजति अध्ययन भएअनुरुप प्रकाशमा ल्याइएका छन् त्यसको तुलनामा थेरवाद बुद्धधर्मको पुनर्जागरण एवं यसका उपलब्धि तथा संघर्षका घटनाक्रम बारेमा आवश्यक खोजअनुसन्धान हुन सकेका छैनन् । नेपालमा थेरवाद बुद्धशासनका बारेमा सामाग्रीहरु अत्यन्त न्यूनत्तम मात्रामा उपलबध हुनु स्वाभाविक नै मान्न सकिन्छ । प्रकाशित न्यूनत्तम सामाग्रीमध्येमा पनि नेपालभाषामैं सीमित रहेको छ भने नेपाली भाषामा अद्यावधि छुट्टै कृतिको अभाव रहेको चिन्तनीय विषय भएको छ । यसउसले थेरवाद बुद्धधर्मलाई सर्वप्राचीन मानिंदै आएअनुरुप नेपालको परिप्रेक्षमा जेजति सामाग्री उपलब्ध छन् तिनीहरुलाई समेत उपयोग गरी प्रस्तुत शोध तयार पारिएको छ । शोध कार्यसँगै अध्ययनका क्रममा निम्न उल्लेख्य नेपालमा थेरवादी बुद्धधर्मको पुनःप्रवेशपश्चात् यसले भोगेका संघर्षपूर्ण इतिहास, उपलब्धिपूर्ण कृयाकलाप आदिका बारेमा गरिएको पूर्वकार्यका संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

१_ प्रसिद्ध व्यक्तित्व राइस् डाभिड्सले **Buddhism** मा “हुन त निर्वाण मार्गसम्बन्धी लचिलो अवधारणा बोक्ने भन्ने अर्थमा थेरवादीलाई **हीनयानी** भनियो भने महासांघिकवादीहरू आफ्ना मार्गलाई उच्चताको आदर्श दिई **महायानी** भन्न थाले । वस्तुतः पालि त्रिपिटक साहित्य, दीपवंश र महावंश समेतमा यी यानको उल्लेख भएका छैनन् भने महायान र हीनयान शब्दको प्रथम प्रयोग **“सद्धर्मपुण्डरीकसूत्र”**मा (इश्वीको प्रथम शताब्दीको पूर्वदेखि पहिलो शताब्दी) भएको देखिन्छ ।” भनी उल्लेख गरेका छन् ।[1]

२_ नेपालमा बुद्धधर्मको प्रवेश सम्बन्धमा भुवन लाल प्रधानले आफ्नो पुस्तक **नेपालमा बौद्ध धर्म**मा “बुद्धत्वको ज्ञानप्राप्ति पश्चात् ४५ वर्षसम्म अनवरतरूपमा धर्मप्रचार प्रसार गर्ने क्रममा तथागत बुद्धस्वयं कपिलवस्तु र देवदह पुगेका, त्यहाँ विहार बनेका, कपिलवस्तु देवदहका थेरीहरू रहेको प्रमाणबाट बुद्धको विद्यमानावस्थामैं नेपालमा बुद्धधर्मले प्रवेश गरिसकेको छ भन्न सकिन्छ ।”

---

1 T.W. Rhys Davids- **Buddhism**, 1992, p. 209 उनकाअनुसार सद्धर्मपुण्डरीक इ.पू. प्रथम शताब्दीमा जीवित रहेका भिक्षु मञ्जुश्रीले लेखेका थिए ।

भनी उल्लेख गरेका छन् ।[2] यसरी नै उनले आफ्नो सो पुस्तकमा थेरवादको अस्तित्वका बारे उल्लेख गरी लेखेका छन्- “चिनिया यात्री फाहियान (इ. ३९९-४१३) ले कपिलवस्तु (म कि-वि-लो-वि) मा जति श्रमणहरू थिए, तिनीहरू पथप्रदर्शकको रूपमा काम गर्दथे भनी उल्लेख गर्नाले स्थविरवाद थियो भन्ने नै पुष्टि हुन्छ ।”[3]

३_ प्रसिद्ध चिनियाँ यात्रीले आफ्नो ग्रन्थ **Buddhist Records of the Western World (Translated from the Chinese of Hiuen Tsiang, A.D. 629,** Book II) मा "There are about 2000 priests, who study both the Great and Little Vehicle." भनी उल्लेख गरेअनुसार लिच्छविकालमा थेरवादी र महायानी २००० भिक्षुहरू अध्ययन गर्दछन् भन्ने पुष्टि हुन्छ ।[4]

४_ भिक्षु सुदर्शन महास्थविरले आफनो पुस्तक **नेपालय् बुद्धधर्म**मा “नेपाल उपत्यकामा आई बसोबास गर्ने अन्य सर्वास्तिवादी, मूलसर्वास्तिवादी, हैमबतवादी पनि एउटै साम्प्रदायिक धारमा प्रवाहित हुँदा थेरवाद बुद्धधर्मलाई प्रस्फुटित हुन अवसर मिल्यो । परिणामतः गुँविहार जस्ता विहारहरू एकपछि अर्को निर्माण भइ नेपाललाई एउटा नयाँ युगतर्फ डोऱ्याउने थेरवाद सम्प्रदायको उल्लेखनीय भूमिका रह्यो । त्यसैले गुँविहारको स्थापनासँगै बौद्ध सभ्यताको पनि सुरूवात हुँदै गयो ।”[5] भनी अभिमत व्यक्त गर्नुभएको छ । यसरी नै उनले आफ्नो पुस्तक **बौद्ध संस्कृति**मा “नेपालका स्थविरवादी भिक्षु, श्रामणेर तथा अनागारिकाहरुबाट शैक्षिक जागरण र साँस्कृतिक संवर्द्धनमा ठूलो योगदान भइरहेको छ । पहिलो नेपाल भाषा र साहित्यको विकासमा जुन योगदान भएको छ त्यो उल्लेखनीय त छँदै छ साथै आजकाल नेपाली भाषाका साथै जनजातिको भाषामा समेत प्रचार गर्नेतिर अग्रसर भएको छ ।”[6] भनी उल्लेख गरेका छन् ।

५_ नेपालमा प्राचीनकालदेखि नै स्थविरवाद बुद्धधर्मको अस्तित्व रहेर पनि कालान्तरमा भिक्षुहरु लोप भएका हुन् भनी भिक्षु अमृतानन्दले केही शब्दअन्तर्गत **Buddhism In Nepal**मा– "Theravada too was prevalent in ancient Nepal. The existences of so many viharas testify to the historical fact. But in a changing world, the monks

---

2 भुवनलाल प्रधान, **नेपालमा बौद्धधर्म**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४५), पृष्ठ २० ।

3 **ऐजन**, पृष्ठ १०४मा उद्धृत वचन ।

4 Samuel Beal, **Buddhist Records of the Western World (Translated from the Chinese of Hiuen Tsiang, A.D. 629,** Book II, Delhi: Motilal Banarasidass, 1994) pp. 80/81

5 भिक्षु सुदर्शन, **नेपालय् बुद्धधर्म**, (काठमाडौं : प्रेमबहादुर शाक्य र अन्य, वि.सं. २०३९), पृष्ठ ३१ ।

6 भिक्षु सुदर्शन महास्थविर, **बौद्ध संस्कृति**, (काठमाडौं : श्रीकीर्ति विहार, वि.सं. २०५५), पृ. १४२ ।

became extinct later on. They have reappeared in the 20the century and they became instrumental in a renaissance of Buddhism in Nepal." भनी उल्लेख गरेअनुरुप अस्तित्वमा रहेका विहारहरुबाट प्राचीन कालदेखि नै  नेपालमा स्थविरवादी बुद्धधर्मको अस्तित्व रहेको प्रमाण स्पष्ट हुन्छ । तर पछि परिवर्तित समाजमा भिक्षुहरु लोप हुन पुगे भने तिनीहरु पुनः बीसौं शाताब्दीमा बुद्धधर्मका पुनर्जागरक कर्ताका रुपमा देखा परे भन्ने स्पष्ट हुन्छ ।[7]

६_ नेपालमा स्थविरवाद बुद्धधर्मको पुनरुत्थानसँगै स्थापित नेपालको स्थविरवादी विहार परम्परा बारे आचार्य डा. भिक्षु अमृतानन्द महास्थविरले आफ्नो पुस्तक नेपालमा थेरवादी बुद्धधर्मको संक्षिप्त इतिहासमा स्वयम्भू पहाडको उत्तरपट्टि निर्मित आनन्द कुटी विहार नै नेपाली बौद्धहरुको सर्वप्रथम केन्द्रीय विहार हो । यसको थालनी सर्वप्रथम दिवंगत भिक्षु धर्मालोक महास्थविरबाट सन् १९४३ मा भएको हो ।"[8] भनी उल्लेख गरेका छन् ।

७_ पुनर्जागरित नेपाली थेरवादी बुद्धशासनमा सर्वप्रथम नेपाल उपत्यकामा प्रवेश गर्ने थेरवादी दीक्षित व्यक्तित्वका बारे **संघमहानायक अग्रमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविरको जीवनी**मा आर.वि. वन्द्यले बुद्धको जन्मभूमि नेपालमा मोहको अन्धकारमा डुबिरहेका नेपालीहरुलाई शुद्ध बुद्धधर्मको धर्मामृत पान गराई राजा जयस्थिति मल्लका शासन कालदेखि लोप भएर गएको शद्ध बुद्धधर्मको परम्परालाई पुनर्वार स्थापना गरी उन्नति वृद्धि र प्रचार प्रसार गर्ने उद्येश्य लिई उहाँले वि.सं. १९८७ सालमा ६०० वर्षपछि नेपालमा प्रथम ऐतिहासिक पीत वस्त्रधारी स्थविरवादी श्रामणेरको रुपमा नेपालको काठमाडौं उपत्यकामा प्रवेश गरी किण्डोल विहारमा बसीकन नेपालमा स्थविरवाद बुद्धधर्मको पुनः प्रचार गरी जग हाल्नु भई धर्मको पुनर्स्थापना गर्नुभयो ।"[9] भनी उल्लेख गर्नुभएको छ ।

८_ नेपालमा प्रथम थेरवादी विहार मानिने आनन्द कुटी विहारको शिलान्यास एवं निर्माणसम्बन्धी भिक्षु धर्मालोक महास्थविरले **महाचीन यात्रा**मा-"त्यस बखतको किण्डोलको धमिलो

---

7 Bhikshu Amritananda, "A Few Words" **Buddhism in Nepal**, Badri Ratna Bajracharya, (Kathamandu : Ananda Kuti Vihara Trust, 1986 A.D.) p. 13

8 भिक्षु अमृतानन्द महास्थविर, **नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास**, (काठमाडौं, आनन्द कुटी विहार, वि.सं. २०३८), पृ. ८ ।

9 आर. वि. वन्द्य, **संघमहानायक अग्रमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविर**, (नगरपण्डप श्रीकीर्ति विहार, वि.सं. २०५६), पृ. १७-१८ ।

वातावरणबाट दिक्क मानी आफूले ६०/७० रुपैया खर्च गरी एक स्यानो झुपडी बनाई आनन्द कुटीको शिलान्यास गरेको"[10] भनी उल्लेख गर्नुभएको छ ।

## १.६ अनुसन्धान विधि (शोधविधि)

पुस्तकालय उपयोग विधिलाई यस अनुसन्धानको प्रमुख विधिका रुपमा लिइएको छ । मेरा आफ्नै व्यक्तिगत संकलन, स्वयं आफू पनि थेरवादी भिक्षु भएकै कारण भिक्षु, श्रामणेर, अनागारिका, उपासक, उपासिकाहरुबाट सूचना प्राप्त गर्ने तथा हाल केही समयदेखि स्थापित विहारको अवलोकनसँग आवद्ध रहीकन यस शोधकार्यलाई मूर्तरुप दिन आवश्यक सूचना सामाग्री जुटाइएको छ ।

## १.७ विषयगत सीमाङ्कन

यस शोध कार्यलाई बुद्धधर्मको पृष्ठभूमिमा टेकी नेपाली बुद्धधर्मको ऐतिहासिकतालाई केलाउँदै बुद्धधर्मअन्तर्गत थेरवाद बुद्धधर्म नेपालमा पुनः प्रवेशको समयदेखि देखापरेका पुनर्जागरित थेरवाद बुद्धशासनले भोगेका संघर्ष एवं उपलब्धि विषयमै केन्द्रित भएर थेरवादी भिक्षु, अनागारिका, उपासक तथा उपासिकाहरुसँग सम्बन्धित पुनर्जागरणकालका प्रभावकारी पक्षीय, वर्तमान संक्षिप्त वस्तुगतस्थिति एवं गतिविधिलाई मात्र जानकारीमूलक हिसाबले समेट्ने प्रयास गरिएको छ भने थेरवादसम्बन्धी कला, वास्तुकलालगायत आर्थिक पक्षलाई उल्लेख गरिएको छैन ।

## १.८ शोध-पत्रको रुपरेखा (परिच्छेद-विभाजन)

नेपालमा थेरवाद बुद्धधर्मको पुनःप्रवेशले नेपाली बुद्धधर्ममा नयाँ आयामिक प्रकृयाको थालनी भएको बारेमा प्रकाश पार्नका लागि यस शोधकार्यलाई विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । विषय र प्रसंगको आधारमा निर्धारण गरिएका परिच्छेदहरु निम्नअनुसार रहेका छन् ।

क) परिच्छेद एक : परिचय

ख) परिच्छेद दुई : बुद्ध र बुद्धधर्मको पृष्ठभूमि

10 धर्मालोक महास्थविर, **महाचीन यात्रा**, (लुम्बिनी : भिक्षु अनिरुद्ध महास्थविर, वि.सं. २०३४), पृ. १५५ ।

ग)  परिच्छेद तीन : नेपालमा बुद्धधर्मको संक्षिप्त इतिहास

घ)  परिच्छेद चार : थेरवाद बुद्धधर्मको पुनर्जागरण

ड.)  परिच्छेद पाँच : थेरवाद पुनः प्रवेश निम्ति संघर्ष तथा योगदान

च)  परिच्छेद छ : नेपालमा थेरवाद बुद्धधर्मको वर्तमान अवस्था

छ)  परिच्छेद सात : उपसंहार

## १. ९ समय सीमा

यो शोधकार्य गर्नाका लागि त्रिभुवन विश्वविद्यालयको नियमानुसार निश्चि समयको पावन्दीभित्र रहीकन सामाग्री संकलन, अन्तरवार्ता, अध्ययन तथा सोधपुछको लगत्तै टङ्कनका लागि निर्धारण गरिएको समयमैं आफ्ना व्यक्तिगत विविध कठिनाईअन्तर्गत बुझाउन सकिएन । यद्यपि रेगुलर परीक्षा उत्तीर्णभएर पनि कहिले विदेश त कहिले के कहिले के भएर आफूसँग संकलित, लिखित सामग्री हुँदै पनि नियमानुसार बुझाउन नसकिएको वास्तविकता हो । यसको दौरानमा शोधकार्यलाई बुझाउनु पर्छ भन्ने मानसिकता नै झण्डै झण्डै हराइसकेको थियो भने मलाई शुभचिन्तकहरुले हात्ती छिरो पुच्छर अड्क्यो जस्तो कस्तो हो खुरुक्क बुझाए त भइहाल्यो भनी घच्घच्याउने उत्प्रेरक पक्षका कारण समयमैं संकलित सामग्री एवं नयाँ सामग्रीको सहायता लिई धेरै हतार हतारमा दुई साताभित्र यो शोध कार्य सम्पन्न गरिएको यथार्थता हो । यसउसले पर्याप्त मात्रामा सामग्री संकलनको सुलभता भएरपनि पूर्णतः सबैलाई प्रयोग गर्न नसकिनु स्वाभाविक पक्ष नै हो ।

# परिच्छेद दुई

# बुद्ध र बुद्धधर्मको पृष्ठभूमि

## २.१ बुद्धको जन्म

वर्तमान विश्वसामू शाक्यमुनि बुद्धको जन्म ई.पू. ५६३[11] मा पश्चिम नेपालको लुम्बिनीमा ( चित्र सूची नं. १) भएको अविवादित तथ्यलाई सम्राट अशोकले राख्न लगाएको अशोक स्तम्भमा उत्कीर्ण **"हिद बुधे जाते सक्यमुनीति"** (यहाँ शाक्यमुनी बुद्धको जन्म भएको हो), **"हिद भगवं जाते ति लुंमिनि गामे"** (यहाँ भगवान् बुद्ध जन्मनुभएको लुम्बिनी ग्राममा) ब्राह्मी लिपिको ऐतिहासिक अभिलेखीय प्रमाणले पुष्टि गरेको छ । (चित्र सूची नं. २) चीनिया यात्री **फाहियान**को **"लुनमिन्"** होस् , **ह्वेन साङ**को **"ल-फ-नि"** होस्, **रिपु मल्ल**ले उत्कीर्ण गराएको **"रिपुमल्लश्चिरं जयतु १२३४"** होस् वा हाल उत्खनन्बाट प्राप्त सिद्धार्थ **जन्मस्मारक शिला (Marker Stone)** होस्, (चित्र सूची नं. ३) यसबाट बुद्धको जन्म वर्तमान नेपालको मानचित्रअनुरूप लुम्बिनी नै हो भन्ने निर्विवाद सत्य ठहरिएको छ । यसरी नै प्राचीन कपिलवस्तु, देवदह पनि नेपालमै रहेको तथ्य सर्वविदितै छ । शिलास्तम्भ अभिलेखीय प्रमाणअनुसार **"लुंमिनि"** शब्द **समुन्द्रगुप्त**को प्रशस्ति प्रसंगमा **"नेपाल"** शब्दभन्दा ५८० वर्ष पुरानो हो भन्ने लिच्छवि अभिलेखमा **"नेपालभ्य"** पाइएअनुसार ७६३ वर्ष, "नेपाल" उल्लेख भएको त अझ ८३१ वर्ष पछि मात्र हो ।[12] यसरी नेपाल राष्ट्रको लुम्बिनी शालोद्यानमा जन्मिएका सुपुत्रलाई भविष्यमा सर्व अर्थसिद्ध गर्ने अभिप्रायबाट **सिद्धार्थ** भनी नामाकरण गरियो ।

## २.२ गृहस्थ जीवन तथा महाभिनिष्क्रमण

दरवारिया सुख सयलपूर्ण वातावरणमा हुर्केको राजुकमारमा सानैदेखि असाधारण स्वभाव देखापऱ्यो । राजाको उत्तराधिकारी राजकुमारलाई एक सम्पन्न र शक्तिशाली राजा बनाउने अनेकौ प्रयासहरू भए । जसअनुसार दरवारिया सुखमा भुलाउन तेन्नेरी हुँदै आएको अवस्थामा सबै भन्दा सुन्दरी यशोधरासँग विवाह गरी दियो । तर राजकुमारको मन भौतिक र सांसारिक सुख सयलमा झुकाव नभएर आध्यात्मिक सुख शान्तिको मार्गतिर अग्रसर हुँदै गयो र जीवन के हो?

---

11 राहुल सांकृत्यायन, **बुद्धचर्या**, तृतीय संस्करण, (लखनउ : भारतीय बौद्ध समिति, सन्. १९९५), पृ. १ ।

12 भिक्षु सुदर्शन, **बुद्धको जन्मभूमि नेपालमा बुद्धधर्मप्रति असहिष्णुता**, (काठमाडौं : सानुरत्न स्थापित, वि.सं. २०४८), पृष्ठ ४९ ।

वास्तविक सुख शान्तिको मूल गन्तव्य के हो ? जीवनको मूल गन्तव्य के हो ? के कसरी त्यसलाई आत्मसात गर्ने ? जीवन मरणको चक्रलाई कसरी अन्त्य गर्ने ? यसरी जीवन र जगतको विषयलाई लिएर राजकुमारको हृदयमा चिन्तन भई नै रह्यो । अन्तमा दरवारको सुखसयलपूर्ण वातावरणलाई तिलाञ्जली दिने निर्णय गरी आषाढ पूर्णिमाका दिन राजकुमार सिद्धार्थले राजपात, सुखैश्वर्य सारा वैभवलाई त्यागेर दुःख र दुःखबाट मुक्त शान्तिगामी मार्ग खोज्न बहुजनहिताय बहुजनसुखायको लक्ष्य[13] बोकेर जगतोद्धारको निम्ति २९ वर्षको भद्र यौवनमा इ.पू. ५३१[14] मा महाभिनिश्क्रमण गरे ।

## २.३ बुद्धत्व ज्ञान प्राप्ति

प्राचीन कपिलवस्तुका राजा शुद्धोदनका सुपुत्र बोधिसत्व राजकुमार सिद्धार्थ (सर्वाथसिद्ध) ले राजकीय सुखवैभव त्यागी महाभिनिष्क्रमणपश्चात् निरन्तर अथक प्रयासका बावजूद ध्यानमार्गको प्रयोगले जीवन र जगतलाई यथार्थरूपमा जानी बुझी यथार्थ सत्यको बोधले दुःख र दुःखबाट विमुक्तिको मार्ग पहिल्याए, सम्यक् सम्बोधि लाभ, सर्वज्ञ ज्ञान प्राप्तिपछि तथागत सम्यक् सम्बुद्ध नै भए । नयाँ धर्म, नयाँ सोचका रूपमा बुद्धपछि शिष्यशिष्या, भिक्षुभिक्षुणी, उपासकउपासिकाहरूको संख्यामा बाढी आएझैं उर्लदै गए । सिद्धार्थले फरक- फरक धर्म सम्प्रदायका धर्मगुरूहरूसँग सत्संग गर्दै शास्त्रसम्मत ध्यान भावाना सिके तापनि सिद्धार्थले फरक-फरक धर्म सम्द्रायका धर्मगुरूहरूसँग सत्संग गर्दै शास्त्रसम्मत ध्यान भावना सिके तापनि सिद्धार्थलाई सन्तोष भएन । पछि आफैले उरूवेल वनमा गएर ज्ञान प्राप्तिका लागि भौतिक वस्तु पूर्ण रूपले त्याग गर्न सम्भव नहुने तर भौतिक वस्तु प्राप्तिको लागि आध्यात्मिक विषय गौण हुनसक्ने कुराको बोधसँगै कट्टरवाद, कष्टवाद एवं पीडादायक मार्ग त्यागेर मध्यममार्ग अपनाएर स्वयं आफ्नै शरीरमा भएको क्रिया-प्रतिक्रियालाई गहिरिएर हेर्न आनापाना विपश्यना, विदर्शना आदि भावना गर्दै अनुलोम-प्रतिलोम प्रकृतिलाई नटुटाइकन निरन्तर रूपमा बढाउँदै लगे । त्यसमा निररन्तरता भाव बृद्धि भए, राजकुमारले विस्तारै आफ्नो हृदयलाई बाँध्न सके, चित्तको भाव एक चित्त र एकाग्र भएर समाधिस्थ अवस्था बलियो हुँदै गयो । तब उनलाई उत्पत्ति भई विनाश भएर जाने, परिवर्तन भएर जाने स्वभाव अर्थात् च्यूतिउत्पत्ति ज्ञान प्राप्त भयो । जीवन मरणको चक्र राम्ररी बुझ्दै गए । संसारको यथार्थ तत्वलाई अवबोध गरी लिने क्षमताको विकास भयो । पछि चारआर्यसत्यलाई यथार्थ रूपले बुझी जानी लिए । प्रतीत्यसमुत्पाद दर्शन आत्मसात गरे । परिणामस्वरूप चक्षु प्राप्त गरे, ज्ञान प्राप्त गरे, विद्या प्राप्त गरे, आलोक प्राप्त गरे, तब सारा आस्रवक्षय भएर कलुषित

---

13 कोण्डन्य संघाराम, **संक्षिप्त दीघनिकाय व मज्भिमनिकाय**, (यें : ज्ञानज्योति कंसाकार ..., वि.सं. २०५६), पृ. ५३ ।

14 राहुल सांकृत्यायन, (पूर्ववत पाद टिप्पणी संख्या १), पृ. ६ ।

भाव पूर्णतः नष्ट हुँदै, हृदय सफा सुन्दर भएर शान्ति प्रीतिरूपी फूल फुल्न थाल्यो। यसरी ई.पू. ५२८[15] मा राजकुमारले सम्यक् सम्बोधि ज्ञान, बोधित्व वा बुद्धत्व ज्ञान लाभ गरे।

बुद्धत्व ज्ञान लाभ गरिसक्दा तीन महिनासम्म बुद्धको जीवनचरित्र प्रचार-प्रसारतर्फ अग्रसर हुन सकेन। गुप्तवास र प्राप्त गम्भीराति गम्भीर धर्मलाई धर्मामृत पान गर्दै दिन बित्दै गयो। तब लोक सेवादेखि लिएर धर्मदर्शन प्रचार-प्रसारको कुरामा बुद्धको हृदयमा अन्तरद्वन्द्वले जरा गाड्यो। सुखमा सुख खोज्नेहरू, दुःखमा डुबेर सुख खोज्न गाह्रो मान्ने प्रवृत्ति भएकाहरू, भौतिक वस्तुमा मात्र लालायित हुने स्वभाव भएकाहरू, जुनसुकैमा पनि तत्काल जवाफ वा परिणाम खोज्ने, आदर्शपूर्ण नैतिकताको उपदेशात्मक धर्म-व्याख्यान गर्दै जानुका परिणाम खोज्ने लोकजनबीचमा आदर्शपूर्ण नैतिकताको उपदेशात्मक धर्म-व्याख्यान गर्दै जानुका परिणाम सकारात्मक देखिँदै जाने पो हो कि !? भनेझैं निराशावादी प्रवृक्तिले हावी हुन नपाउँदै असंख्य मानिसहरूबीच एक-दुईजना मात्र भएपनि धर्म व्याख्यान गर्दा जीवन सुधार र सार्थक गर्नेहरू पनि कसो नहोलान् यति ठूलो धर्तीमा ? भन्ने आशावादी भाव हृदयमा टुसाउन थाल्यो। तव सारनाथमा बसिरहेका पञ्च भद्रवर्गीयहरू क्रमैले कोण्डञ्ञ, वप्प, भद्दिय, महानाम र अस्सजिहरूका[16] बीचमा बुद्धले आफूले प्राप्त गरेको धर्म-दर्शनलाई लोकमा धर्मरूपी चक्र (चक्का) घुमाउने कार्य, धर्मलाई चारैतिर फैलाउन, जनमानसमा बुलन्द पार्न पहिलो पल्ट उद्घोषणको शुभारम्भ गरे। यसैलाई **'धर्मचक्र प्रवर्तन सूत्र'** भनिने गरिन्छ। यो सूत्र आषाढ पूर्णिमाको दिनमा नै देशना गरिएको मानिन्छ । यस सूत्रका बारेमा चर्चा गर्नु प्रासङ्गिक हुनेछ।

## २.४ धर्मचक्र प्रवर्तन सूत्र

**द्वे मे भिक्खवे अन्ता न सेवितब्बा, कतमे द्वे ? (१) काम सुखल्लिकानुयोगे, (२) अत्तकिलमथनुयोगो।**[17] अर्थात बुद्धले दुई अन्तको सेवन गर्न नहुने र त्याज्य भनी नियम देशना गरे। काम सुखलिकानुयोगो अर्थात् काम-विषय वा अति मोजमस्ती गर्ने, स्वच्छन्दवादी (यौनिक कार्य) भएर काममा प्रतीत भएमा वर्तमान समयमा सुखजस्तै लागेतापनि भविष्यमा दुःखद् परिस्थिति आउने, नाँगो बस्नु, मुक्ताचार हुनु, धर्मको नाममा धर्म प्राप्तार्थ शरीरलाई दुःख कष्ट दिएर साधना गर्नु, अति नै गर्मी भएको बेला अग्नि देवता सम्झेर चारैतिर आगो दन्दन् बालेर आगो ताप्नु, जाडोले थर-थर

15 **ऐजन**, पृ. १२।

16 भुवनलाल प्रधान, **नेपालमा बौद्धधर्म**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४५), पृ. २७ अनुसार पञ्च भद्र वर्गियहरू कपिलवस्तु जनपदवासी ब्राह्मणहरु हुन्।।

17 भिक्षु सुदर्शन, **महापरित्राण**, (काठमाडौं : सानुनानी कंसाकार, वि.सं. २०६२), पृ. २६।

कामेतापनि पाप पखालिन्छ भनी पानीमा डुबेर स्नान गर्दै हिंडेमा सुखको नाउँमा जसरी वर्तमान अवस्था दुःखद् हुन्छ त्यसरी नै  भविष्य दुःखद नै हुनेगर्दछ।

अनित्य, दुःख अनात्म (जस्लाई त्रिलक्षण पनि भन्दछ) लाई बौद्ध दर्शनको रूपमा अंगिकार गरिन्छ। अनित्य, दुःख र अनात्मवाद भित्र मानिसले चार आर्यसत्य, क्षणिकवाद, प्रतीत्यसमुत्पाद, अभौतिकवाद, अनिश्वरवाद, निर्वाण आदि, विषयाई बोधगरी लान सक्दछ। पहिलो धर्मरूपी चक्र घुमाउने धर्मोपदेश अति नै महत्वपूर्ण छ। यस सूत्रभित्र हामीले बौद्ध दर्शनलाई बुझ्न सक्दछौं। यस सूत्रको देशनापछि पाँचदिन पश्चात् बुद्धद्वारा जुन **अनत्त लक्खण** (अनात्म लक्षण) सूत्र देशना भएको हो, त्यस्मा आनात्मवादलाई स्पष्ट गरी दिइएको छ।[18]

लोकमा कुनै पनि वस्तु यस्तो छैन जुन स्थीर भई बस्छ, जस्को स्वभाव एउटै रूपमा भइरहन्छ, जस्लाई नित्य, ध्रुव, शाश्वत र अविपरिणाम धर्म भन्न सकियोस्। बुद्ध-दर्शनअनुसार **सब्बं अनिच्चं** अर्थात् जीवन-जगत साथै यससँग सम्बन्धित जुनसुकै वस्तु, अवस्था आदि यावत सांसारिक भौतिक सुख भनेको क्षणिक र गौण सुख मात्र हो। त्यसैले सुख पाउँछ भन्दाभन्दै दुःखको भुमरीमा अल्झिने हुन्छ भने हरेक वस्तु अनित्यताले प्रभावित भएको हुन्छ। उत्पत्ति हुन्छ, विनाश हुन्छ, देखापर्छ, टाढिएर जान्छ, राम्रो भनी सम्झिएको नराम्रो भएर जान्छ भने नराम्रो भनी सम्झिएको  छि, छि दुर, दुर गरेको राम्रो भएर सुन्दर लोभ लाग्दो, बोर्केरै हिँडुं हिँडुं जस्तो आशक्ति वृद्धि हुन्छ, मिलन हुनजान्छ भने यसैमा विछोड पनि गराउँदछ, राम्रो जीवन यापन गर्दागर्दै विचलन पनि आउन सक्दछ।  खराब व्यक्तिको हृदय परिवर्तन भएर एक महान व्यक्ति हुन सक्दछ। विकास-विनाश, धर्म-अधर्म, हुने-नहुने भन्ने एउटै स्वरुपमा अगाडि बढिराखेको हुँदैन। स्वभावतः चक्र (चक्का) अनुसार अनित्य भनिएको हो।[19]

## २.४.१ चतुरार्य सत्य[20]

### २.४.१ .१. दुःख आर्यसत्य (दुःख)

भिक्षुहरु, दुःख आर्यसत्य के हो ? जन्मनु दुःख जन्म (जाति), वृद्धावस्था (जीर्ण) हुनु दुःख हो, शोक, गर्नु दुःख हो, विलाप गर्नु दुःख हो, दौर्मनस्य उपायास दुःख हो, अप्रिय संयोय दुःख हो, प्रिय वियोग दुःख हो, इच्छा भएअनुसार पुरा

---

18 कोण्डन्य संघाराम, (पूर्ववत, पादटिप्पणी संख्या ३), पृ. ५४-५५।

19 **ऐजन**, पृ. ५५।

20 भिक्षु ञाणतिलोक, **बुद्धवचन**, अनु.नानीमैयाँ मानन्धर, (काठमाडौं : सामूहिक दाता, वि. सं. २०४९), पृ.  ५-५७। कोण्डन्य, **परियत्ति : द्वितीय प्रवेश शिक्षा**, (ललितपुर : नेपाल बौद्ध परियत्ति शिक्षा, वि.सं. २०६०), पृ. ३३८-३४०। Nyanatiloka, **Words of Buddha**, (Ceylon : Dodanduwa, 1937 A.D.)

नहुनु दुःख हो, संक्षेपमा भन्ने हो भने पञ्चउपादानस्कन्ध (सबै भौतिक विषयवस्तहरु) अर्थात् रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान नै दुःख हुन् ।[21]

### २.४.१.२. दुःख समुदय सत्य (दुःखको कारण)

भिक्षुहरु, दुःख समुदय (उत्पन्न हुने) आर्यसत्य के हो ? जो फेरि फेरि जन्म लिनुको कारण हो, जो लोभ तथा रागयुक्त छ, जसले जहिँतहिँ आनन्द लिन्छ, यो त्यही तृष्णा हो– काम तृष्णा, भव तृष्णा तथा विभव तृष्णा । यही तृष्णा नै **दुःख समुदय आर्यसत्य** हो ।[22]

### २.४.१.३. दुःख निरोध सत्य दुःखको अन्त (दुःखको अन्त)

भिक्षुहरु, दुःख निरोध आर्यसत्य के हो ? तृष्णाबाट विल्कुल विराग हुनु, तृष्णालाई निरोध गर्नु, यसलाई त्याग गर्नु, परित्याग गर्नु, यसबाट मुक्त हुनु, अनाशक्त हुनु यही दुःख निरोध गर्ने आर्यसत्य हो ।[23]

### २.४.१.४. दुःख निरोधगामिनी प्रतिपदा मार्गसत्य (दुःखको अन्त गर्ने मार्ग)

भिक्षुहरु, दुःख निरोधको मार्गतिर लैजाने आर्यसत्य के हो ? काम वस्तुमा छन्दराग नामक क्लेश कामले युक्त सुखको बार बार भोग गर्नु, जुन हीन, ग्राम्य, अशिष्ट, अनार्य, अनर्थपूर्ण छ र जुन आफ्नो शरीरलाई व्यर्थ क्लेश दिने, दुःखमय अनार्य, अनर्थकर छ । यी दुबै अन्तलाई छोडी तथागतले मध्यममार्गको ज्ञान प्राप्त गर्नुभएको छ, जसले आँखा खोलिदिन्छ, जुन शान्तिको निमित्त, अभिज्ञाको निमित्त, बोधिको निमित्त, निर्वाणको निमित्त हो ।[24]

यसरी हेर्दा जन्म (जाति), बृद्धावस्था (जीर्ण), व्याधि, मृत्यु, शोक, सन्ताप र विलाप हुनु, शारीरिकदेखि मानसिक पीडाले मनमा अशान्ति हुनु, मन नपर्नेसँग सहवास गर्नु, मन परेकोबाट विछोडिएर बस्नु, इच्छा भएअनुसार पुरा नहुनुजस्ता अवस्थाहरू हुन्छन् । यसैलाई वास्तवमा **दुःख आर्यसत्य** भनिन्छ भने यस्लाई संक्षेपमा पञ्चउपादानस्कन्ध अर्थात् रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान भनिन्छ । जुन रागयुक्त तृष्णाले फेरि नयाँ जन्मलाई निम्त्याउँछ, जस्मा आनन्द मानेर टाँसिने स्वभाव हुन्छ, देखेपिच्छै वस्तुहरूमा आत्मभाव बढाएर, त्यसैको आलम्बनमा आनन्द र रमाइलो मानेर बस्ने तीन तृष्णाहरू, जस्तै (१) काम, (२) भव र (३) विभव हुन् । यसैलाई नै **दुःख समुदय आर्यसत्य** भनिन्छ । तृष्णालाई एकरति पनि नराखेर त्याग, निरोध र नाश गर्नु, त्यसबाट मुक्त भएर अनाशक्त हुने अवस्था पनि छ, जसलाई **दुःख निरोध आर्यसत्य** भनिन्छ । दुःखको यथार्थतालाई स्वीकार गर्दै त्यस्को कार्यकारणलाई जानेर जुन निरोधतिर बढ्दै

---

21 भिक्षु ञाणतिलोक, (पूर्ववत, पादटिप्पणी), पृ. ७ ।

22 **ऐजन**, पृ. ३३ ।

23 **ऐजन**, पृ. ४७ ।

24 **ऐजन**, पृ. ५५ ।

जानुपर्ने हो, त्यस मार्गलाई **मध्यममार्ग** भनिन्छ । यसैलाई **मज्भिमपटिपदा** वा **आर्यअष्टांगिक मार्ग** पनि भनिन्छ ।[25]

## २.४.२ अष्टाङ्गिक मार्ग[26]

दुःख निरोधगामिनी प्रतिपदा मार्ग आर्यसत्य भन्नाले दुःख निरोध गर्ने मार्ग जनाउँछ । यो मार्गलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ किनकि यसमा निम्न उल्लेख्य आठवटा आर्गहरु सम्मिलित छन् जसको अभ्यासबाट निर्वाण प्राप्त गर्न सकिन्छ ।

### २.४.२.१ सम्यक् दृष्टि (ठीक धारणा)

भिक्षुहरु, जब आर्य श्रावकले अकुशललाई चिन्दछ, अकुशलको मूल कारणलाई चिन्दछ । कुशललाई चिन्दछ, कुशलको मूललाई चिन्दछ । त्यसबेला उसमा सम्यक् दृष्टि हुन्छ वा सोझो दृष्टि हुन्छ । त्यसबेला यस धर्ममा उसको अचल श्रद्धा हुन्छ । ऊ यस धर्ममा आएको हुन्छ ।[27]

### २.४.२.२ सम्यक् संकल्प (ठीक संकल्प)

भिक्षुहरु, नैष्क्रम्य-संकल्प, अव्यापाद-संकल्प, अविहिंसा-संकल्पलाई नै सम्यक्-संकल्प भनिन्छ ।[28]

### २.४.२.३ सम्यक् वाचा (ठीक वचन)

भिक्षुहरु, जुन मानिसले झूठो बोल्न, चुगली गर्न, कडा बोल्न, नचाहिँदो फोस्रो गफ गर्न छोड्छ, त्यसलाई नै सम्यक्-वचन भनिन्छ ।[29]

### २.४.२.४ सम्यक् कर्मान्त (ठीक कर्म)

भिक्षुहरु, जुन मानिसले जीव हिंसा, चोरी गर्ने काम, काम-भोगसम्बन्धी मिथ्याचार छोड्छ, त्यसलाई नै सम्यक-कमान्त भनिन्छ ।[30]

### २.४.२.५ सम्यक् जीवन (ठीक आजीविका)

भिक्षुहरु, जसले मिथ्या आजीविकालाई त्यागेर सम्यक्-आजीविकालाई अंगाल्दछ, जसले यी शस्त्र, प्राणी, मासु, मद्य तथा विष गरी पाँच व्यापारमध्ये कुनै एकको पनि व्यापार गर्दैन, त्यो नै सम्यक्-आजीविका हुन्छ ।[31]

---

25 कोण्डन्य संघाराम, (पूर्ववत, पादटिप्पणी संख्या ३), पृ. ५५ ।
26 भिक्षु ञाणतिलोक, (पूर्ववत, पादटिप्पणी संख्या १०), पृ. ५७-१४८ ।
27 **ऐजन**, पृ. ५९ ।
28 **ऐजन**, पृ. ९५ ।
29 **ऐजन**, पृ. ९७-९९ ।
30 **ऐजन**, पृ. १०१ ।
31 **ऐजन**, पृ. १०३ ।

### २.४.२.६ सम्यक् व्यायाम (ठीक प्रयत्न)

भिक्षुहरु, जसले संयम-प्रयत्न, प्रहाण-प्रयत्न, भावना-प्रयत्न, अनुरक्षण-प्रयत्न गरी चार प्रकारका प्रयत्न गर्दछन् त्यसलाई नै सम्यक्-व्यायाम भनिन्छ।[32]

### २.४.२.७ सम्यक् स्मृति (ठीक संकल्प)

भिक्षुहरु, जसले काय (रुपसमूह) प्रति कायानुपश्यी भएर, वेदनामा वेदनानुपश्यी भएर, चित्तमा चित्तानुपश्यी भएर, धर्ममा धम्मानुपश्यी भएर तपस्या गर्दछ, सम्पूर्ण रुपले जानेर, स्मृतिवान भई लोकमा लोभ र दौर्मनष्यलाई हटाएर विहार गर्दछ, त्यसलाई नै सम्यक्-स्मृति भनिन्छ।[33]

### २.४.२.८ सम्यक् समाधि (ठीक एकाग्रता)

भिक्षुहरु, एउटै आलम्बनमा मन एकोहोरो लगाई रहनुलाई सम्यक् समाधि वा चित्त एकाग्रता भनिन्छ।[34]

दुःख के हो, तृष्णाको अन्त्य गर्नाले दुःख नाश हुन्छ, कुशल र अकुशल चिन्ने र त्यसको कारण बुझ्नु अर्थात् ठीक समझदारी **सम्यक् दृष्टि** हो । नैष्क्रम्य, अव्यापाद, अविहिंसाई दृढतापूर्वक पालन गर्नु अर्थात जीवन सार्थक हुने गन्तव्यतिर पुग्ने संकल्पलाई **सम्यक् संकल्प** भनिन्छ। वचनलाई संयम गरेर, अपराधिक कर्मबाट टाढिएर, सत्यवादी भएर अप्रिय र कटु वाक्य नबोली नरम, आनन्दित हुने वचन बोल्नु **सम्यक् वचन** हो । जीव हिंसा, चोरी, व्यभिचार आदि नराम्रा कुकर्मदेखि टाढिएर, निस्वार्थी भएर परार्थी हुने काम **सम्यक् कर्मान्त** हो । शोषण, दमन, भ्रष्टाचार, अत्याचार र अन्याय गरी जीविकोपार्जन नगर्ने, शस्त्र मंस-विष, प्राणी र मानिस (देहव्यापार, दासप्रथा) को व्यापार नगर्नु **सम्यक् आजीविका** हो। अनैतिक कामदेखि टाढिएर मानसिक र चेतसिक नियन्त्रण गरी आत्म नियन्त्रण अभिवृद्धि गर्नेतिर अग्रसर हुने **सम्यक् व्यायाम** हो । जीवनमा भइरहने जीवन प्रवाहलाई र कुशल-अकुशलप्रति सजग भएर निरन्तर होस राख्नु, जसबाट शुभ संस्कारको सञ्चय हुन्छ, यसलाई **सम्यक् स्मृति** भनिन्छ। भावनामय विषयमा आनन्दित भएर चित्त एकाग्र गर्ने क्षमता विकास गर्ने, जसबाट जीवन के हो भन्ने कुरा विस्तारै बुझ्न सकिने हुन्छ, विस्तारै चित्त समाधिस्थ हुन्छ, त्यस अवस्थालाई नै **सम्यक् समाधि** भनिन्छ।[35]

---

32 **ऐजन**, पृ. १०५-११३ ।

33 **ऐजन**, पृ. ११५-१४७ ।

34 **ऐजन**, पृ. १४८ ।

35 कोण्डन्य संघाराम, (पूर्ववत, पादटिप्पणी संख्या ३), पृ. ५५ ।

उपरोक्त भावलाई हेरेर हामीले चारआर्यसत्य वा दुःख दर्शनसम्बन्धी कुराहरू बुझ्न सक्दछौं । पहिले सुन्न नपाइएका यी धर्महरूमा आँखा प्राप्त भयो, ज्ञान पाइयो, प्रज्ञा पाइयो, विद्या पाइयो, आलोक पाइयो, भनी धर्मचक्र सूत्रमा[36] बुद्धले प्रकाश पारेका छन् । त्यसरी नै बुद्धको उद्‌गार स्मरणी छ- "जबसम्म मैले यी चार आर्यसत्यको यथार्थ विशुद्ध ज्ञान देखिनं तबसम्म मैले यसरी दावी गरिनं । अनुत्तर सम्यक् सम्बोधिलाई जब मैले बोध गरें, त्यसबेला मात्र मैले दावी गरें, मैले ज्ञानले देखें, मेरो मुक्ति अचल छ । यो अन्तिम जन्म हो । अब फेरि आवागमन (पूनर्जन्म) हुने छैन ।"[37]

धर्मचक्र सूत्र अनित्य दुःख सम्बन्धको मात्र होइन अनात्मवाद बारेको पनि महत्वपूर्ण उपदेश हो । अनित्य दुःख र अनात्ममा पनि अनात्म भनेको सबैभन्दा बुझ्न गाह्रो विषय मानिन्छ । अनित्य र दुःखलाई आत्मसात गर्न सजिलो हुनसक्छ सायद, अनित्यताको यथार्थतालाई स्वीकार गरी दुःखलाई अपनाउनु पनि सजिलो हुनसक्छ र अनात्मभाव वृद्ध गर्न धैरै-धैरै नै गाह्रो हुन्छ । अनित्य र दुःखलाई मात्र बुझेर अनात्मभाव हटाउन नसकेसम्म भिक्षु वा त्यागी नै भएतापनि यो अवस्थामा हिंडीरहनेहरूलाई नदी तर्न नसकेर नदी किनारतिर दौडिरहेकासम्म भन्न सकिन्छ ।[38] बुद्धले यसरी भनेका छन् -'आत्मवाद दृष्टिगत (मतवाद), दृष्टि गहन (विराट) जङ्गल, दृष्टिको काँढा (विसूक), दृष्टि जाल (संयोजन) हो । यस्तो जालमा परेका अज्ञानी नै जन्म जरा, मरण, शोक, विलाप, दुःख, दौर्मनष्य तथा हैरानीबाट मुक्त हुन सक्दैन, दुःख पिरदेखि मुक्त हुँदैन ।'[39] धर्मचक्र सूत्रमा दुई आत्मीयवादलाई छोडेर मध्यममार्गीय हुन जोडकासाथ देशना गर्दै बुद्धले मध्यममार्गको आध्यात्मिक दर्शन भूमिका रूपमा पञ्चवर्गीयहरूसमक्ष अनात्मलक्षण सूत्र देशना गरेका थिए । यसमा 'रूप अनात्म हो । यदि यो रूप आत्मा (आफूले भने जस्तो) भएको भए यो रूपमा रोगादि भय, मन नपर्ने पीडा नहुनु पर्ने हो । यो रूप यस्तो होस् भनेतापनि आफूले भने जस्तो नहुने, यो रूप यस्तो नहोस् भन्दा आफूले नभने जस्तो भएर आउने हुनाले यो अनात्म हो । वेदनामा रोगादि नहोस् भन्दा भएर आउने, संज्ञामा निरोगी आदि होस् भन्दा नहुने, संस्कार यसरी होस् भन्दा त्यसरी नहुने वा विज्ञान यसरी होस् भन्दा भनेअनुसार नभएर विपरीत तरिकाले हुने हुनाले यी सबै अनात्म हुन् भनी उपदेशआज्ञा गरेका छन् ।'

---

36 भिक्षु सुदर्शन, (पूर्ववत, पादटिप्पणी संख्या ७) ।

37 कोण्डन्य संघाराम, (पूर्ववत, पादटिप्पणी संख्या ३) ।

38 **ऐजन**, पृ. ५६ ।

39 **ऐजन**, पृ. ४० । दुण्ड बहादुर वज्राचार्य (अनु.),"सब्बासव सुत्त, क/२" **मज्झिमनिकाय**,(ललितपुर : वीर पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०४५) ।

रूप, वेदना आदि पञ्चस्कन्ध नित्य होइन, सारा अनित्य हुन्, अस्थिर हुन्, नित्य र ध्रुब होइनन् । संसारका सारा वस्तु नै संयोजित मात्र हुन् । त्यसैले सबै प्रतिपल, प्रतिक्षणमै प्रवाहमय हुँदैजान्छ, जुन गतिशील पनि हुन् । त्यसपछि यी क्षण प्रतिक्षण बदलिँदै परिवर्तनशील स्वभावमा डुबेर रहने गर्दछन् । धर्मसंस्कार आदि सारा का सारा नै हेतुद्वारा परिचालित भएर विकास हुँदैजाने हुनाले हेतु प्रत्यय (कार्यकारण) विनाको यहाँ त्यस्ता केही चीज छैन, कोही त्यस्ता पनि छैनन् । जुन अनित्य हो, दुःख र परिवर्तनशील हो, ती सबै दुःखदायक हुन् । त्यसैले 'यो मेरो हो', 'यो मेरो आत्मा हो' भनेर भन्नु भ्रम हो । रूप, वेदना, संज्ञा, संस्कार र वेदना सारा अनित्यले प्रभावित हुने हुनाले यी सबै दुःखकारक हुन्, जुन सबै अनात्म हुन् । वास्तवमा म, मेरो भनेको आत्मभाव एउटा व्यावहारिक अनुसार भनिएको मात्र हो । जस्तै कि यौटा गाडीमा यस्को पार्टपूर्जाको फरक-फरक नाम चिनिने गरिन्छ । त्यसैले बुद्धले यसरी आज्ञा गर्नुभएको देखिन्छ- 'पहिलेको, पछिको वा अहिलेको होस्, आफूमा भएका भित्रको वा बाहिरको, ठूलो वा सानो, अहितकारी वा हीतकारी, टाढाको वा नजिकको जस्तो सुकै होस्, रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान मेरो होइन, म होइन र मेरो आत्मा होइन भन्ने यथार्थ प्रकारले सम्यक प्रज्ञाले हेर्नुपर्दछ ।'[40]

## २.५ बुद्धकालीन प्रसिद्ध धर्म र दर्शन (ब्रह्मजाल सूत्र)

सुत्तपिटकअन्तर्गत दीघनिकायको सीलक्खन्धन वग्ग (शील लक्षण वर्ग) को प्रथम आरम्भिक सूत्र-'ब्रह्मलाज सूत्र' हो,[41] जुन सर्वाधिक महत्वपूर्ण सूत्रका रूपमा प्रचलित भएको पाइन्छ । यसमा बुद्धकालीन ६२ गटा विभिन्न प्रकारका दार्शनिक सिद्धान्त-मतका बारेमा विवेचना गरिएका छन् । यी सिद्धान्तहरूलाई मिथ्यादृष्टिको संज्ञा दिइएको छ । तात्कालीन धार्मिक एवं सामाजिक जीवनवृत्त यस सूत्रमा चित्रण गरिएको पाइन्छ । यसरी नै जीवन यापनका साधन, आमोद-प्रमोदको सौन्दर्य सामग्री, युद्धका प्रकारादि विषयहरूका सम्बन्धमा पनि राम्ररी वर्णन गरिएका छन् । ब्रह्मजाल सूत्रलाई संक्षिप्तमा यसरी चर्चा गर्नसकिन्छ-[42]

भगवान् शास्ता (बुद्ध) आफ्ना शिष्य भिक्षुगणका साथ राजगृह र नालन्दाको मध्यभागमा अवस्थित राजपथ हुँदै चारिका गर्दै अघि बढ्दै हुनुहुन्थ्यो, सोहीबेला परिव्राजक सुप्पियले आफ्ना शिष्य ब्रह्मदत्तसँग हिंड्दै बुद्ध, धर्म र संघको निन्दा-उपहास गर्दा शिष्यले ठीक उल्टो प्रशंसा गर्छ । यसै बारेमा

---

40 कोण्डन्य संघाराम, (पूर्ववत, पादटिप्पणी संख्या ३) पृ. ५७ ।

41 **ऐजन**, पृ. ६ । दुण्ड बहादुर वज्राचार्य(अनु.), "ब्रह्मजाल सूत्र, १/१", **दीघनिकाय**, (ललितपुर, वीर पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०४५)

42 कोण्डन्य संघाराम, (पूर्ववत, पादटिप्पणी संख्या ३) पृ. ६-९ ।

शिष्यहरूकाबीच कुराकानी चल्छ । यसपछि बुद्धले (प्राग्बुद्धकालीन) तथाकथित ६२ प्रकारका दार्शनिक मत-सिद्धान्तहरूको विवेचनासहित त्यसको व्यर्थता एवं असारताको बारे आफ्ना शिष्य-भिक्षुहरूलाई प्रकाश गरीराखेअनुसार दुईकिसिमका मतावलम्बीहरू रहेका छन् ।

(क) **पूर्वान्तकल्पिक** वा विगतमा घटित घटनाहरूको आधारमा निश्कर्ष निकाली निर्माण गरेका सिद्धान्त यिनीहरूले १८ वटा धारणालाई ५ वटा मतमा सीमित गरिराखेका छन् ।

(ख) **अपरान्तकल्पिक** वा भोलि भविष्यमा हुने कुराहरूको कल्पनागरी निर्माण गरिएको मत (यिनीहरूले ४४ वटा धारणालाई ५ वटै मतमा सीमित गरिराखेको) हुन् ।

(क) विगतमा घटित घटनाहरूको आधारलाई निश्कर्षबाट निर्मित सिद्धान्त (पूर्वान्तकल्पिक) यस प्रकार छन् :-

(१) **शाश्वतवाद** : आत्मा अमर हो भन्ने चारथरीका शाश्वतवादीहरू ।

(२) **नित्यता-अनित्यवाद** : ईश्वर अमर हुन्, हामी मात्रै नाशवान हौं भन्ने पाँचथरिका आंशिक शाश्वतवादी ।

(३) **सान्त- अनन्तवाद** : लोक (संसार) को विषयमा कल्पना गर्ने चारथरीका अन्त-अनन्तवादीहरू ।

(४) **अमराविक्षेपवाद** : कुन हो, कुन होइन भन्ने कुरामा अन्यौलमापरी यहीनै हो भन्ने निश्चित रूपमा सिद्धान्त नबुझेका चारथरीका अमराविक्षेपवादीहरू (अनेकान्तवादी) ।

(५) **अकारणवाद** : आत्मा र लोक भन्ने कुरा विना कारणले नै श्रृजना भएका हुन् भन्ने दुइथरिका अकारणवादीहरू ( अधिच्चसमुपवाद) ।

(ख) भविष्यमा हुने कुराको पहिल्यै कल्पनाबाट निर्मित मत (अपरान्तकल्पिक) यस प्रकार छन् :–

१) **उद्धमाधातनिका संज्ञावाद** : मरणान्तर वा मृत्युपश्चात् पनि आत्मासंज्ञी (होशपूर्ण) भइरहन्छ भन्ने १६ थरीका उद्धमाधातनिका संज्ञावादीहरू ।

(२) **उद्धमाधातनिका असंज्ञावाद** : मरणोपरान्त आत्माअसंज्ञी (बेहाशी) हुन्छ भन्ने ८ थरिका उद्धमाधातनिका असंज्ञावादीहरू ।

(३) **उद्धमाधातनिका नैवसंज्ञावाद** : मरणोपरान्त आत्मा न होशी हुन्छ न बेहाशीनै भनी मान्ने ८ थरिका उद्धमाधातनिका नैवसंज्ञानासंज्ञावादीहरू ।

(४) **उच्छेदवाद** : मरणोपरान्त आत्मा पूर्णरूपमैं खत्तम (बिलाउँछ) हुन्छ भन्ने सातथरिका उच्छेदवादीहरू ( नास्तिकवाद) ।

(५) **दृष्ट-धर्म-निर्वाणवाद** : यही जन्ममैं निर्वाण प्राप्त हुन्छ । (इहलोकमै जन्म - मरणको प्रवाह अन्त्य हुनु) भन्ने पाँचथरिका निर्वाणवादीहरू ।

उपरोक्त, ६२ प्रकारका दृष्टि-मतहरूका ब्यर्थता एवं असारता प्रकट गर्दै बुद्धले भ्रमपूर्ण तृष्णाको बसमा अल्भिएर (काम, भव, विभव तृष्णा) नै यी मत-दृष्टि-सिद्धान्त प्रतिपादन भएका हुन् भन्ने स्पष्टगर्नु भयो । जतिबेलासम्म यी ६२ प्रकारका मतहरूमध्ये कुनै न कुनै एक मतमा मात्र अल्भिन पुग्दा, फँस्दासम्ममा संसार चक्रबाट (भव) मुक्त नहुने परन्तु संसार चक्रबाट मुक्ति पाउन प्रतीत्यसमुत्पाद दर्शन वा कार्यकारण सिद्धान्त वा कारणकार्य सिद्धान्तलाई यथाभूत तवरमा बुभ्नुपर्ने र जसलेगर्दा शील, समाधि, प्रज्ञा र विमुक्ति ज्ञान दर्शन प्राप्त भई जीवन सार्थकतातिर अगाडि बढ्दै जाने हुन्छ ।

यस सूत्रको अन्त्यमा बुद्धका स्वकीय सचिव भिक्षु आनन्दले- "भन्ते ! यो धर्मदेशनाको नाम के होला ?" भनी प्रश्न गर्दा "आनन्द ! त्यसोभए यस देशनालाई **'अर्थजाल'** भनेर **'धर्मजाल'** भनेर **'ब्रह्मजाल'** भनेर **'दृष्टिजाल'** भनेर पनि चिन, धारण गर; अनि यसलाई **'अनुत्तर संग्राम विजय'** (अलौकिक/लोकोत्तर) भनेर पनि धारण गर ।"

## २.६ प्रतीत्यसमुत्पाद (द्वादस निदान)

**प्रतीत्यसमुत्पाद**[43] धर्मलाई बुद्धको मौलिक सिद्धान्त मानिन्छ । जीव र जगतसम्बन्धी सृष्टीलाई हेतुप्रत्यबाट उत्पन्न भएको मानिन्छ । अविद्याको कारणले संस्कार, संस्कारको कारणले विज्ञान, विज्ञानको कारणले नामरुप, नामरुपको कारणले षडायतन, षडायतनको कारणले स्पर्श, स्पर्शको कारणले वेदना, वेदनाको कारणले तृष्णा, तृष्णाको कारणले उपादान, उपादानको कारणले भव, भवको कारणले जाति, जातिले जरा, मरण, शोक, परिदेव, दुःख दौर्मनष्य, उपायासको उत्पत्ति हुन्छ । यसरी निरन्तर प्रवाहित हुने कार्यकारणको चक्रिय नियमलाई प्रतीत्यसमुत्पाद भनिन्छ । यही धर्मस्थिति नै धर्मनियमता हो, जसलाई अवबोध गरी बुद्धले सर्वज्ञ बुद्धत्व लाभ गर्नुभयो ।

मज्भिमनिकायको महाहत्थिपदोपम सुत्तअनुसार "**यो पटिच्चसमुप्पादं पस्सति सो धम्मं पस्सति, यो धम्मं पस्सति सो पटिच्चसमुप्पादं पस्सति** अर्थात जसले प्रतीत्यसमुत्पादलाई जान्दछ/देख्दछ, उसले

43 भिक्षु रेणुकाने चन्दविमल, **प्रतीत्यसमुत्पाद**, (अनु. भिक्षु धर्ममूर्ति), काठमाडौं : मोतिरत्न तुलाधर परिवार, वि.सं. २०५५ । महाशी सयादो, **प्रतीत्यसमुत्पाद महान उपदेश**,(अनु.भिक्षु ज्ञानपूर्णिक, महास्थविर), ललितपुर : सन्ति सुखावास, वि.सं. २०५५ । विस्तृत अध्ययनका लागि उपयोगी देखिन्छ ।

धर्मलाई देख्दछ/बुझ्दछ, जसले धर्मलाई देख्दछ, उसले प्रतीत्यसमुत्पादलाई देख्दछ ।"[44] भनी देशित बुद्धवचनअनुरुप प्रतीत्यसमुत्पादको महत्व एवं उपादेयता बारे स्पष्ट हुन्छ ।

संयुक्तनिकायमा उल्लेखभएअनुरुप बुद्धत्व प्राप्त हुनअघि बोधिसत्व अवस्थामा-"यो लोक दुःखमा परिरहेको छ । जन्म हुन्छ, वृद्ध हुन्छ, मृत्यु हुन्छ, च्यूत हुन्छ, पुनः जन्म हुन्छ । जरामरणको यस दुःखबाट निःशरण थाहा पाउन सकेको छैन । अहो ! जरामरणको दुःखबाट छुट्कारा पाउने कुरा मैले कहिले पत्ता लगाउने ?" भन्ने भावना उब्जियो । "भिक्षुहरु ! त्यसपछि मलाई लाग्यो- के भएमा, के कारणले जरामरण हुन्छ ? भिक्षुहरु ! त्यसपछि मैले योनिशोमनसिकार गरी (उचित ढङ्गले) विचार गरेपछि प्रज्ञा उत्पन्न भयो । मलाई थाहा भयो कि जाति (जन्म) भएपछि जरामरण हुन्छ । जन्म भएकोले नै बुढो भई मृत्यु भएकोहो ।" यसरी बोधिसत्वले योनिशोमनसिकार गरी एकपछि अर्को कारण पत्ता लगाउँदै गए । जन्म किन हुन्छ ? भव भएकोले हुन्छ । भव उपादानले हुन्छ । एवंप्रकारले क्रमशः तृष्णा, वेदना, स्पर्श, षडायतन, नामरुप, विज्ञान, संस्कार, अविद्या ..... एकले अर्कोलाई उत्पन्न गराइरहेको हुन्छ । यसरी अविद्याको समुदयले संस्कारको समुदय हुन्छ, संस्कारको समुदयले विज्ञानको समुदय हुन्छ, विज्ञानको समुदयले नामरुप समुदय .....एवं प्रकारले जन्म जरामरण आदि केवल दुःखस्कन्धको समुदय हुन्छ । त्यस्तै अविद्याको निरोधले संस्कारको निरोध, संस्कारको निरोधले विज्ञानको निरोध ..... एवं प्रकारले जन्मको निरोधले जरामरणको निरोध भई सम्पूर्ण दुःखस्कन्धको निरोध हुन्छ । यही प्रतीत्यसमुत्पाद ज्ञान हो, जसलाई प्राप्त गरी बुद्ध भएकाले- "भिक्षुहरु ! समुदयले समुदय बन्ने कुरा ..... निरोधले निरोध हुने कुरा जुन पहिले कहिल्यै नसुनेको धर्ममा चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ...... ।"[45] भनी उपदेश गरेका थिए ।

यसरी नै बुद्धका उपदेशलाई व्याख्यान एवं परिभाषित गरिंदा **चतुब्रह्म विहार** (मैत्री, करुणा, मुदिता, उपेक्षा), **अनात्मवाद**, **अभौतिकवाद**, **अनीश्वरवाद**, **दशअकथनीय**, **विचार स्वतन्त्रता**, **सर्वज्ञता**, **निर्वाण** आदि पक्ष महत्वपूर्णका साथै विशेषता नै भएको हुँदा ती पठनीय, अभ्यासलायक पक्ष हुन् ।

---

44 दुण्ड बहादुर वज्राचार्य (अनु), **मज्झिमनिकाय**, (ललितपुर : वीर पुस्तक संग्रहालय, वि.सं. २०५४), पृ. १५४ ।

45 दुण्ड बहादुर वज्राचार्य (अनु), **संयुक्तनिकाय**, (ललितपुर : वीर पुस्तक संग्रहालय, वि.सं. २०४५), पृ. २७७ ।

## २.७ महापरिनिर्वाण

त्रिपिटकअन्तर्गत दीघनिकायको महावर्गको तेस्रो सूत्र हो- **'महापरिनिब्बाण-सुत्त'** अर्थात् महापरिनिर्वाण-सूत्र । यो सूत्र सम्भवतः दिघनिकायको सबैभन्दा बढी महत्वले भरिएको सूत्र हुनसक्छ । भगवान् बुद्धले बुद्धत्व प्राप्त गरिसकेपश्चात् ४५ वर्षसम्म अनवरत रूपमा धर्म-दर्शन प्रचार-प्रसार (संचार) गरेको अन्तिम वर्ष (४८३ ई.पू. तिर) का बारे पूर्ण विवरण समेटिएको, बुद्धको जीवनको अन्तिम घडी (महापरिनिर्वाण शय्या) बडो मार्मिक ढंगले मुटु बिभ्ने (मर्मस्पर्शी) तवरको कारूणिक दृश्य-यथार्थ चित्रण यस सूत्रमा उल्लेख भइराखेको छ ।[46]

७९ औं बसन्त पार गरी ८० औं वैशमा पाइला टेकेका बुद्धको शारीरिक बनावट परिवर्तन हुँदैजान्छ, अनुहारमा माँसपेशी खुम्चिदै चाउरी पर्दैजाने हुन्छ, गालाका हाडमाथि फोका उठेझैं देखिन्छ, शारीरिक अस्वस्थता देखापर्छ, भलाकुसारी हेरचाह गर्नुपर्ने स्थिति पैदा हुन्छ, टाउको (शीर दर्द) दुख्ने, जिउ (ढाड) दुख्ने हुन्छ, वृद्धताले निम्त्याउँछ, बुढोभएझैं महसूस हुन्छ, शारीरिक रूपले सन्चो नभएतापनि मानसिक रूपमा सतर्क एवं सजगता अपनाएर बस्छ । दाहिने हात, देब्रे हातझैं भूमिका निर्वाह गरीराखेका सारिपुत्र र मौद्‌गल्यायन पहिले नै परिनिर्वाण भैकेका हुन्छन् । राजउपासक राजा प्रसेनजित (कोशल) बितिसक्छ भने राजगृहका मगधापति राजा बिम्बिसार आफ्नै छोरो अजातशत्रुद्वारा जेलमा यातना भोगीराखेका हुन्छन्, यसरी नै महाउपासक अनाथपिण्डिक पनि देहावसान भैसकेको हुन्छ ।[47] बुद्ध राजृगहस्थित गृधकूट पर्वतमा विराजमानावस्था, राजा अजातशत्रुले प्रभावशाली वज्जी (लिच्छवी) हरू माथि पुनः पुनः आक्रमण गर्दै रहँदा पनि सफलता हासिल गर्न नसकेपछि आफ्ना मन्त्री वर्षाकारलाई बुद्धसमक्ष सफलता प्राप्तिको माध्यम के होला भनी सोधनी गर्न पठाउँदा दिएको सात अपरिहाणीय उपदेश उल्लेखनीय देखिन्छ :

### सप्त अपरिहाणीयधर्म

१) बराबर नित्यरूपले सम्मतिका लागि संगठित, एकतृत एवं समागम हुने (सन्निपात बहुल) ।

२) सधै एकतृत एवं संगठित भएर बस्ने ।

३) गैरकानूनी (अप्रज्ञप्त) काम कुरा त्याग गर्ने प्रज्ञप्त कुरालाई निरन्तरता दिँदैजाने ।

४) आफूभन्दा ठूला व्यक्तिहरूलाई मान-सम्मान, आदर-सत्कार तथा मानमर्यादा राख्ने ।

---

46 कोण्डन्य संघाराम, (पूर्ववत, पादटिप्पणी संख्या ३) पृ. २२-२८ ।

47 कोण्डन्य, "बुद्धको अन्तिम यात्रा", **आनन्दभूमि**, वर्ष ३३ अंक १, पृ. २३-२८ ।

५) परस्त्री गमनबाट टाढिने महिलाहरूलाई इच्छा विरूद्धमा जवर्जस्ती करणी नगर्ने (इच्छाविरूद्ध जवर्जस्ती)।

६) नगरभित्र-बाहिर रहेका पूजनीय चैत्यको (स्तूप) पूजा-सत्कार गरी यथावत राखी नष्ट हुनबाट रोक्ने (धार्मिक देव-देवालय, विहार आदि सांस्कृतिक सम्पदाको संरक्षण एवं संवर्द्धन)।

७) अरहतहरूका लागि उचित धार्मिक रक्षा (धर्मगुरू वा आध्यात्मिक गुरूहरूका लागि उचित सम्मान)।

उपरोक्त सातवटा बुँदालाई जबसम्म वज्जीहरूले पालना गर्दै रहने हुन्छन् त्यतिबेलासम्म उनीहरूको उत्तरोत्तर उन्नति, प्रगतिका साथै अभिवृद्धि नै भइरहने हुन्छ। जो- कसैले पनि उनीहरूमाथि विजय हाँसिल गर्न सक्दैन भनी बुद्धले वर्षाकारलाई स्पष्टीकरण दिन्छ। यसपछि बुद्धले भिक्षुहरूका परिषदमा 'भिक्षु संघ' कसरी सुब्यवस्थित पार्ने, कसरी भविष्यसम्मन सुचारू रूपले निरन्तरता दिँदैलाने भन्ने सवालमा तीन तवरबाट सप्त अपरिहाणीयधर्म देशना गर्दै लगे।

बुद्धले वेलुवग्राम (वेणुग्राम) मा अन्तिम वर्षावास बिताइरहँदा बीचैमा उनलाई ठूलो रोग-व्याधिले सताउँछ, रोगले धेरै च्यापेर मरणान्तक पीडा-वेदना (दर्द) हुन्छ। केही स्वस्थतासँगै **'आनन्द ! भिक्षुसंघले मबाट के आशा लिएर बसेका छन् ? मैले भित्र-बाहिर केही नछुपाइकन (नरहर्नेगरी) धर्मोपदेश गरेको छु। तथागतको धर्म अनुशासनमा आचार्यमुष्टि (रहस्य) छैन। मबाट केही उपदेश दिन बाँकी रहेकोछ र ? म वृद्ध भएँ, ८० वर्षमा पाइला टेक्ने समय नजिकिँदै छ, आनन्द ! जसरी विग्रिएर थोत्रो भैसकेको पुरानो (जीर्ण) गाडी यताउती बाँधी चल्ने हो त्यसरी नै मेरो शरीर पनि बल्ल-तल्ल मात्र चलिरहेको छ।'** भनी एकदमै कारूणिक भाकामा पुनः- **'आनन्दो ! अत्तदीपो भवो अत्त सरणा, न अनञ्ञ सरणा** अर्थात् आफ्नै आफ्नो द्वीप (ज्योति) भई, आफ्नै शरण धारण गर (स्वावलम्बी बन), अरुहरूको शरण पर्ने होइन, धर्म-शरण भएर कायानुपश्यी (शरीरलाई गहिरिएर अध्ययन गर्ने), वेदनानुपश्यी (सुख, दुःख न सुख-न दुःख), धर्मानुपश्यी (स्वभाव धर्म जान्ने) र चित्तानुपश्यी (मनोभाव, मनोवृत्ति ) भई संयमित बनेर होश र स्मृतिलाई निरन्तरता दिँदै संसारको अनुचित लोभ तथा दौर्मनष्यलाई जितेर जीविकोपार्जन गरीरहुन्जेल ती भिक्षुहरू (व्यक्ति) अग्रज भइरहने हुन्छ,न्, शिक्षाकामी बनिरहने हुन्छन्।' भनी उपदेश गरे। वैशालीका सबै भिक्षुहरू उपस्थानशालामा समागम हुँदा- (क) चार स्मृतिप्रथात, (ख) चार सम्यक् प्रधान, (ग) चार ऋद्धिपाद, घ) पाँच बल' तथा **'सबै संस्कारहरू नाशवान (व्यर्थ धर्म) हुन्, अप्रमादी (होशियार, सजग) भएर सम्पादन गर।'** भनी उपदेश दिए।

बुद्धको परिनिर्वाण हुनै लागेको अन्तिमावस्था (मरणाशैय्या) मा पुगीसकेका बेला उनबाट अन्तिम वचनस्वरूप ब्यक्त हुन्छ- **'हन्द दानि भिक्खवे, आमन्तयामि वो- वय धम्मा संखारा अप्पमादेन सम्पादेथा'ति । अयं तथागतस्स पच्छिमा वाचा ।'** अर्थात् हन्द (सम्बोधन) भिक्षुहरू ! अब तिमीहरूलाई आमन्त्रण गर्छु- संस्कार ब्ययधर्म ( नाशवान) हुन् अप्रमादी (सजग र स्मृति राखेर) भएर सम्पादन गर। यो नै तथागतको, अन्तिम वचन हो।[48] यसरी ई.पू. ४८३ मा ८० वर्षको उमेरमा कुशीनगरमा भगवान् बुद्धको महापरिनिर्वाण भयो ।[49]

## २.८ महापरिनिर्वापछि बुद्धधर्ममा देखिएको परिवर्तन

शाक्यमुनि बुद्धको महापरिनिर्वाणपश्चात् एक सप्ताह नबित्दै खुशीयाली मनाउने सुभद्र प्रवृत्तिरूपी विकृति, विचलन एवं असंयमपनाले आर्यश्रावक महाकाश्यप महास्थविरलाई मानसिक संवेग उत्पन्न भएअनुरूप अधर्मको वृद्धि, धार्मिक अर्थको ह्रास, विनयको ह्रासलाई ठम्याउन धर्म र विनयको संगायना गर्ने अभिप्राय बोकी महापरिनिर्वाण वर्षभित्रै राजगृहमा ५०० भिक्षुहरूको सहभागितामा प्रथम धर्मसंगायना (महाधिवेशन) गरी बुद्धवचनलाई संग्रह गरी एकाबद्ध गर्ने संगीति वा संगायना भएको थियो । सयवर्षपछि वैशालीमा भएको द्वितीय धर्मसंगायनामा आचारसम्बन्धी विवाद उठ्यो भने इश्वीपूर्व तेस्रो शताब्दीमा सम्राट अशोकको शासनमा पाटलीपुत्रमा भएको संगायनापछि स्पष्टरूपमा बुद्धअनुयायीहरूकाबीच विग्रहपूर्ण फूटको रेखाङ्कनले महासांघिक छुट्टै नयाँ धारमा देखा पर्न गए र पुराना श्रावक स्थविरहरू स्थविरवादी/थेरवादीकारूपमा देखिए । बुद्धद्वारा प्रतिपादित धर्म र विनयको मर्मलाई यथावत् रूपमा निरन्तरता दिंदै कट्टरवादीका रूपमा अगाडि बढ्ने थेरवादी (स्थविरवादी) तथा देश, काल, र परिस्थितिअनुरूप संशोधन, गरिंदै अगाडि बढ्ने महासांघिक कहलिए । समय अन्तरालसँगै यिनीहरूकाबीच मतअभिमतका कारण १८ वटा सम्प्रदायमा विभक्त भए ।[50] बुद्धको महापरिनिर्वाणको सयवर्षपछि वैशाली-निवासी वज्जिपुत्तक (वृज्जिपुत्रक) भिक्षुहरुले प्रथम संगायनाको निर्णयविपरीत निम्न उल्लेख्य १० वटा वस्तुहरु व्यवहारमासमेत प्रयोग गरी प्रचार गर्दथे-[51]

!= g"g gkfOg] 7fpFdf hfg'kg]{ ePdf Pp6f l;Ëe/ g"g jf g'lgnf] vfBkbfy{ af]s] x'G5
->[lË– nj0f–sNk_ .

---

48 कोण्डन्य संघाराम, (पूर्ववत पाद टिप्पणी संख्या ३), पृ. २२-२८ ।

49 राहुल सांकृत्यायन, (पूर्ववत पाद टिप्पणी संख्या १), पृ. ४८४ ।

50 कोण्डन्य संघाराम, **संक्षिप्त दीघनिकाय व मज्झिमनिकाय**, (यें : ज्ञानज्योति कंसाकार ..., वि.सं. २०५६), पृ. २ ।

51 राहुल सांकृत्यायन, (पूर्ववत पाद टिप्पणी संख्या १), पृ. ५१८ । राहुल सांकृत्यायन, **विनयपिटक** (सारनाथ : महाबोधि सभा, इ.सं. १९३५), पृ. ५४८ । P.B. Bapat(ed), **2500 Years of Buddhism**, (New Delhi : Government of India, 1956 A.D.), p.9.

२. मध्यान्हको समयमा दुई अङ्गुल छायाँभरले नाघेपछिसम्म भोजन गरे हुन्छ (द्वि-अङ्गुल-कल्प) ।

३. धेरै टाढा गाउँवस्तीमा जानुपर्ने भएमा पुनः दोहऱ्याएर भोजन गर्न सकिन्छ (ग्रामान्तर-कल्प) ।

४. एउटै सीमागृहअन्तर्गत पर्ने ठाउँमा आवासीय भिक्षुहरुले छुट्टाछुट्टै संघ उपोसथ कर्म गरे हुन्छ (आवास-कल्प) ।

५. पछि आउने भिक्षुहरुसँग पुनः अनुमति लिने मानसिकताले पहिल्यै उपस्थित समूह भिक्षुहरुले उपोसथ कर्म गरे हुन्छ (अनुमति-कल्प) ।

६. आफ्ना आचार्यउपाध्यायहरुले गर्ने कुनै काम देखासिखि गरी नबुझिकनै नक्कल गरे हुन्छ (आचीर्ण-कल्प) ।

७. पुग्यो भनी प्रतिक्षेप गरिसकेको दूध जमेर दही नहुँदै पिए हुन्छ (अमथित-कल्प) ।

८. पूर्णतः जाँडरक्सी नबनेको अवस्था, कुह्याउनका लागि राखिएका फलफूल वा अन्नको रसपान गरे हुन्छ (जलोगी पान) ।

९. सँजाप वा किनारा नभएको लम्पट या चकटी प्रयोग गरे हुन्छ (अदसक-निसीदन) ।

१०. संघलाई लक्षित गरी दानप्राप्त सुनचाँदी धारण-ग्रहण गरे हुन्छ (जातरुप-रजत) ।

त्यसो त चुल्लवग्गको सप्तसतिका स्कन्धकअनुसार पनि बुद्धको महापरिनिर्वाण भएर सयवर्षपछि बौद्ध भिक्षुहरु दुई निकाय (सम्प्रदाय)मा विभक्त भएका थिए भने पालिभाषाअन्तर्गत कथावत्थु-अट्ठकथा, दीपवंस, महावंस तथा अरु केही ग्रन्थअनुसार बुद्धको निर्वाण भएर २२० वर्षपछि (ई.पू. ३८३) सम्राट अशोकको समयमा महासांघिक तथा स्थविरवादी भिक्षुहरुबीच धर्म र विनयसम्बन्धी विवादकै कारण १८ वटा निकायमा विभक्त भएको देखिन्छ ।[52] भनिन्छ बुद्धको महापरिनिर्वाणको सयवर्षपछि द्वितीय संगीतिमा विनयसम्बन्धी जुन मतभिन्नता देखापऱ्यो त्यसैबाट भिक्षु संघमा दुई निकायको सृजना भयो । स्थविरवादी भिक्षुहरु बुद्धद्वारा उपदेशित विनयमा केही पनि परिवर्तन नचाहने पक्षधर थिए भने अर्कोपक्ष केही केही परिवर्तनका पक्षधर थिए र यस पक्षमा बहुसंख्यक भिक्षुहरु पनि थिए । यही मतभिन्नता नै

52 राहुल सांकृत्यायन, **विनयपिटक** -भूमिका, (सारनाथ : महाबोधि सभा, इ.सं. १९३५), पृ. २ । राहुल सांकृत्यायन, (पूर्ववत पाद टिप्पणी संख्या १), पृ. ५१८ ।

स्थविरवाद र महासांघिकहरुको उद्‌गमको कारण बन्यो ।[53] कथावत्थु-अट्ठकथाअनुसार विभक्त निकायभेद निम्नानुसार भएको देखिन्छ-[54]




यसरी नै चीनिया भाषामा अनुवादित भदन्त वसुमित्र-प्रणीत अष्टादशनिकाय ग्रन्थअनुसार विभक्त १८ निकाय निम्नानुसार भएको देखिन्छ ।[55]

---

53 भिक्षु सुदर्शन, **बौद्ध संस्कृति**, (काठमाडौं : श्रीकीर्ति बौद्ध केन्द्र, कीर्तिपुर, वि.सं. २०५५), पृ. १३३ ।

54 राहुल सांकृत्यायन, (पूर्ववत पाद टिप्पणी संख्या ४२), पृ. २ ।

55 **ऐजन**, पृ. ३ । डा. गोविन्दचन्द्र पाण्डेय, **बौद्धधर्मके विकासका इतिहास**, द्वितीय संस्करण, (लखनऊ : हिन्दी समिति, सूचना विभाग, इ.सं. १९७६), पृ. १७६-१७८ अनुसार निकायभेद क्रम : दीपवंश, शारिपुत्रपृच्छासूत्र तथा भव्यअनुसार भनी गरिएको पाइन्छ ।




थेरवाद र महासांघिक प्रमुख सम्प्रदायबीच प्रचारप्रसारका सवालमा सम्भवतः ठूलो प्रतिस्पर्धात्मक अवस्थाले ठूलो र सानोको मानसिकताको विकास हुनपुग्यो । "अहिले **ज्ञेयावरण** दर्शन फैलिन चारपाँच शाताब्दी बाँकी नै छ । बुद्धयान र श्रावकयान शब्दको ठाउँमा बरु यदाकदा मधुर आक्षेप र विक्षेपमा परस्पर तिमीहरू महायानी तिमीहरू हीनयानी शब्द प्रयोग गर्न लागेको थियो । शनैः शनैः त्यसै त्यसै प्रयोग गरेका **महायान** र **हीनयान** शब्द निकायवाचक बन्न कैयौं शताब्दी लाग्यो । महायानका मूलभूत एवं प्रारम्भिक दर्शनका ग्रन्थहरूमा र पछिल्ला पालि ग्रन्थ्रहरूमा समेत यी महायान र हीनयान शब्दको आधिकारिक रूपबाट उल्लेख भएको उपलब्ध नहुनु नै यसको अर्को प्रमाण हो ।"[56] बुद्धधर्ममा १८ निकाय बन्दासम्म भिक्षुहरू बुद्ध, प्रत्येक बुद्ध र श्रावकधर्म इच्छानुसार स्वीकार गर्दथ्यो ।[57] इत्सिङ्गस्वयं हीनयानी थिए । उनको शब्दमा १८ निकायहरूमा को को महायान र हीनयान अनुशरण गर्ने भनी छुट्याउन गाह्रो छ ।[58] हुन त निर्वाण मार्गसम्बन्धी लचिलो अवधारणा बोक्ने भन्ने अर्थमा थेरवादीलाई **हीनयानी** भनियो भने महासांघिकवादीहरू आफ्ना मार्गलाई उच्चताको आदर्श दिई **महायानी** भन्न थाले । वस्तुतः पालि त्रिपिटक साहित्य, दीपवंश र

---

56 भिक्षु सुदर्शन, **पद्मपाणी बोधिसत्व**, (ललितपुर, रत्नमान शाक्य र अरू, वि.सं. २०३६), पृ. १४-१५ ।

57 भीमराव अम्बेडक, **भारतय् बुद्धधर्मया उत्थान व पतन** (अनु. सुदर्शन श्रामणेर), (काठमाडौं : श्रद्धालु दाता, वि.सं. २०१४), पृ. ८ ।

58 आचार्य नरेन्द्रदेव, **बौद्धधर्म और दर्शन**, (पटना : विहार भाषा परिषद्, इ.सं. १९५६), पृ. १०६ ।

महावंश समेतमा यी यानको उल्लेख भएका छैनन् भने महायान र हीनयान शब्दको प्रथम प्रयोग **सद्धर्मपुण्डरीकसूत्र**मा (ईश्वीको प्रथम शताब्दीको पूर्वदेखि पहिलो शताब्दी) भएको देखिन्छ ।[59] बुद्धको महापरिनिर्वाणको ७०० वर्षपछि मात्र यान अस्तित्वमा देखिएका थिए[60] भने ईश्वी १९५० मा आएर सबैयान सम्मिलित विश्व बौद्ध भातृत्वसंघको अन्तर्राष्ट्रिय सम्मेलनमा **हीनयान** शब्दको प्रयोग नगर्ने सर्वसम्मतिबाट पारित गरिएपछि **थेरवाद** शब्दनै अस्तित्वमा देखियो भने हीनयानको शब्दतः अस्तित्व मेटिएकै मान्नुपर्छ ।[61] धनवज्र वज्राचार्यले लिपिकाआधारमा अंशुवर्मा वा त्योभन्दा अघिको पनि हुनसक्ने अनुमान गरेअनुरूप नेपालमा स्पष्टतः महायान शब्दको उल्लेख ललितपुरको चपःटोलको अभिलेखमा पाइएको छ ।[62] वस्तुतः बुद्धधर्ममा कुनैपनि यान हुनु उचित होइन किनकि बुद्धवचनमा त्रिकालसत्य कुरा धेरै छन् । त्यस्ताकुराहरुलाई अपनाउन सकियो भने बुद्धधर्ममा कुनै यानको त्यति उचितता नै रहने छैन । यान त व्यक्तिगत स्वार्थ र अवधारणाका लागि पनि हुन सक्दछ । यसलाई खुल्ला सोचनीय विषय बनाउन सकिन्छ । वर्तमान नेपालमा अवस्थित अखिल नेपाल भिक्षु महासंघले स्थविरवादी भन्नाले भगवान बुद्धको महापरिनिर्वाणपछि भएको प्रथम संगायना देखिको थेर (स्थविरवादी परंपराअनुसार बुद्धधर्मको विनयानुकुल धारणा र पालना गर्ने) सम्झनु पर्छ भनी परिभाषित गरेको छ ।[63]

---

59 T.W. Rhys Davids- **Buddhism**, 1992, p. 209 का अुनसार सद्धर्मपुण्डरीक इ.पू. प्रथम शताब्दीमा जीवित रहेका भिक्षु मञ्जुश्रीले लेखेका थिए भन्ने रिस डाभिड्सका भनाई रहेको छ ।

60 Piyadassi Thera, **The Spectrum of Buddhism**, (Taiwan, Reprinted by The Corporate Body of the Buddha Educational Foundation, 1996 A.D.) P. 428 The first mention of the terms Mahāyāna and Hīnayāna is found in the Sutra of the Lotus of the Sublime Law (Saddharmapundarika Sutra, 1st century B.C.-1st century A.C.). But these yānas are not found anywhere in the Pali Canon, the Tipiaka, or in the Pali literature. Not even the Dīpavamsa, and the Mahāvamsa, the Pāli chronicles of Sri Lanka, mention them. ... So it was about 700 years after the passing away of the Buddha that the two terms Mahāyāna and Hīnayana were introduced.

61 **Ebid**, In 1950 when the World Fellowship of Buddhisst (WFB) was inaugurated in Colombo, Sri Lanks, the members of the WFB from both the East and and West unanimously decided to drop the contemptuously used term "Hīnayāna: when referring to Theravada Buddhism existing today. Therefore, as of now, there is no Hīnayāna sect in existence anywhere in the world. It has fallen into oblivion.

62 धनबज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, (काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३), पृ. ५०७ । **गन्धकुटीप्रतिसंस्करणाय तदप्रयोजने च चातुर्विंश (महायानप्रतिपन्नार्य्यभिक्षुणीसड.घपरिभोगायाक्षयणीवी प्रतिपादिता पनप्फुनाम ।**

63 अखिल नेपाल भिक्षु महासंघको विधान २०४७, परिच्छेद् १, धारा २ ख, (काठमाडौं : अ.ने.भि.महासंघ वि.सं.२०४८), पृ. १ ।

# परिच्छेद तीन

# नेपालमा बुद्धधर्मको संक्षिप्त इतिहास

## ३.१ नेपालमा बुद्धधर्मको ऐतिहासिकता

बुद्धत्वको ज्ञानप्राप्ति पश्चात् ४५ वर्षसम्म अनवरतरूपमा धर्मप्रचार प्रसार गर्ने क्रममा तथागत बुद्धस्वयं कपिलवस्तु र देवदह पुगेका, त्यहाँ विहार बनेका, कपिलवस्तु देवदहका थेरीहरू रहेको प्रमाणबाट बुद्धको विद्यमानावस्थामैं नेपालमा बुद्धधर्मले प्रवेश गरिसकेको छ भन्न सकिन्छ ।[64] उनी पहिलो पल्ट आएर न्यग्रोधाराममा बसेको बेला नै नेपालमा बौद्ध धर्मको प्रथम प्रवेश भएको तथ्य, बुद्धकालीन कपिलवस्तु, लुम्बिनी, कोलीय क्षेत्र नेपाल अधिराज्यको भूभागअन्तर्गत परिरहेको भौगोलिक र ऐतिहासिक वस्तुस्थिति, सूत्र, गाथा, उदान, जातक कथा, धम्मपद, जातक अर्थकथा, प्रश्नको जवाफको रुपमा दिएका उपदेशहरुबाट बुद्ध पटक पटक कपिलवस्तु कोलीय क्षेत्रमा पनि आएको चर्चा त्रिपिटक र अर्थकथाहरूबाट सिद्ध हुन्छ भने यसरी नै प्राप्त बौद्ध ग्रन्थ, नेपालको इतिहास र वंशावलीको आधारमा नेपालमा बुद्धधर्मको प्रारम्भ बुद्धको जीवन कालमै भएको थियो ।[65] चीनिया यात्री फाहियान (इ.३९९-४१३) ले कपिलवस्तु (म कि-वि-लो-वि) मा जति श्रमणहरू थिए, तिनीहरू पथप्रदर्शकको रूपमा काम गर्दथे भनी उल्लेख गर्नाले स्थविरवाद थियो भन्ने नै पुष्टि हुन्छ ।[66] त्यसो त लिच्छविकालमा थेरवादी र महायानी २००० भिक्षुहरू अध्ययन गर्दछन् भन्ने चीनिया यात्री ह्वेनसाङ्ग (इ. ६२९-६४४) को यात्रा वृत्तान्तले पुष्टि गर्दछ ।[67] यसरी नै उनले कपिलवस्तु (Kie-pi-lo-fa-su-tu) मा हजारभन्दा बढी भत्केबिग्रेका विहारहरु र ३० जजा स्थविरवादी भिक्षुहरू पनि देखेका थिए । किराती राजा जितेदास्तीका राज्यकालमा भगवान् बुद्ध काठमाडौं उपत्यकामा आएर १३५० शिष्यहरूसहित स्वयम्भू डाँडाको पश्चिमस्थित पुच्छाग्र चैत्य रहेको ठाउँमा बसेको चर्चाबाट किरातकालमै बुद्धधर्मको इतिहास अति गौरवपूर्ण रहेको प्राचीनतम धर्मको रूपमा मान्न इतिहासकारहरू समर्थ देखिएका छन्

64 भुवनलाल प्रधान, **नेपालमा बौद्धधर्म**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४५), पृ. २१ ।

65 **ऐजन**, पृ. २९ ।

66 **ऐजन**, पृ. १०४ ।

67 Samuel Beal, **Buddhist Records of the Western World (Translated from the Chinese of Hiuen Tsiang, A.D. 629,** Book II, (Delhi: Motilal Banarasidass, 1994 A.D.), pp. 80/81, There are about 2000 priests, who study both the Great and Little Vehicle.

।[68] नेपालमा बुद्धधर्मको प्रवेश, अझ नेपाल उपत्यकामा बुद्धधर्मको प्रवेश सर्वप्रथम कुन बेला भयो भन्ने प्रश्नले केही जिज्ञासा पनि जन्माएका छन्, जुन अस्वाभाविक मान्न सकिन्न । उपत्यकामा भिक्षुहरूको भ्रमण र यहाँ स्थायी बसोबास गर्न आइपुगेका शाक्य, कोलीय, वृज्जिक, लिच्छवि, मल्ल आदिको प्रवेशले नेपाल उपत्यकामा थेरवादी बौद्ध वातावरण सिर्जना गर्न सघाएको थियो भन्नु अतिशयोक्ति नहोला । यिनीहरु सभ्य र सुसंस्कृत तथा कालिगढी, कृषि, व्यापारिक कार्यमा समेत निपूण भएका हुनाले तात्कालिक समाजमा आफ्नो प्रभाव जमाउन उनीहरुलाई खास कठिनाई आइ परेन । विस्तारै विस्तारै शाक्य, कोलीय, वृज्जिक, लिच्छवि, मल्ल आदिको यहाँ स्थानीय वासिन्दाहरुसँग हेलमेल र सहवासले एउटा नयाँ सम्प्रदाय थेरवादको जन्म भयो ।[69] इश्वी सातौं शताब्दीको सुरूमा जिनमित्रद्वारा रचित **मूलसर्वास्तिवादविनयसूत्र**अनुसार कोशलराजा विडूडभबाट कपिलवस्तुमा आक्रमणपश्चात् धेरै शाक्यहरू काठमाडौं उपत्यकामा बेपारीहरूसँगै भिक्षुहरू पनि आएको विवरण, भिक्षु आनन्दको हातखुट्टाका औंलाहरू तुसारोले खाएको चर्चा[70] लाई दृष्टिगत गरिंदा इ.पू. छैठौं-पाँचौं शताब्दीमै भारतबाट भिक्षुहरूको आवतजावत हुने गर्थ्यो भन्ने अनुमान गर्न सहजता देखिएतापनि स्वयंबुद्ध नेपाल मण्डल उपत्यकाको भ्रमणमा आए वा आएनन् किटानका साथ दावी गर्न कठिन छ । आनन्दको नेपाल भ्रमण बारे पनि चर्चा गर्दा यही समस्या आइपर्छ ।[71] तर त्यतिबेला नेपाल भारततर्फको श्रावस्तीका व्यापारीहरुको थलो भएको एवं व्यापारीहरुका साथमा भिक्षुहरु पनि उपत्यकामा आएको बारेमा उपलब्ध विवरण यस प्रकार रहेको छ :[72]

"प्रथमतः भगवान् बुद्ध श्रावस्तीमा बसिरहेको बेला केही बौद्ध भिक्षुहरु व्यापारका लागि नेपालतिर जान लागेका महाजनहरुको एउटा दलमा सम्मिलित भए । महाजनहरुले भने, भन्तेहरु हो ! नेपालमा जमीन भनेको चट्टानै चट्टान हो र उँथको पिठिउँ जतिकै चोसो परेको छ । अवश्य पनि तपाईहरुले यात्रामा सुविस्ता पाउनु हुने छैन ।"

---

68 भुवनलाल प्रधान, (पूर्ववत पाद टिप्पणी संख्या १), पृ. २१ । Dr. Bagachi S., (Ed.), Mulasarvastivada Vinayavastu, Vol I, Introduction, (Darabhanga,. 1967 A.D. Pp. XII) शोधकर्ताहरूले मूलसर्वास्तिवादविनयवस्तुको रचनाकाल इ.को दोश्रो शताब्दी पछिको हुनसक्ने अनुमान गरेको छ भन्ने कुरा डा. नरेशमान वज्राचार्यको **नेपालमा बौद्ध धर्म वा परम्परामा नेपालमण्डल** विषयक कार्यपत्रमा उल्लेख । उद्धृत- वज्रराज शाक्य (सं), **नेपाल मण्डलया बौद्ध संस्कृति सम्मेलन-१११९ छगू प्रतिवेदन**, (ललितपुर : लोटस रिसर्च सेन्टर, वि.सं. २०५६), पृ. ११४ ।

69 डा. भद्ररत्न वज्राचार्य,"नेपालमा थेरवादी बौद्ध सम्प्रदाय, एक अध्ययन", **समकालीन मातृभूमि**, (काठमाडौं : वर्ष १, अङ्क १), पृ. ३२-३३ ।

70 भुवनलाल प्रधान, (पूर्ववत, पाद टिप्पणी संख्या १), पृ. ३०-३१ । भनिन्छ यस घटनापश्चात् बुद्धले भिक्षुहरुलाई हिउँमा जुत्ता लगाउन अनुमति दिए भनी उद्धृत वाक्यांश डा. भद्ररत्न वज्राचार्य, (पूर्ववत, पाद टिप्पणी संख्या १), पृ. ३० ।

71 डा. भद्ररत्न वज्राचार्य, (पूर्ववत, पाद टिप्पणी संख्या ६), पृ. ३१ ।

72 भुवनलाल प्रधान, (पूर्ववत, पाद टिप्पणी संख्या १), पृ. ३१-३२ ।

"द्वितीयतः (कोशलराज विडूडभद्वारा कपिलवस्तुका) शाक्यहरुको कत्लेआम भएको केही समयपछि धेरै शाक्यहरु खास गरेर भगवान्का प्रसिद्ध शिष्य भिक्षु आनन्दका घर र परिवारका शाक्यहरु नेपालमा गए । तर त्यहाँ उनीहरु जाडो हावापानीको प्रभावबाट सताइए । उनीहरुले महाजनहरुमार्फत् उनीहरुलाई भेट्न आऊ भनेर आनन्दकहाँ अनुरोध गरिपठाए । तदनुसार आनन्द महाजनहरुका साथ नेपालमा गए तथा तुसारोबाट निक्कै पीडित भए ।

### ३.१.१ नेपालमा अशोक आगमन सन्दर्भ

विभिन्न स्रोतहरूअनुसार सम्राट अशोकले नेपाल उपत्यकाको भ्रमण गरी स्वयम्भूको दर्शन गरी छोरी चारूमतीको विवाह देवपालसँग गराई ललितपुरमा चार स्तूप निर्माण गराई अशोकपत्तन शहर बसालेको जुन चर्चा छ,[73] त्यसलाई पुष्ट्याउने ऐतिहासिक श्रोतको अभाव छ भन्ने कुरामा बहुल इतिहासकारहरू एकमत छन् । भलै अशोकको धर्मयात्रा नेपाल उपत्यकामा नभएपनि हिमवन्त खण्डमा बुद्धशासन प्रचारार्थ आएकाहरूले उपत्यकामा चैत्य-स्तूपादि स्थापना गरी थेरवादी बुद्धधर्मको जरो बसाल्न सघाए भन्ने कुरा इतिहाससम्मत नै ठहरिन्छ । चारूमती स्तूप, काठे सिम्भू, सिम्भू र पाटनका अशोक स्तूपको रूपमा चिनाउने स्तूप वास्तुकलामा प्राचीनतम उदाहरणको रूपमा लिन सकिन्छ ।[74] निश्चित ऐतिहासिक सामग्रीको अभाव भएपनि नेपाल उपत्यकामा अशोकभन्दा पहिले नै बुद्धधर्म प्रवेश भएको मान्न सकिन्छ ।[75]

तृतीय संगीति वा धर्मसंगायना पछि सम्राट अशोकले बुद्धशासनलाई छिमेकी मुलुकहरूमा व्यापकता दिंदैजाने क्रममा हिमवन्त (हिमालय) प्रदेशमा सम्पूर्ण हिमवन्त प्रदेशका गुरु मानिएका मज्झिम स्थविरसँगै काश्यप, मूलदेव (अलकदेव), सहदेव र दुन्दुभिसार धर्मप्रचारर्थ आएका थिए भन्ने कुरा महावंश र

---

73 **ऐजन**, पृ. ६४-६५ मा उद्धृतभएअनुसार D. Right, **History of Nepal**, (Cambridge : 1877 A.D.), p. 13 अनुसार किराती राजा स्थुंगको राज्यकालमा बौद्ध सम्राट अशोक पाफ्ना गुरु उपगुप्त, महारानी तिष्यरक्षिता र एक जना छोरी राजकुमारी चारुमतिको साथमा नेपाल आए, आफ्नो नाउँमा एयटा शहर अशोकपतन बसालेर यसको चारकुनामा चार ओटा र माझमा एउटा स्तूप बनाए, एउटा विहार पनि स्थापना गरे, कीर्तिपुरमा पनि एउटा स्तूप बनाए । सम्राट उपत्यकाको बौद्ध महत्वको प्रत्येक स्थानमा गए । उलने राजकुमारी चारुमतीको विवाह अशोकपतनका राजकुमार देवपालसँग गरिदिए । यही देवपालको नाउँबाट देवपत्तन (द्यौपाटन) को स्थापना भयो । सम्राट अशोकले देवपाललाई देवपत्तनका शासक बनाए, ३६०० रोपनी जग्गा दिए । चारुमतीले देवपत्तनमा एउटा विहार बनाइन्, जुन उनकै नाउँबाट चारुमती विहार (स्थानीय बोली- चाबहिल) भनियो । पाको उमेरका भएपछि देवपाल र चारुमती देवैले प्रव्रजित जीवन बिताए ।
चारुमतीको मृत्यु चारुमती विहारमैं भयो । देवपालले पनि एउटा विहार बनाए तर यसको निर्माण नसकिंदै उनको मृत्यु भयो ।

74 जगदीशचन्द्र रेग्मी, **नेपालको धार्मिक इतिहास,** (काठमाडौं : पाठ्क्रम विकास केन्द्र, वि.सं. २०५८), पृ. १६२ ।

75 **ऐजन**, पृ. १६१ ।

दीपवंशले बताउँछ । महावंश (आनन्दकौशल्यायबाट हिन्दीमा अनुदित) र मज्झिमनिकाय (३-४-११, १३९) मा उल्लेखित यस तथ्यलाई साँचीको एउटा स्तूपमा कनिङ्घमले यसै शताब्दीको प्रारम्भमा भेट्टाएको अभिलेखमा टोलीप्रमुख मज्झिम स्थविरको साथै काश्यपको नाउँ उल्लिखित, सोनारीया स्तूपमा सुरक्षित भेट्टाइएको अस्थिधातुले पुष्टि गरेको छ ।[76] नेपाल उपत्यकामा आई बसोबास गर्ने अन्य सर्वास्तिवादी, मूलसर्वास्तिवादी, हैमबतवादी पनि एउटै साम्प्रदायिक धारमा प्रवाहित हुँदा थेरवाद बुद्धधर्म प्रस्फुटित हुन अवसर मिल्यो । परिणामतः गुँविहार जस्ता विहारहरू एकपछि अर्को निर्माण भई नेपाललाई एउटा नयाँ युगतर्फ डोऱ्याउने थेरवाद सम्प्रदायको उल्लेखनीय भूमिका रह्यो । त्यसैले गुँविहारको स्थापनासँगै बौद्ध सभ्यताको पनि सुरूवात हुँदै गयो भनी भिक्षु सुदर्शन महास्थविरले अभिमत जाहेर गरिनु अस्वाभाविक होइन ।[77] इतिहासहारहरु थेरवाद बुद्धधर्मलाई नै बुद्धकालीन वा बुद्धद्वारा पहिल्याइएको प्राचीन धर्मको रुपमा मान्यता दिई आएका छन् ।[78]

### ३.१.२ लिच्छविकालमा बुद्धधर्म

नेपालमा बुद्धधर्मसम्बन्धी हामीसँग क्रमबद्ध इतिहास नभएपनि लिच्छवि राजा वृषदेवको पालादेखि बौद्ध इतिहास स्पष्टिन थालेको अनुमान गर्न सकिन्छ ।[79] द्वितीय जयदेवले पशुपति अभिलेखमा वृषदेवलाई बुद्धधर्मका पक्षपाती भनी वर्णन गरेको छ ।[80] वृषदेवकै पालाको मानिने चाबहिलको अभिलेखमा उत्कीर्ण भाषा, भाव र अभिव्यक्तिसँगै त्यसमा उल्लेख्य पालि त्रिपिटको किन्नरीजातकको उल्लेख हुनु महत्वपूर्ण देखिन्छ ।[81] यसपछि धर्मदेव, शङ्करदेव, मानदेव, शिवदेव, अंशुवर्मा, नरेन्द्रदेवकालीन अभिलेखबाट विहारहरूको नाउँ आर्यभिक्षु संघ[82], आर्यभिक्षुणी संघ (चातुर्दिश-महायानप्रतिपन्नार्य भिक्षुणीसंघ)[83], आदि शब्दहरूसँगै विविध कुराको जानकारीले लिच्छविकालमा बुद्धधर्मको अवस्थाबारे बुझ्न सकिन्छ । गुँविहार,

---

76 भुवनलाल प्रधान, (पूर्ववत, पाद टिप्पणी संख्या १), पृ. ५९ तथा डा. भद्ररत्न वज्राचार्य, (पूर्ववत, पाद टिप्पणी संख्या ४), पृ. ३३ ।

77 भिक्षु सुदर्शन, **नेपालय् बुद्धधर्म**, (काठमाडौं : प्रेमबहादुर शाक्य र अन्य, वि.सं. २०३९), पृ. ३१ ।

78 डा. भद्ररत्न वज्राचार्य, (पूर्ववत, पाद टिप्पणी संख्या ६), पृ. ३१ ।

79 **ऐजन**, पृष्ठ १६२ ।

80 जगदीशचन्द्र रेग्मी, (पूर्ववत, पाद टिप्पणी संख्या ११), पृ. १६२ ।

81 भिक्षु सुदर्शन, **बुद्धको जन्मभूमि नेपालमा बुद्धधर्मप्रति असहिष्णुता**, (काठमाडौं : सानुरत्न स्थापित, वि.सं. २०४८), पृष्ठ ५० । धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, (काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३), पृ. ५,६,७ काअनुसार वृषदेवको मानिने सो अभिलेखको भाषा, भाव र अभिव्यक्ति पालि त्रिपिटको भाषा, भाव र अभिव्यक्तिसँग साह्रै नजिक छ । कज्याउन गाह्रो इन्द्रिय, त्यैसै संयम गर्न गाह्रो इन्द्रियबाट सारा संसारलाई दवाई राखेको कुरा अनि त्यसै इन्द्रियलाई संयमित गरेर (इन्द्रियजीत) अनुत्तर ज्ञान प्राप्त गरी संसारवासीलाई दुःखबाट मुक्त गरिएको कुरा स्पष्ट हुन्छ । उनै बुद्धको अतीतकथा किन्नरजातकको कुरा र अनेक थरीका चित्रबाट सजाइएको चैत्यको वर्णन यस अभिलेखमा गरिएको छ ।

82 धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, (काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३), नरेन्द्रदेवको सं. १०३ पाटन यागबहालको अभिलेख, पृ. ४९६ ।

83 **ऐजन**, ललितपुरको चपः टोलको अभिलेख, पृष्ठ ३८२ र मुसुंबहालको अभिलेख, पृ. ५०७ ।

श्रीमानविहार, श्रीशिवदेवविहार, कल्याणगुप्तविहार, श्रीराजविहार, खर्जुरिकाविहार, मध्यमविहार, कल्याण गुप्तविहार, चतुर्भालटसनविहार, अभयरूतिविहार, महाप्रतिहारवार्तसुजातप्रभुविहार,[84] पुष्पवाटिकाविहार,[85] अजिकविहार[86] स्मरणीय छन् ।[87] सम्बत् ४३ लेखिएको अंशुवर्माको अभिलेखबाट बुद्धधर्मको प्रगतिको चित्रण प्रस्तुत गर्दछ भने नरेन्द्रदेवका शिलालेखमा आर्यसंघ र शिवदेव विहारको लागि राजाले विशेष अधिनियम बनाएको वर्णन भएको हुँदा राजा नरेन्द्रदेवले पनि बुद्धधर्मको राम्रो सहायता गरेको कुरा स्पष्ट हुन्छ ।[88] वृषदेव, मानदेव, शिवदेवले अरु राजाहरुले जस्तै विहार निर्माण, विहारमा बस्न आउने भिक्षुहरुलाई खाना-पिन आदि सहयोगसँगसँगै आफूहरु पनि प्रव्रजित-दीक्षा लिई भिक्षु चर्या ग्रहण गरी उदाहरणीय बनेर देखाएको बारे भाषा वंशावलीले प्रकाश पारेको छ ।[89]

यसरी नै लिच्छविकालीन समाजलाई धार्मिक क्षेत्रमा अभिप्रेरित गर्ने काममा थेरवादी सम्प्रदायको ठूलो हात रह्यो । विहार, चैत्य-स्तूप, शाक्यमुनिका प्रतिमाहरु तथा विहार र विहार वरिपरिका ईलाकाहरुमा धारा, पाटीपौवा आदि निर्माण गरी देखाए । उदाहरणका लागि त्यतिबेलाको समाजलाई अनुप्रमाणित गर्न सघाउने बौद्ध जातक कथा अङ्कित गराई राखेको घटनालाई लिन सकिन्छ । समाजमा सुनाएर वा कुँदाएर कथाका माध्यमबाट थेरवादीहरुले समाजको मन जित्ने प्रयास गर्थे भन्ने कुरा यसबाट पुष्टिन्छ ।[90] उपरोक्त उल्लेख्य संक्षिप्त घटनाक्रमबाट पनि थाहा हुन्छ नेपालमा थेरवाद बुद्धधर्मको परम्परा रहेको कुरामा कुनै शंका नै छैन । प्रसिद्ध इतिहासकार सेसिल वेण्डालको अन्वेषणबाट प्राप्त ८/९ औं शताब्दीको पाण्डुलिपि जसलाई नेपालमा प्राप्त पाण्डुलिपिमध्ये पुरानै मानिने गुप्ताक्षरले लेखिएको ताडपत्र विनयपिटक अन्तर्गत चुल्लवग्गका केही अंश हुन् । राष्ट्रिय अभिलेखालयमा सुरक्षित ४ वटा सो ताडपत्रले नेपालमा लिच्छविकालमा थेरवाद रहेको स्पष्ट हुन्छ । पश्चिमबाट सन् १९९१ मा प्रकाशित ओस्कर भि. हेनुवरको The Oldest Pali Manuscript (Four Folios of the Vinaya Pitak from the National Archieve, Kathamandu)

84 **ऐजन**, यम्पि बहीको अभिलेख, पृ. ४५७ ।

85 भुवनलाल प्रधान, (पूर्ववत, पाद टिप्पणी संख्या १), पृ. ९८ अनुसार च्यासटोलको अभिलेख, अभिलेख संग्रह, १३७ ।

86 **ऐजन**, नरेन्द्रदेवको नक्शालचोकको अंभिलेख, पृ. १३७ ।

87 धनवज्र वज्राचार्य, (पूववत, पाद टिप्पणी संख्या १९), अंशुवर्माको सं. ३२ को हाँडिगाउँको अभिलेख, पृ. ३२१ र नरेन्द्रदेवको सं. १०३ पाटन यागबहालको अभिलेख, पृ. ४९६, तथा भुवनलाल प्रधान, (पूर्ववत, पाद टिप्पणी संख्या १९) पृ. ९६, ९७ र ९८ पनि हेर्नुहोस् ।

88 जगदीशचन्द्र रेग्मी, (पूर्ववत, पाद टिप्पणी संख्या ११), पृ. १६५-१६६ ।

89 डा. भद्ररत्न वज्राचार्य, (पूर्ववत, पाद टिप्पणी संख्या ६), पृ. ३१-३२ ।

90 **ऐजन**, पृ. ३४ ।

भन्ने पुस्तकबाट यसलाई पुष्टि गरेको छ ।[91] यसरी नै ताइवानको एउटा विहारमा त्रिपिटकसम्बन्धी प्राचीन लिपिमा लेखिएको थ्यासफू र नेपालको यौटा बहिलको समेत नाम उल्लेख भएको कुरा जुन प्रकाशमा आएको छ, त्यसले थेरवादको अस्तित्वमा नयाँ आयाम थपिएको छ ।[92]

लिच्छविकालमा प्रचलित लोकप्रिय महासांघिक सम्प्रदाय महायानको रूपमा परिणत हुँदै वज्रयान सम्प्रदायकै रूपमा अझ विकसित भएको देखिन्छ । गोकर्णको अंशुवर्माको अभिलेखमा वज्रयान शब्दको उल्लेखले स्पष्ट पार्दछ ।[93] वज्रयानको जन्म ३०० ई.तिर दक्षिण भारतमा भई यसले उत्तरी भेकमा बढी लोकप्रियता पायो । भारतमा वज्रयानको उदयसँगै नेपालमा पनि प्रवेशको संकेत भएपनि नेपालमा वज्रयान कहिलेदेखि प्रचलित हुन थाले निश्चित रूपमा भन्न सकिंदैन ।[94] पछि गएर नेपाल वज्रयानको एक प्रमुख स्थल नै बनेको थियो । **वज्रयान** र गोरखामा **वज्रभैरव**को उल्लेख प्राप्तबाट लिच्छवि युगमा वज्रयानको संकेत दिएको मानेतापनि वज्रयान दर्शनको फैलाव र क्रियाहरुको प्रभाव नेपाल उपत्यकामा मध्यकालीन युगदेखि मात्र भएको कुरा भिक्षु सुदर्शन मान्नुहुन्छ ।[95] गुँविहारलाई बौद्ध अनुयायीहरू प्राचीनतम विहारका रूपमा मानिआएअनुरूप महासांघिकहरूको प्रभाव नेपाल मण्डलमा शुरूदेखि नै रहेको देखिन्छ । पछि **गण्डव्यूह सूत्र, सद्धर्मपुण्डरिक, लंकावतार, अष्टसहस्रिकाप्रज्ञापारमिता** आदि नवग्रन्थका रूपमा प्रसिद्ध महायानी ग्रन्थहरू प्रचार, अध्ययन-अध्यापन र धर्मप्रवचनको परम्परा कायम भएपछि बुद्धधर्मको महायान शाखाले नेपालमण्डलमा गहिरो जह्रो गाड्न सफल भएको देखिन्छ ।[96] सातौंआठौं शताब्दीसम्ममा महायानअन्तर्गत वज्रयानको राम्रै विकास भएको देखिन्छ ।[97]

---

91 भिक्षु सुदर्शन, “नेपालमा थेरवाद”, **२५४० औं बुद्धजयन्ती स्मारिका**, (काठमाडौं, बुद्धजयन्ती समारोह समिति, वि.सं. २०५४) पृ. ९ । अमिता धाख्वा, त्रिपिटक एक चिनारी, (ललितपुर : वीर पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०५६), पृ. ३ ।

92 दुण्ड बहादुर वज्राचार्य, ”नेपालमा त्रिपिटक र यसको अस्तित्व” **बौद्ध विहार संघ ललितपुरको स्मारिका** - ललितपुर : वि.सं. २०६२), पृ. २-३ । यसरी नै ताइवानमा पनि धेरै वर्षसम्म अध्ययन एवं अध्यापन गरी फर्केका भिक्षु धर्मगुप्तलाई श्रोतको आधारमा लेखकले एकप्रति फोटो कपि पनि प्रकाशनार्थ दिइएको उल्लेख भएरपनि सो स्मारिकामा छापिएको देखिंदैन । यसै सन्दर्भमा लेखकसँग सम्पर्क गर्दा अर्को त्रिबोधि नामक वार्षिकलाई दिंदा पनि फोटो कपि चाहिँ छुटाएको नै पाइयो भन्नुहुँदै यसो कसरी भयो भन्ने कुरामा उहाँ स्वयं आश्चर्य हुनुहुन्छ । त्यसपछि मैले स्वयं भिक्षु धर्मगुप्तलाई भेटर सोधपुछ गर्दा सो लिपि प्राचीन लिपि भएको जो ब्राह्मी लिपि समकक्षी भएको बताउनुभयो भनी २५५० औं बुद्धजयन्ती स्मारिका,“नेपालमा थेरवाद प्रवेशसम्बन्धी” वि.सं. २०६३ मा पृ.५१ मा उद्धृत गरेको ।

93 धनवज्र वज्राचार्य, (पूर्ववत्, पाद टिप्पणी संस्या १९), पृ. ३७० । अभिलेखमा यसरी उद्धृत भएको छ- (व) **ज्रयान** ।

94 जगदीशचन्द्र रेग्मी, (पूर्ववत, पाद टिप्पणी संख्या ११), पृ. १७२ ।

95 भिक्षु सुदर्शन, **बौद्ध संस्कृति**, (काठमाडौं : नगरमण्डप श्री कीर्ति विहार, वि.सं.२०५५), ८९ ।

96 डा. भद्ररत्न वज्राचार्य, “नेपालमा थेरवाद बुद्धधर्मको विकासमा देखा परेका अवरोधहरु : एक ऐतिहासिक सर्वेक्षण”, **स्मारिका** (ललितपुर : २५४६ औ बुद्धजयन्ती मूल समारोह समिति, वि.सं. २०५९), पृ. ३३ ।

97 डा. रमेश ढुंगेल, “महायानी बौद्धधर्म र नेपाल” **समकालीन मातृभूमि**, (काठमाडौं, वेदराज ज्ञवाली, वि.सं. २०५९), पृष्ठ ३३ ।

यसरी विचार गर्दा लिच्छविकालमा बुद्धधर्मले बुद्धधर्मको राम्ररी नै उन्नति भएको देखिन्छ । त्यसबेला सबै राजाहरु समन्वयवादी भएकोले शैव धर्मको जति उन्नति भयो त्यति नै वैष्णव र बुद्धधर्मको उन्नति भएको थियो । यही कारणले नेपालमा आजसम्म बुद्धधर्म जीवित रहन सकेको छ[98] भने धार्मिक दृष्टिकोणले नेपालको इतिहासमा लिच्छविकाललाई बुद्धधर्मको स्वर्णयुग भनिन्छ[99] ।

## ३.१.३ मल्लकालमा बुद्धधर्म

पूर्वमध्यकालसम्म पनि निर्वाणमार्गसम्बन्धी तात्कालिक नेपालका स्थविरवादीहरुले बोध गराउने कार्य गरेका देखिन्छन् । उदाहरणार्थ शाक्यभिक्षु मैत्रीचन्दले स्वयम्भू चैत्य जीर्णोद्धार गरेको कुरा उल्लेख्य स्वयम्भू धर्मधातु बागीश्वरको अगाडि पश्चिमतिर रहेको शिलांकुश र पानी छान्ने कपडा अंकित बौद्ध शिलालेखलाई प्रस्तुत गर्न सकिन्छ । श्रावकयानको मूल चिन्ह अंकित यस शिलालेखबाट पूर्वमध्यकालिक बौद्ध समाजमा श्रावकयानको प्रभाव कम नभएको कुरालाई संकेत गरेको छ ।[100] मध्यकालिक नेपालले सामना गर्नुपरेको दैवी प्रकोप तथा वैदेशिक आक्रमण आदि थेरवाद बुद्धधर्मको विकासको निरन्तरतामा अर्को अवरोधको रुपमा देखा पर्‍यो भनेर उल्लेख गर्दा सायद दुईमत नहोला । त्यसो त थेरवादी बुद्धधर्मलाई विस्तार गर्ने काम फलाम चपाउनुभन्दा कम साह्रो काम थिएन । थेरवादीहरू यज्ञादि पद्धत्तिको खण्डन गर्ने हुनाले उनीहरुले समय समयमा विपक्षीहरुको आलोचना निकै सहनुपर्‍यो ।[101] समय अन्तरालसँगै मध्यकालीन राजा शिवदेवकै पालामा शंकराचार्यको अतिक्रमणले ब्रह्मचर्य भिक्षुहरूलाई जबर्जस्ती विवाह गर्न लगाए, असंख्य ग्रन्थ जलाए, त्यसपछि स्थिति मल्ल आफू राजा भई शक्तिमा आएपछि तात्कालिक नेपाली समाजलाई वर्णव्यवस्थामा बाँधेर जातअनुसार काम तोकेर त्यसमा परिवर्तन गर्न नपाइने बन्देज लगाउन सफल हुँदा बौद्ध एकतामा अँकुश लाग्न गई थेरवाद बुद्धधर्मले अरु खुम्चिएर बस्नुपर्ने अवस्था आइपर्‍यो ।[102] परिणामतः स्थिति मल्लको उदय एवं सामाजिक सुधारको नीति र प्रशासन शैली बुद्धधर्म र बौद्ध संस्कृतिका लागि हितकर नहुँदाखेरी यसैबेलादेखि नेपालको बहाल-बहिलमा परम्परागत रूपमा चल्दै आएको विनयानुसारको भिक्षु बन्ने प्रक्रियामा ठूलो परिवर्तन आयो । वज्राचार्यहरू विहारमै गृहस्थको रूपमा रहन लागे । पछि गृहस्थीमा

---

98 जगदीशचन्द्र रेग्मी, (पूर्ववत, पाद टिप्पणी संख्या ११), पृ. १६६ ।

99 डा. भद्ररत्न वज्राचार्य, (पूर्ववत, पाद टिप्पणी संख्या ६), पृ. ३१ ।

100 डा. भद्ररत्न वज्राचार्य, "पूर्वमध्यकालिक नेपालमण्डलय् बुद्धधर्म : छगू अध्ययन", **स्मारिका** (ललितपुर : २५४९ औ बुद्धजयन्ती मूल समारोह समिति, वि.सं. २०६२), पृ.१४, हेमराज शाक्यको **स्वयम्भू महाचैत्य** पृष्ठ १३०-१३१मा उल्लेख्य मैत्रीचन्दको पर्याय आधारमा उल्लेखित ।

101 डा. भद्ररत्न वज्राचार्य, (पूर्ववत, पाद टिप्पणी संख्या ३७), पृ. १४ ।

102 डा. भद्ररत्न वज्राचार्य, (पूर्ववत, पाद टिप्पणी संख्या ३३) पृ. ३१-३५ ।

लागिसकेको भएतापनि नायकत्व (आजुभाव) भएका थपा आजुसहित दश थपा आजु (स्थविर) हरूबाट चूडाकर्म गर्नु नयाँ प्रथाको प्रारम्भ भयो । यसबाट बुद्धधर्मको परम्परा आजसम्म कायमहुँदै रह्यो, बहाल-बहिलको सञ्चालन र संरक्षण पनि हुँदैरह्यो भने बौद्ध दर्शनको आधारमा कर्मकाण्डको नयाँरूप बौद्ध जनजीवनमा प्रवाहित हुँदैरह्यो । बङ्गलादेशको चकमा जातिमा बाहेक भारतमा जस्तो बुद्धधर्मको बौद्ध परम्पराको अन्त हुनपाएन । तापनि गृहत्यागी अवस्थाको बौद्ध भिक्षुहरू बहालबहिलमा नरहँदा धर्म र दर्शन क्षेत्रमा भने पहिलेको तुलनामा उल्लेखनीय व्यक्तित्वको प्रादुर्भाव कमै मात्रामा हुनसक्यो ।[103] जयस्थिति मल्लले तत्कालीन अवस्थामा विद्यमान धार्मिक मूल्यमान्यतालाई समयपरिस्थितिअनुरुप सुधार गर्नका लागि अपनाएका नीतिअनुसार त्यतिबेला प्रभावकारी हिसाबले चालिएका कदम वर्तमान अवस्थामा पुनर्मूल्याङ्कन गर्दा अन्तरता देखिनु अस्वाभाविक भन्ने हुँदैन, त्यसैले तत्कालीन उनका रचनात्मक कदम ठानिएका सामाजिक सुधारमध्ये कयौं पक्षलाई विरोधाभाषपूर्ण पनि मानिन्छन् भने उनका परिवर्तित नीतिनियमलाई तत्कालीन परिवेशको धरातलमा उभी मूल्याङ्कन गर्ने परिपाटीले वास्तविकतालाई अगाडि ल्याउने देखिन्छ ।

यसरी नै हामीले मध्यकालकै विषय चर्चा गर्दा स्मरणीय पक्ष भनेको मध्यकालमा सिंहदेव राजा बुद्धधर्मका अनुयायी थिए, उनले परमसौगात उपाधि ग्रहण गरेका थिए भने यिनको पाला (ने.सं. २४०-वि.सं. ११७७) मा लेखिएको **अष्टसहस्रिका प्रज्ञापारमिता**मा यिनलाई उक्त विशेषण लगाइएको छ ।[104] वृषदेवबाहेक नेपालका अरु राजाले सिंहदेवले झैं व्यक्तिगत रुपमा बुद्धधर्मलाई स्वीकार गरेका थिएनन् । त्यसकालका हस्तलिखित ग्रन्थको पुष्पिका र शिलालेखहरुबाट अनेक बौद्ध विहारहरु रहेको ज्ञात हुन्छ । त्यतिबेला धेरै बौद्ध विहारहरु देखिएकाले पनि त्यस कालमा बुद्धधर्मको राम्रो स्थिति रहेको कुरा धेरै प्रमाणबाट स्पष्टिन्छ ।[105] यसरी नै मध्यकालीन पश्चिमी नेपालका प्रख्यात मल्ल राजाहरुले पनि बुद्धधर्मको विकासमा राम्रो सहयोग गरेका थिए । उक्त वंशका एक प्रख्यात राजा अशोकचल्ल बुद्धधर्मका अनन्य भक्त थिए । उनको बुद्धगया अभिलेखमा “प्रवरमहायानयायिनः” “परमोपासक” “जिनेन्द्रचरणविन्दमकरन्दमधुकर” भनिएको छ भने बुद्धगयामा अशोकचल्लको धार्मिक अभिलेख उपलब्ध हुनु र यसै वंशका रिपुमल्ल, पुण्यमल्ल, पृथ्वीमल्लको

---

103 भिक्षु सुदर्शन्, **बुद्धको जन्मभूमि नेपालमा बुद्धधर्मप्रति असहिष्णुता**, (काठमाडौं : सानुरत्न स्थापित, वि.सं. २०४८), पृ. ५९ ।

104 जगदीशचन्द्र रेग्मी, (पूर्ववत, पाद टिप्पणी संख्या ११), पृ. १६७ ।

105 **ऐजन** ।

समेत बुद्धधर्ममा आस्था एवं संलग्नता देखिनु बुद्धधर्मको प्रचार सँगसँगै संरक्षण पनि भएको मान्न सकिन्छ ।[106]

मध्यकालमा नेपालका आचार्यहरु तिब्बतका बौद्ध विद्यार्थीको ज्ञानपिपासा मेटाउन समर्थ थिए । यसैले धर्मस्वामि (तेह्रौं शताब्दीमा) नेपाल आएका थिए र अनेक शास्त्र पढी आफ्नो देश फर्केका थिए । यसै बेलामा नेपाली बौद्ध दर्शन र शास्त्रका आचार्यहरुले तिब्बत गई बुद्धधर्मलाई त्यहाँ स्थीर पार्न सहायता गरेका थिए ।[107] यसरी समय अन्तरालसँगसँगै श्रावक चर्याअन्तर्गत भिक्षुचर्यालाई निरन्तरता दिन तावकालिक (केही दिनका लागि वा अस्थायी) चीवर वस्त्र ग्रहण गर्ने र पुनः गृहस्थीमैं फर्कने परम्पराको थालनी हुनगयो, जुन बरे छुइगु (प्रव्रज्या संवर) प्रचलनमा परिणत हुँदै अद्यावधि चलिरहेकै देखिन्छ । इतिहासको पाना पल्टाउँदै जाँदा विभिन्न संघर्षमय अवस्थाका बावजूद पनि नेपालका वज्रयानी धर्मगुरुहरूले समयअन्तरालसँगै विभिन्नचर्या विधिमा सम्मिश्रणको अवस्थालाई नै स्वीकारेर किन नहोस् धर्मलाई निरन्तरता दिंदै आएको देखिन्छ । यसरी मध्यकालमा पैदा भएका मिश्रित धार्मिक मूल्यमान्यताले बुद्धधर्मलाई पनि प्रभावित पार्नु स्वाभाविक पक्ष हुँदाहुँदै पनि सम्वृद्ध रुपमा अगाडि बढेको बुद्धधर्मको संरक्षण एवं संवर्द्धन भएकै मान्नुपर्छ ।

### ३.१.४ आधुनिककालमा बुद्धधर्म

मध्यकालमा जयस्थिति मल्लले नेवार समाजलाई शैव र बौद्ध दुई वर्गमा विभाजन गरेपछि विस्तारै नेवार समाजमा शैव र बौद्धको फाटो पर्न थालेको देखिन्छ ।[108] मल्लवंशपछि शाहकालको उदय हुन्छ । श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहले नुवाकोटको स्वयम्भू जीर्णोद्धार गरे भने अर्को काठमाडौंमा बन्द भैसकेको बाह्र वर्षमा एकपटक हुने सम्यक् महादान धार्मिक पर्वलाई निरन्तरता दिने कार्य भएको थियो ।[109] राणाकालमा आएर बुद्धधर्ममाथि अन्यायअत्याचार यति बढेको थियो कि त्यसको वर्णन गर्न गाह्रो छ । संक्षिप्तमा यति नै भनौं कि राणा प्राइमिनिष्टर जङ्गबहादुरले बौद्ध विहार कब्जा गरेर त्यहाँका बौद्ध शास्त्रहरु सडकमा फालिदिए जुन किताबहरु डा. राइटले लगेर केम्ब्रिज विश्वविद्यालयमा दिएका थिए । त्यस्तै चन्द्र शमसेर महाराजको पालामा अरु कडाइ भयो । त्यसबेला नेपालमा एउटा कानून बन्यो जुन कानूनअन्तर्गत

---

106 **ऐजन,** पृ. १६७-१६८ ।

107 **ऐजन,** पृ. १६६ ।

108 जगमान गुरुङ्ग, **नेपालका बौद्धहरुः एक विवेचना**, कार्यपत्र, (काठमाडौंः धर्मोदय सभा, दोश्रो राष्ट्रिय बौद्ध सम्मेलन- लुम्बिनी, वि.सं.२०४६), पृ. ४-५ ।

109 भिक्षु सुदर्शन, **विश्वमा बुद्ध धर्म (नेपालमा बुद्धधर्म),** (काठमाडौं : धर्मरत्न शाक्य त्रिशुली, २०५३), पृ. ११ ।

कोही शिव मार्गी (त्यसबेला पनि नेपालमा हिन्दूधर्म भन्ने चलन थिएन) बौद्ध धर्ममा दीक्षित भएमा त्यसलाई त्यो दीक्षा छाड्न लगाएर १ वर्ष कैद र जुन गुरुले दीक्षित बनाएको हो, त्यसलाई ३ वर्ष कैद गर्ने प्रावधान गरियो । पहिले चलन र प्रशासकीय हिसाबले मात्र बुद्धधर्म र हिन्दूधर्मको भेद गरिन्थ्यो । भने श्री ३ चन्द्र शमशेरको पालादेखि कानूनी रुपले नै बुद्धधर्म हिन्दू धर्मदेखि बेग्लै छुट्टै मानियो । इतिहासमा पहिलो पटक बुद्धधर्मको विरोधमा नेपालमा कानून बन्यो ।[110]

नेपालमा स्थविरवाद बुद्धधर्मको पुनः प्रवेश बीसौं इसवी शताब्दीको प्रारम्भमा भएको हो । त्यतिबेला भारतमा बुद्धधर्मको पुनरुद्धारकका रुपमा महाबोधि सोसाइटीको स्थापना गरी अनागारिक धर्मपालले धार्मिक अभियान संचालन गरिरहेको बेला नेपालबाट कलकत्तामा अध्ययनका लागि पुगेका नवयुवक जगतमान वैद्य धर्मपालको अभियानसँग प्रभावित भए । धर्मपालकै अनुकरण गरी पहेंलो लुगा प्रयोग गरी धर्मादित्य धर्माचार्यमा परिणत भए । यसपछि उनी पटक पटक नेपाल फर्किंदा पञ्चशीलको अभियान थालनी गर्न बुद्धोपासक संघजस्ता संघसंस्था स्थापना गरी नेवारहरुबीच धर्म र भाषाको जागरण ल्याउने काम गरे । नेपालमा बुद्धपूर्णिमा/बुद्धजयन्ती सावर्जनिक रुपमा मनाउने पहल भए । पुनर्जागरणकै दौरानमा तिब्बतको केरुङ्गबाट स्वयम्भू दर्शनको लागि आएका क्यान्छा लामाको प्रभावले वि.सं. १९८१ फागुन महिनमा (सन् १९२४) प्रेमबहादुर श्रेष्ठ लगायत ५ जनाले महायानी परम्पराअनुसार प्रव्रजित दीक्षा प्राप्त गरे भने श्री ३ चन्द्र शमशेरको शासनकालमा वि.सं. १९८२ श्रावण महिनामा यी पाँचैजनालाई देश निर्वासन गरियो ।

महाप्रज्ञाले निर्वासनपछि भारतमा धर्मयात्रा र धर्मअध्ययनकै दौरानमा वि.सं. १९८५ (सन् १९२८) मा बर्मेली भिक्षु चन्द्रमणी महास्थविरसमक्ष कुशीनगरमा थेरवादी परम्पराअनुसार नेपालकै प्रथम श्रामणेर प्रव्रज्यादीक्षा प्राप्त गरे । यसको तीन वर्षपछि सन् १९३१ को वैशाख पूर्णिमाकादिन बर्माको रंगूनमा उपसम्पदादीक्षा प्राप्तगरी नेपालमा थेरवादको पुनः प्रवेशपछि नेपालको थेरवादी इतिहासमैं पहिलोभिक्षु भए ।[111] उनकै प्रेरणामा वि.सं.१९८७ (सन् १९३०) मा श्रामणेर प्रज्ञानन्दले प्रव्रज्या धारण गरी नेपालकै इतिहासमा जयस्थिति मल्लको शासनपछि लोप भएको शुद्ध बुद्धधर्मको परम्परालाई पुनर्वार स्थापना गर्ने उद्देश्य बोकी

---

110 तिलकमान गुभाजु, **के बुद्धधर्म हिन्दू धर्मको शाखा हो र** ?, (काठमाडौ : आनन्दकुटी विहार गुठी, वि.सं. २०४६), पृ. २३ ।

111 रत्नसुन्दर शाक्य, **बौद्ध जगतका स्मरणीय व्यक्तित्वहरु,** दुतीय भाग,(काठमाडौं : मानदास लुमन्ति प्रकाशन, वि.सं.२०५०), पृ.१०७-११५ ।

पीतवस्त्रधारी स्थविरवादी श्रामणेरको रुपमा काठमाडौं उपत्यकामा भिक्षाटन यात्रा गरी थेरवादको जग बसाले ।[112]

निष्काशित भिक्षु महाप्रज्ञा नेपालभित्र प्रवेशगरी नेपाली श्रद्धालुहरुलाई आकर्षित गर्ने काम गरिएको बहानामा पूर्व ४ नं. भोजपुरको जेल चलान गरियो । साथमा श्रामणेर अमृतानन्दलाई पनि सँगै जेल थुनियो ।[113] भिक्षु धर्मालोकको सकृय पर्दापणपछि वि.सं १९९४ मा स्वयम्भू ज्ञानमाला भजन खलःको स्थापनाले नेवार बौद्धमार्गीहरुबीच नौलो जागरणको नाउँमा धर्म, भाषा, समाज, राजनीतिकरुपमैं चेतनाको विकास भयो । स्वयम्भूस्थित किण्डोल विहार प्रचारप्रसारको केन्द्रविन्दूमा सीमिति भइरहँदा आनन्दकुटी विहार नेपालकै ऐतिहासिक थेरवादी विहारको रुपमा भिक्षु धर्मालोकले स्थापना गरे । राणा प्रशासनमा धर्म र भाषाको माध्यमबाट संगठित हुँदै गए भन्ने मानिसकताको प्रभाव पऱ्यो र आडम्बर मत चलाए भन्ने आरोपसहित श्री ३ जुद्ध शम्शेरको समयमा २००१ श्रावण १५ गते चारजना भिक्षु र चारजना श्रामणेरहरुलाई देश निकाला गरियो । यस कदमले नेवार बौद्धहरुलाई भारतीय भूमिमा बसेर जागरण मूलक संस्था निर्माण गर्न टेवा मिल्यो जसअनुरुप ३० November 1944 का दिन धर्मोदय सभाको गठन भयो । संचारमाध्यमको उपयोग गरीकन बुद्धधर्म र नेपालभाषासम्बन्धी पत्रपत्रिकाको नियमित प्रकाशनको आरम्भ गरियो परिणामतः सम्बद्ध पक्षलाई सुसूचित गर्दै जनचेतनाको लहर फैलाउन सहज भयो ।

नारीहरुमा पनि जागरण देखियो, वि.सं. १९९८ मा रत्नपाली, धर्मपाली, संघपाली नेपालकै प्रथम अनागरिका प्रवर्जित दीक्षा प्राप्त गर्नेमा उभिए भने अनागारिका धर्मचारी र अनागारिका कर्मशीला पोखरामा सशक्त भूमिकामा देखिए । राणाशासनको अन्त्यकालमा पुनर्जागरित थेरवादभित्र जोस जाँगरयुक्त अवस्थामा थुप्रै कृयाकलापसँगै सामाजिक, धार्मिक, भाषिक, कृयाकलाप एकपछि अर्को हुँदै गए । थेरवादको पुनः प्रवेशले परम्परागत बुद्धधर्मको सोचमा समेत प्रभाव पऱ्यो, यसो हुनु स्वाभाविक पनि हो । त्यसो त सुरुवातमा थेरवादको मूल क्षेत्र परम्परागत बुद्धधर्ममैं आबद्ध नेवार क्षेत्र नै हो, यसमा द्विविधा छैन । नयाँ जोसजाँगर, नौलो जस्तो धर्मअभ्यास, चिन्तन-मनन्ले जनमानसमा प्रभावकारी भूमिका निभाउने आभाष हुनु पनि अस्वाभाविक विषय होइन । यी यावत विषयलाई परिच्छेद् चारमा विवेचनात्मक रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

---

112 आर.वि. वन्द्य, **संघमहानायक पग्रमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविर**, (काठमाडौं : नगरमण्डप श्री कीर्तिपुर विहार, वि.सं. २०५६), पृ.१७-१८ ।

113 भिक्षु सुदर्शन, (सं.), (पूर्ववत, पादटिप्पणी संख्या ४६), पृ. १४ ।

# परिच्छेद चार

# थेरवादको संघर्षमय पुनः प्रवेशसंगै भएका घटनाक्रम

## ४.१ थेरवाद पुनर्जागरणको पृष्ठभूमि

वि.सं. १९०३ आश्विन ३ मा नेपालको राजनीतिक परिवृत्तभित्र श्री ३ जङ्गबहादुर राणाको उदयपश्चात् शाहकालीन श्री ५ महाराज तथा राणाकालीन श्री ३ महाराजहरुबीच राजनीतिक दाउँपेचले नेपाल राष्ट्र, नेपाली जनता तथा जनजीवनसँग सम्बद्ध यावत पक्षमा दूरगामी असर परेको थियो । परिणामतः प्रभावित क्षेत्रहरुमध्ये बुद्धधर्म तथा बौद्धहरु पनि एक महत्त्वपूर्ण पक्ष हुन् । १०४ वर्षीय जहाँनिया राणा शासनले राष्ट्र र जनताभन्दा पनि दरवार, राणा खलक, भाइभाइदारमैं केन्द्रित भई आपसी मतभेद, विरोधी सखाप पार्ने, स्वतन्त्रतामाथि ताला लगाउने, आफ्नो स्वार्थसिद्ध गर्नका लागि जङ्गी कानूनको व्यवस्था, तानाशाही आदि व्यवस्थाको लागू जस्ता जनविरोधी कृयाकलापले जनतालाई उकुसमुकुसभित्र निस्सासिएझैं अनुभूति हुनु स्वाभाविक हो । त्यसैले राजनीतिक, धार्मिक, सामाजिक, शैक्षिक, आर्थिक स्वतन्त्रताका लागि ९७ सालको काण्ड हुँदा धर्मभक्त, दशरथचन्द, गंगालाल, शुक्रराज शास्त्री राष्ट्र र जनताका लागि अमर सहीद भइसकेपछि हरक्षेत्रमा क्रान्तिको लहर भ्याँगिंदै जानु स्वाभाविक हो । यसै बेला नेवारहरुमा आफ्नो धर्म, समाज, संस्कति, भाषा तथा राजनैतिक अधिकारका लागि व्यवस्थित रुपमा अगाडि बढ्न अभियान नै चलेको थियो । त्यतिबेला घटित विविध अभियानमध्ये यस शोध कार्यअन्तर्गत सम्बद्ध परिच्छेदसँग नजिकिएर थेरवादको संघर्षमय पुनः प्रवेश तथा यसबाट तय भएका परिवर्तनका घटनाक्रमलाई प्रस्तुत गरिएको छ ।

## ४.२ थेरवादको पुनः प्रवेश

नेपालमा स्थविरवाद बुद्धधर्मको पुनः प्रवेश बीसौं इश्वी शताब्दीमा प्रारम्भ भएको हो ।[114] अठारौं शदीको उत्तरार्द्ध बितेपछि राजवंशीय शासनाधिकारमा परिवर्तन के आए, कानूनी रुपले बौद्ध दमनको प्रयास सुरु गर्न बौद्ध विरोधीहरु जम्मा हुन थाले भनी राजनीतिक सत्तामा आएकाहरुबाट धार्मिक र सामाजिक

---

114 भिक्षु सुदर्शन, **बौद्ध संस्कृति**, (काठमाडौं : श्रीकीर्ति बौद्ध केन्द्र, कीर्तिपुर, वि.सं. २०५५), पृ. १३४ ।

व्यवस्थामा हस्तक्षेप गरिनाले पुष्टि हुन्छ ।[115] परन्तु शौभाग्य नै मान्नुपर्छ कि एशियाली जागरणले गर्दा बुद्धधर्ममा पुनः परिर्वतनका लहरहरु प्रारम्भ भैसकेका थिए, सन् १९९५ मा बुद्धजन्मस्थल लुम्बिनीमा अवस्थित अशोकस्तम्भ पत्तालगाइएको थियो । त्यसताकाका नेपालका प्रधानमन्त्री देव शमशेरलाई सम्यक् देवता बराबर निमन्त्रणा गर्ने प्रकृया पुरा हुन सकिएन भने श्री ३ चन्द्र शमशेरको आडमा बौद्धहरु हिन्दू हुँदा केही छैन, तर हिन्दूहरु बौद्ध भएमा कानूनी रुपले अपराध घोषित गराउन सफल भए ।[116]

### ४.२.१ धर्माचार्यको आगनमन तथा जागरण

भारतमा बुद्धधर्मका पुनरुद्धारक अनागारिक धर्मपाल (सन् १८६४-१९३३)[117] ले महाबोधि सभा तथा युवक बौद्ध मण्डल (YMBA) को स्थापनासँगै थालिएको अभियानसित कलकत्ता विश्व विद्यालयमा वाणिज्य शास्त्र अध्ययनरत पाटनवासी जगतमान वैद्य प्रभावित भए । धर्मपालको सान्निध्यमा स्थविरवाद बुद्धधर्मको अध्ययनसँगै बौद्ध साहित्य रत्न हासिलपछि जगतमान “धर्मादित्य धर्माचार्य” (चित्र सूची नं. ४) मा परिणत भई सन् १९२३ (बु.सं.२४६७) मा बुद्धभूमि राष्ट्र नेपालमा विदाका फर्किंदा नेपालमा थेरवाद पुनः उत्थान गर्न धर्ममान साहु (सन् १८६१-१९३७) को पूजाकोठीमा धर्मचक्रप्रवर्तन दिवस आषाढ पूर्णिमाका दिन “नेपाल बुद्धोपासक संघ” स्थापना गरियो । संघका व्यवस्थापक एवं मूल प्रचारक धर्मादित्य धर्माचार्य, प्रवन्धकमा उपासक त्रिरत्नमान, बौद्ध व्यापार विभागको प्रबन्धकमा चित्तधर हृदय, संघको धनरक्षक ( कोषाध्यक्ष) मा त्रिरत्नमान तुलाधर, संघको अन्य कार्यका लागि सहायकमा कुलदीप र सदस्यमा बुद्धिरत्न गरी कार्यकारिणी गठन गरिएको थियो ।[118]

उनले कलकत्तामा हुँदै ‘नेपालमा लोप हुनलागेको बुद्धधर्मलाई रक्षा गर्ने गुठी’ भनी “बुद्धधर्म उद्धार संघ नेपाल” स्थापना गरे । बुद्धधर्म प्रचारप्रसार गर्न ग्रन्थ प्रकाशन, संघसंस्था स्थापना, विहार चैत्य निर्माण तथा रक्षा, लुम्बिनीको प्रचार, धार्मिक जागरण आदि १२ वटा उद्देश्यसहित सो संस्था गठन भएको थियो ।[119]

---

115 भिक्षु सुदर्शन, (संपादक), **विश्वमा बुद्धधर्म**, (अनु. धर्मरत्न शाक्य त्रिशुली), (काठमाडौं : अनुवादक स्वयं, वि.सं. २०५३), पृ. १२ ।

116 **ऐजन** ।

117 बैकुण्ठप्रसाद लाकौल, **नेपालय् स्थविरवाद**, (काठमाडौं : मालती लाकौल, वि.सं. २०४२), पृ. ७ विस्तृत विवरणका लागि ।

118 **ऐजन**, ४८ मा “बुद्धधर्म” वर्ष १ अंक २-३-४ (जेष्ठ, आषाढ, श्रावणअनुसार उद्धृत गरिएको ।

119 **ऐजन**, पृ. ४७-४८ ।

यसरी नै तीनहप्तापछि ललितपुरस्थित इल्हननि बहालका हिरामाया र धनमाया उपासिकाको घरमा संघ प्रतिष्ठाता तथा मूल प्रचारकमा धर्मादित्य धर्माचार्य, प्रबन्ध तथा नायिकामा हिरामाया उपासिका, धनरक्षक तथा सहायक पदमा धनमाया उपासिका कार्यकारिणी पदाधिकारीमा थिए ।[120] यसको लगत्तै धर्मादित्य धर्माचार्यले थेरवादलाई प्रचार-प्रसार गर्न स्वयम्भूस्थित किन्द्रःबहाः (कीर्तन महाविर ने.सं.८०७) जीर्णोद्धार गर्न धर्मान साहुसँग सल्लाह गरी तत्कालीन श्री ३ महाराज चन्द्रशमशेर महाराजमा जाहेर पत्र चढाउँदा रु.१५००।- उपलब्ध भएको थियो ।[121] सिद्धिरत्न ताम्राकार (ग्वारा साहु), बुद्धरत्न साहु, सिद्धिहर्ष ( बाबुकाजी गुरुजु), बेखारत्न, कुलबहादुर मानन्धर, लोकरत्न तुलाधर, एवं दशरन साहु (पछि भिक्षु धर्मालोक) लक्ष्मीनानी तुलाधर (अनागारिका धर्मचारी) आदिको देनबाट किन्द्र बहाः (किन्दोल/किण्डोल महाविहार) साँच्चै नै त्यतिबेला थेरवादको केन्द्र भएको थियो ।[122] धर्माचार्यको संस्थागत गतिविधिले नेवार बौद्धहरुमा साँगठनिक सोचअनुरुप अगाडि बढ्न प्रेरणा मिल्यो । किण्डोल विहार जागरण मञ्चको रुपमा खडा भयो । धार्मिक उपदेश, छलफल आदि कार्यहरुले निरन्तरता पाउँदै गए ।

धर्माचार्यको सकृयतामा कलकत्ताबाटै बु.सं.२४६९ (ने.सं.१०४५) को वैशाखपूर्णिमादेखि **"बुद्धधर्म"** पत्रिकाको प्रकाशनको शुरु हुन्छ, अनि त्यसैलाई बु.सं.२४७१ देखि **"बुद्धधर्म व नेपाल भाषा"** गोरखाभाषा (नेपाली) अन्तर्गत वि.सं. १९८९ मा **"नेपाली नागरिक"**, बु.सं. २४७१ को माघ-फागुन (Jan–Feb 1928) देखि **"हिमालय बौद्ध"** हिन्दू र बङ्गालीअन्तर्गत **"बौद्ध भारत"** सम्पूर्ण भाषाभाषीहरुका लागि अंग्रेजीमा **"The Buddhist India"** पत्रिका प्रकाशन गरे ।[123] यसरी नै एउटा स्मरणीय पक्ष भनेको ई.सं. १९२८ ( बु.सं.२४७२) को डिसेम्बर २७-२९ सम्म तीनदिने "अखिल भारत बौद्ध सम्मेलन (The All India Buddhist Conference) मा नेपाल र भारत गरी २४ वटा बौद्ध संघसंस्थाहरुले भाग लिएका थिए । सो सम्मेलनको महासचिव भई धर्मादित्य धर्माचार्यले विदेशमै बसी नेपालमा बुद्धधर्म पुनरुत्थानका लागि योगदान पुऱ्याए ।[124]

---

120 **ऐजन**, पृ. ४९ ।

121 **ऐजन**, पृ. ६१ ।

122 रत्नसुन्दर शाक्य, **बौद्ध जगतका स्मरणीय व्यक्तित्वहरु,** दुतीय भाग, (काठमाडौं : मानदास लुमन्ति प्रकाशन, वि.सं.२०५०), पृ. १५० । बैकुण्ठप्रसाद लाकौल,(पूर्ववत, पादटिप्पणी संख्या ४), पृ. ६१ ।

123 बैकुण्ठप्रसाद लाकौल,(पूर्ववत, पादटिप्पणी संख्या ४), पृ.४७-५८ ।

124 **ऐजन**, पृ. ५८-५९ ।

यसरी धर्मादित्य धर्माचार्यलाई नेपालको थेरवाद बुद्धधर्ममा पुनरुद्धारक व्यक्तिको रुपमा परिभाषित गरिन्छ भने तत्कालीन वस्तुस्थिति र परिवेशलाई अध्ययन गर्दा थेरवादमात्रमा सीमित नभई पूर्णरुपमा नेवार बुद्धधर्मावलम्वी तथा नेवार समूदाय एवं नेपाल भाषा-साहित्यकै लागि उनको स्मरणीय योगदान रहेको कुरालाई प्रेरणा-पुञ्जका रुपमा स्वीकार्नु पर्ने देखिन्छ । उनबाटै सकृय भूमिका निभाउँदै गर्दा नेवार बौद्धहरु जागरणतर्फ अझ अगाडि बढ्दैगए ।

### ४.२.२ महायानीपरम्परा-लामाभिक्षुहरुको योगदान

नेपालमा एशियाली स्वतन्त्र संग्रामको जागरणको साथै उठेको धार्मिक चेतना अभिवृद्धि हुँदै वि.सं १९८१ पुग्दा तिब्बतको खामबाट आएका क्यान्छा लामा (कुन्साङ्ग लोसेल्) ले नेपालको बौद्ध जागरणमा नौलो अध्याय थपिदियो । केही महिनाको अवधिमै ५/६ हजार संख्यामा क्यान्छा लामाको (चित्र सूची नं. ५) उपदेश श्रवणका लागि भएको भेला निःसन्देह नेपालको इतिहासमा असाधारण थियो । यसै जमघटले बौद्ध संगठनप्रति राणा शाशकीय प्रशासकहरुका हृदयमा विषवृक्ष रोपिदियो ।[125] सोही उपदेशबाट प्रभावित हुनेहरुमध्ये प्रेमबहादुर (नानीकाजी) श्रेष्ठले वि.सं. १९८२ (सन् १९२४) मा छिरिङ्ग नुर्बुको उपाध्यायत्वमा महाप्रज्ञा (पल्धेन श्यरब) को नाउँबाट घेलुंदीक्षा (लामाभिक्षु) प्राप्तगरी केरुङ्गबाट ठूलो क्रान्तिको सूत्रपात गरे । यो जयस्थिति मल्लको सुधारको नाउँमा अबौद्ध शक्तिले बुद्धधर्मको गृहत्याग पवृत्तिमा खण्डित भएको पुरानो परम्परा, कुलगत अबौद्धभएकाले गृहत्याग गरी प्रव्रजित भई क्रान्तिको सूत्रपात गरिएको घटना हो ।[126] उनीसँगै हर्षदेव र कान्छा शाक्यले पनि पल्धेन ख्वरब र पल्धेन दावाको नाउँबाट दीक्षा प्राप्त गरे । यसको लगत्तै महाप्रज्ञा (श्यरब) र महाचन्द्र (दावा) काठमाडौंस्थित नागार्जुनमा रहँदा महाज्ञान (दालचिनी), महाक्षान्ति (ज्ञान शाक्य), महावीर्य (बेखाराज शाक्य) ले पनि दीक्षा प्राप्त गरे ।[127] यसरी नै महाप्रज्ञाकै प्रभावले तिब्बतमा औषधी उपचार गर्न गएका इतुंबहालका वैद्य कुलमानसिंह वि.सं. १९८४ मा थीले छुल्यान (कर्मशील) को नाउँबाट लामा (घेलुं) दीक्षा प्राप्त गरे ।[128]

---

125 भिक्षु सुदर्शन, (सं.), **विश्वमा बुद्धधर्म**, (पूर्ववत, पादटिप्पणी संख्या २), पृ. १३ ।

126 **ऐजन** ।

127 बैकुण्ठप्रसाद लाकौल, (पूर्ववत, पादटिप्पणी संख्या ४), पृ. ७१ ।

128 भिक्षु सुदर्शन, (सं.), (पूर्ववत, पादटिप्पणी संख्या २), पृ. १३ ।

महाप्रज्ञालगायत पाँचजना काठमाडौं सडकमा धर्मप्रचारात्मक दृश्यमा देखिन थालेपछि चन्द्र शमशेर महाराजको आँखामा बौद्धहरु बिभ्फाउन सजिलो भयो । अनि वि.सं. १९८२ श्रावण महिनामा महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्तिलाई (चित्र सूची नं. ६) देशबाट निर्वासित गऱ्यो ।[129] ईर्ष्यालु सत्ताधारी ब्राह्मणवादीहरुको चुगलीबाट महाप्रज्ञा समूहसँगै नागार्जुन डाँडामा राजाज्ञा लिई बसेका छेरिङ्ग नुर्बु (गुरु) लाई समेत देश निर्वासन गरियो । गएको शदीहरुमा आफ्नो देशबाट कला र संस्कृतिको साथै धर्मप्रचारकहरु पठाइरहेको पूर्व परम्परा र यसको निम्ति प्रदत्त मार्गको उदारताको विपरीत राजनैतिक शक्तिले गरेको १९८२ सालको यही पहिलो प्रत्यक्ष क्रूर दमन हो भने छेरिङ्ग नुर्बुको श्रद्धाअनुसार स्वयम्भूको जीर्णोद्धार कार्यमा चन्द्र शमशेरकालीन सरकारबाट अवरोध पुऱ्याइएको परिदृश्य जुन छ, यो नै नेपालको बौद्ध श्रद्धात्मक निर्माण कार्यमा पहिलो बाधा हो ।[130] त्यस किसिमका घटनाले बौद्ध नेवारमात्र नभई उपत्यकावासी नेवारहरुकै बीच थप जागरणका लागि बल थपिँदै गयो । वस्तुतः महायानी परम्पराअनुरुप लामाभिक्षुहरुको आगमन एवं देशनिकालाको कारणले नेपालमा थेरवाद बुद्धधर्म पुनर्स्थापनाका लागि पुनर्जागरण कार्यमा महत्वपूर्ण भूमिका निभाएको तथ्य स्मरणीय पक्ष हुन् ।

### ४.२.३ थेरवादी भिक्षु परम्पराको शुरुवात

देश निर्वासनपछि गुरु छेरिङ्ग नुर्बुसँगै महाप्रज्ञा भारतमा धार्मिक यात्रा तथा थेरवाद बुद्धधर्मको अध्ययनतर्फ आकर्षित भए । बुद्धको परिनिर्वाणस्थल कुशीनगरमा वि.सं. १९८५ (सन् १९२८) मा बर्माका स्थविरवादी भिक्षु उ. चन्द्रमणिको उपाध्यायत्वमा (चित्र सूची नं. ७) पूर्ण रुपमा स्थविरवादी श्रामणेर दीक्षा प्राप्त गरे ।[131] यही नै आधुनिक नेपालको इतिहासमा थेरवाद बुद्धधर्मको बिउ रोप्ने र जगस्थापनाको ऐतिहासिक घटना हो । नेपाली थेरवादकै इतिहासमा पहिलो थेरवादी श्रामणेर दीक्षा प्राप्त महाप्रज्ञाले ३ वर्षपछि सन् १९३१ को वैशाख पूर्णिमाका दिन[132] उपसम्पदादीक्षा प्राप्तगरी पूर्णरुपमा थेरवादी भिक्षुत्व प्राप्त

---

129 लाभरत्न तुलाधर (सफू चित्तामि), महाप्रज्ञाकृति त्रिआङ्गिक लोकुत्तर प्रज्ञा दर्शन, (यें : विद्यासागर व मेपिं, वि.सं. २०६०), पृ. १३ । भिक्षु सुदर्शन, (सं.), (पूर्ववत, पादटिप्पणी संख्या २), पृ. १३ ।

130 भिक्षु सुदर्शन, (सं.), (पूर्ववत, पादटिप्पणी संख्या २), पृ. १३ ।

131 रत्नसुन्दर शाक्य, (पूर्ववत, पादटिप्पणी संख्या ९), पृ. ११३-११४ ।

132 **ऐजन,** पृ. ११४ ।

गरी उनी नेपालमा थेरवाद बुद्धधर्ममा पुनरद्धारक भिक्षु महाप्रज्ञाको जीवनवृत्त इतिहासमा संचित हुनगई आधुनिक नेपालको बुद्धधर्मको इतिहासमा स्मरणीय व्यक्तित्व भए । (चित्र सूची नं. ८)

बौद्ध तीर्थस्थलको क्रममा कुशीनगर पुगेका कर्मशील भिक्षुले भिक्षु ऊ.चन्द्रमणी महास्थविरबाट स्थविरवादी शुद्धबुद्धशासनका ज्ञान, गुण र उपलब्धिका विषयमा चित्तबुझ्ने गरी उपदेश श्रवणपश्चात् हृदय परिवर्तन गरी घेलुंपा (लामा) को दीक्षा-भारी बिसाई चन्द्रमणी महास्थविरकै उपाध्यायत्वमा वि.सं. १९८७ मा (सन् १९३०) शुद्धबुद्धधर्म स्थविरवादी शासनमा श्रामणेरदीक्षा प्राप्त गर्नुभयो ।[133] (चित्र सूची नं. ९) अनि महाप्रज्ञाले नै उनलाई नेपाल उपत्यका प्रवेशार्थ रक्शोलसम्म पुऱ्याइदिए ।[134]

श्रामणेर कर्मशील बीरगंज भंसारबाट राहदानी लिनुभई नेपाल प्रवेश गरे । बुद्धको जन्मभूमि नेपाल, जहाँ मोह, अन्धकारमा डुबिरहेका नेपालीहरुलाई शुद्ध बुद्धधर्मको धर्मामृत पान गराई राजा जयस्थिति मल्लका शासन कालदेखि लोप भएर गएको शुद्ध बुद्धधर्मको परम्परालाई पुनर्वार स्थापना गरी उन्नति वृद्धि र प्रचार प्रसार गर्ने उद्देश्य लिई उनले वि.सं. १९८७ सालमा ६०० वर्षपछि नेपालमा प्रथम ऐतिहासिक पीतवस्त्रधारी स्थविर श्रामणेरको रुपमा नेपालको काठमाडौं उपत्यकामा प्रवेश गरी किण्डोल विहारमा बसीकन नेपालमा स्थविरवादी बुद्धधर्मको पुनः प्रचार गरी जग हाल्नुभई धर्मको पुनर्स्थापना गरे । यस प्रकार उनले नेपालको आधुनिक इतिहासमा प्रथम ऐतिहासिक अग्रणी धर्मदूतको रुपबाट काठमाडौं उपत्यकामा विकसित भइरहेको धार्मिक विकृतिलाई सुधार गर्ने कठीन प्रयासको क्रम शुरु गरे ।[135] उनी काठमाडौं उत्पत्यकाको छोकदोलमा बसे । अनि बाह्रां साहु (धर्मालोक महास्थविर) को निमन्त्रणाअनुसार किण्डोल विहारमा बसे । यसरी जगतमान शाक्यभिक्षु (धर्मादित्य धर्माचार्य) ले पहिले स्थविरवाद धर्मदर्शनको प्रचार शुरु गरेको स्थल तथा बाह्रां साहुबाट चीवरवस्त्र र भिक्षा पात्र (श्रीलंकाबाट ल्याइएको) राखेर स्थविरवादको प्रतीक चिन्ह पूजा गरिएको स्थलमा जीवित स्थविरवादी श्रामणेर कर्मशील विराजमान भए ।[136]

---

133 आर.वि. वन्द्य, **संघमहानायक पग्रमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविर**, (काठमाडौं : नगरमण्डप श्री कीर्तिपुर विहार, वि.सं. २०५६), पृ.१६-१७ ।

134 भिक्षु सुदर्शन, (पूर्ववत, पादटिप्पणी संख्या १), पृ. १३५ ।

135 आर.वि. वन्द्य, (पूर्ववत, पादटिप्पणी संख्या २०) पृ. १७-१८ ।

136 भिक्षु सुदर्शन, (पूर्ववत, पादटिप्पणी संख्या १), पृ. १३५-१३६ ।

यसपछि धर्मचर्या र धार्मिक जागरणार्थ जमघट गर्नका लागि यौटा राम्रो अवसर प्राप्त हुँदै गएको देखिन्छ भने कर्मशीलको आगमनपछि देखिएका धर्मप्रचार तथा धार्मिक अनुष्ठानका नाउँमा भएका सांगठनिक चेतनामूलक कृयाकलाप राणा शासनका लागि सह्य हुन सकेन । त्यसपछि राणा प्रशासनले कूटनीतिक ढङ्गले किण्डोल विहारबाट आडम्बर मत चलाइएको लान्छना लगाई मुद्दा चलाइए ।

किण्डोल विहारमा चीवरपात्रलाई नियमानुसार मण्डल बनाई अष्टमीव्रत पूजा हुँदा मानिसहरुको जमघट बढ्न थाले । पूजा-व्रतका लागि मुट्ठी दानका लागि पर्चा बाँडियो, यसपछि अष्टमीव्रत लोकप्रीय हुँदै जनसहभागितामा वृद्धि भयो । "किण्डोल विहारमा आडम्वर मत चलाइयो" भन्ने मान्यतालाई आधार मानी जोगवीरसिं, माणिकमान, करुणारत्न, सिद्धिरत्न, मानदास, हर्षदास, मानदेव, चित्तधर, धर्ममान, मञ्जुहर्ष र बाह्लांसाहु (धर्मालोक) गरी एघार जनालाई वर्षभरी तारिखमा धाउन बाध्य गरियो । वि.सं १९८८ कार्तिक २१ का दिन भीमसेन महाराजकहाँ मुद्दा जाहेरी गरियो । राजा रीसले चूर भई जोगवीरसिं, माणिकमान, सिद्धिरत्न, करुणारत्न, मानदासलाई चुट्नसम्म चुट्न लगाई भोलि देश निकाला गर्ने हुकुम दिई तिनीहरुलाई थानामा पठाए ।[137] भीम शमशेर महाराज सलामी दिने झ्यालमा देखापर्दा चीफसाहेब जुद्ध शमशेरद्वारा- "अबफेरि यस्तो गर्ने छैन गरे तजबिजी सजाय सहुँला भनी माफी बक्सनेछ, के भन्छौ ?" भनी मर्जि हुँदा जोगवीरसिंहले- "माफी पाउँ, जय महाराज ?" दाम चढाएर बाहिरिए । जोगवीरसिंहलाई थानाबाट गारथमा राखी दिए ।[138] सिद्धिरत्नलाई रामेछाप, करुणारत्नलाई चौतारा, माणिकमाललाई गोरखा, मानदासलाई नुवाकोटतर्फ गरी धेरै जसोलाई चारभन्ज्याङ्ग कटाइदिए ।[139] बाह्लां साहुलाई मुट्ठीदानसम्बन्धी पर्चा वितरण गरेको भनी रु.५०/- जरिवाना गरी वि.सं.१९८८ कार्तिक २८ गते मुक्त गरियो भने निकालामा परेकाहरुलाई पुनः फिर्ता बोलाई कागज गराई छोडियो ।[140]

वि.सं. १९८९ सालमा बाह्लां साहु पनि कुशीनगरमा भिक्षु चन्द्रमणि महास्थविरकै उपाध्यायत्वमा दीक्षा प्राप्तगरी श्रामणेर धर्मालोक भए । (चित्र सूची नं. १०) नेपालमा स्थविरवाद बुद्धधर्म प्रचार गर्ने उद्देश्य लिई किण्डोल विहार पुगेकै रातमा उनलाई पुलिस आई थानामा पुऱ्याए । लक्ष्मीनानी र

---

137 धर्मालोक महास्थविर, **महाचीन यात्रा**, (अनु. नानीमैया मानन्धर), (लुम्बिनी : भिक्षु अनिरुद्ध महास्थविर, वि.सं. २०३४), पृ. २६-२६ ।

138 बैकुण्ठप्रसाद लाकौल, (पूर्ववत, पादटिप्पणी संख्या ४), पृ. ७६ ।

139 **ऐजन** ।

140 धर्मालोक महास्थविर, (पूर्ववत, पादटिप्पणी संख्या नं २४), पृ. ७२ ।

दानमाया उपासिकाले खानाका लागि आवश्यक प्रवन्ध मिलाए । चन्द्रबहादुर मेजरले "किन कपाल मुण्डन गरेको" भनी सोध्दा "भविष्य सुधार गर्न" भनी जवाफ दिंदा "नेपालमा यस्तो छाँटले आउनु हुँदैन । तिमीले नेपालका धेरै केटाकेटीहरुलाई बर्मा लगेर के के गऱ्यौ ?" भनी गालि गरे । "नेपालमा यसरी मुण्डन गरी आउन नहुने, तिमी आयौ । महाराजलाई जाहेर नगरेसम्म तँलाई छोड्दिन ।" भनी छैठौं दिनमा जुद्ध शमशेर महाराजसमक्ष अनेकौं दोष लाञ्छना अवगत गराइयो । तर जवाफमा "यो भिक्षु- साधु भयो त मेरो राज्यमा के हानी छ ?" भनी महाराज बम्किंदा पनि विन्ति चढाउने सुब्बा बोलीरहे, अनि- "जा ! तँलाई पनि साधु हुने इच्छा छ भने जा, मलाई केही हानी हुने छैन ।" भनी मर्जिहुँदा महाराजको बोलीका कारण सुब्बाको केही चलेन, त्यसपछि धर्मालोक किण्डोल विहार पुगे । भोलिपल्ट भिक्षाटनका लागि विष्णुमतीहुँदै ताम्सिपाखा, नरदेवी, टेङ्गल, न्त्योखा, क्वहिति ओर्लेर विष्णुमती पुल तरी छाउनी भएर किण्डोल पुग्दा उनको भिक्षा पात्रमा एकमुट्ठी चामल र छ पैसा मात्र दान प्राप्त भएको थियो ।[141] भिक्षा जाँदा प्राय मानिसहरु तोलाएर हेरीरहन्थे भने कसैले गालि पनि गर्थे । यसरी भिक्षाटनको परम्परामा कर्मशीलपछि धर्मालोक हुँदै नेपालको थेरवाद बुद्धधर्ममा विविध आयाम थपिंदै गए ।

सन् १९३६ अगष्ट २ का दिन तानसेनका लालधन शाक्यले ऊ. चन्दमणि महास्थविरको उपाध्यायत्वमा नयाँ श्रामणेर अमृतानन्दको पदार्पण हुन्छ,[142] जसले नेपालको आधुनिक बौद्ध इतिहासमैं साहसिक इतिहास कोर्न भ्याएका थिए । श्रामणेर दीक्षापछि निर्वासित जीवन व्यतीत गरिरहेका नेपालमा आफ्ना शिष्य भिक्षु महाप्रज्ञाकहाँ कालिम्पोङ्ग पठाइदिए । महाप्रज्ञाको आश्रयमा श्रामणेर अमृतानन्दलाई अध्ययन-मनन् गर्ने अवसर मिल्यो । कालिम्पोङ त्रिपाई डाँडामा अवस्थित "प्रज्ञाचैत्य महाविहार" मा भिक्षु महाप्रज्ञाका साथ केही समय बिताइसकेपछि श्रामणेर अमृतानन्दले पुनः एकपटक भोजपुरमा आफ्ना आफन्तहरुकहाँ जाने विचार गरी गुरु भिक्षु महाप्रज्ञासित अनुमति लिई वि.सं.१९९३ सालको मङ्सिरमा इलामको बाटोहुँदै भोजपुर प्रस्थान गरे । श्रामणेर अमृतानन्द भोजपुर पुगेको तीन हप्तापछि भिक्षु महाप्रज्ञा पनि भोजपुर आइपुगे । श्रामणेर अमृतानन्द र गुरुवर भिक्षु महाप्रज्ञाको भोजपुर आगमनलगत्तै उनीहरुबाट प्रवचन सुनेर त्यहाँका परम्परागत बुद्धधर्मावलम्बीहरुले बुद्धधर्मबारे निकै ज्ञान हासिल गरे । त्यहाँका उपासकोपासिकाहरुको श्रद्धाको कदर गरी एउटा बुद्धमूर्ति बनाउने कुरा भिक्षु महाप्रज्ञाले उठाउनासाथै तुरुन्तै आवश्यक सामान बटुली काम शुरु

---

141 **ऐजन**, ४९-५१ ।

142 भिक्षु अमृतानन्द, **नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास**, (काठमाडौं : आनन्दकुटी विहार गुठी, वि.सं. २०३८), पृ. १ ।

गरिएको थियो । भिक्षुहरुबाट धर्मप्रचारमा आलोपालो गर्दै मूर्ति बनाउने कार्य हुँदैगयो र १८ दिनमा सो बुद्धमूर्ति तयार भएपछि वि.सं. १९९३ साल, पौष ३० गतेका दिन भव्य रथयात्रा गरी पहिलेदेखि धर्मस्थलको रुपमा रहँदैआएको गुम्बामा प्रतिस्थापित गरी गुम्बाको नाम पनि भिक्षु महाप्रज्ञाले नै "श्री शाक्यमुनि विहार"[143] भनी नमाकरण गरे । यसको भोलिपल्ट १ माघ १९९३ का दिन भोजपुर जिल्लाका बडाहाकिम गरुडध्वज केही कर्मचारी र सिपाहीहरुसाथ विहारमा आए । निज, श्री ३ चन्द्र शमशेरको पालोमा सिंहदरबारमा आठपहरिया छँदा महाप्रज्ञालगायत अन्य चारजना घेलुंहरुलाई देश निकाला गरेको घटनासँग परिचित व्यक्ति थिए । भिक्षु महाप्रज्ञालाई देख्नासाथ केही सवाल-जवाफ गरियो । त्यसबेला नै निष्कासित गरिएका व्यक्ति पुनः देशभित्र आएको, नयाँ धर्म (स्थविरवाद) प्रचार गरेको, हिन्दू-बौद्ध भएको, अझ बुद्धमूर्तिसमेत निर्माण गरेको आदि आरोप लगाई महाप्रज्ञाको साथै उनको विशेष सहयोगी श्रामणेर अमृतानन्दलाई पनि साथै लगी ३ महिनासम्म भोजपुर जेलमा राखिएको थियो । (चित्र सूची नं. ११) भोजपुर जेलमा ३ महिना राखिसकेपछि दुबैलाई धनकुटा जेलमा चलान गरियो । धनकुटा जेलमा ल्याइएको एक महिनापछि पुनः दुबैलाई सीमापारी जोगवनी स्टेशन पुऱ्याइयो । त्यसपछि दुबैजना जोगवनीबाट कटिहा-सिलीगुडी हुँदै कालिम्पोङको प्रज्ञाचैत्य महाविहारमा पुगे ।[144]

नेपाली प्रव्रजित भिक्षु तथा श्रामणेरहरु अभिवृद्धिसँगै शाक्यानन्द, अनिरुद्ध, सुबोधानन्द, रत्नज्योति, बुद्धघोष, चुन्द, अग्गधम्म, कुमार, अश्वघोष, शासनज्योति, सुमंगल, ज्ञानपूर्णिक, सुदर्शन आदि थेरवादमा देखिए ।

### ४.२.४ थेरवादमा अनागारिका प्रवेश

महाप्रज्ञा र कर्मशीलजस्ता कर्मठ थेरवादी दीक्षितहरुको आगमनपछि नेपाली नारीहरूलाई अनागारिका दीक्षा दिलाई बुद्धधर्ममा नारीहरूलाई समेत प्रव्रजित जीवन गुजारा गर्न नयाँ बाटो तय गरिएको स्मरणीय इतिहास छ । बि.सं. १९८८ मा कर्मशीलले आफूसँगै प्रवज्याका इच्छुक उपासक उपासिकाहरुलाई कुशीनगर पुऱ्याई गुरु चन्द्रमणिको हातबाट स्थविरवादी बुद्धशासनमा प्रवज्या पनि प्रदान गराए । प्रव्रज्यापश्चात् माहिला उपासक शासनज्योति श्रामणेर बने भने पुण्यतारा, चँछिमि र संघतारा उपासिकाहरु

---

143 दरशा नेवामि,, (सम्पादित), **बौद्ध ऋषि महाप्रज्ञाया आत्मकथा,** तेश्रो भाग, (काठमाडौं : सकल उपासकोपासिका ऋषि आश्रम, ने.सं. ११०९), पृ. २०६ मा उल्लेख भएअनुरुप वि.सं. १९९३ मा स्थापित भोजपुरको शाक्यमुनि विहार नै नेपालको थेरवादी प्रथम विहार भन्ने बुझिन्छ । तर पहिलेदेखि धर्मस्थलको रुपमा रहँदै आएको (गुम्बा) ले प्रथम थेरवाद विहार भनी आधिकारिक प्रचार नभएको हुनुपर्दछ, तर पनि नेवामिको पुस्तकमा उद्धृतअनुरुप : *उखुन्हु हे खते ताया बाजा गाजा सहितं देश परिक्रमा याना श्री शाक्यमुनि विहार धका विहार दयेका प्रतिस्था जुल । १९९३ सालं नसें भोजपुर खिकामाछा टक्सारे स्थविरवाद बौद्ध विहार दुगु जुल । नेपाल राज भित्रे स्थविरवादया प्रथम विहार निर्माण जूगु थ्व हे जुल ।*

144 रत्नसुन्दर शाक्य, "आचार्य भिक्षु अमृतानन्द महास्थविर", **आनन्दभूमि**, वर्ष ३२, अङ्क ५, पृ. ८-९ ।

क्रमशः अनागारिका रत्नपाली, धर्मपाली र संघपाली बनेका थिए । (चित्र सूची नं. १२) यसरी कर्मशील भन्तेले प्रथम ऐतिहासिक अग्रणी धर्मदूतको आफ्नो कृत्य पूर्ण गरे । तत्पश्चात् कुशीनगरबाट फर्केर कर्मशील भन्ते नेपालमा नवस्थापित धर्मको उन्नति बृद्धिको कार्यमा दोब्बर उत्साह र उमङ्ग निकाली नेपालमा यथाशीघ्र १५ जवान भिक्षुहरु बनाउनु पऱ्यो भनी मनले संकल्पन गरी चिताई अनवरत रुपबाट त्यस लक्ष्य प्राप्तितर्फ प्रयत्नशील बनेर लागिरहे ।[145]

यसपछि अनागारिकाहरुको दीक्षामा क्रमशः अभिवृद्धि हुँदै गए जसअनुरुप वि.सं. २००६ सालसम्म अनागारिका रत्नपाली, धर्मपाली र संघपालीपछि क्रमशः धम्मानन्दी, धर्मचारी, धर्मशीला, विरति, आरति, विशाखा, महानन्दी, शीलाचारी, संघमित्ता, करुणा, मुदिता, थुलनन्दी, चुलनन्दी, सुशीला, रत्नमञ्जरी, उत्तरा, मागधी, माधवी, धम्मावती, ञाणसीला, सत्यशीला, संघरक्षिता गरी २५ जना अनागारिकाहरु दीक्षित भैसकेका थिए भने पछि क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । आजम्म आइपुग्दा नेपाल भरी थेरवादी अनागारिकाहरु १४१ जना पुगेको छ, जसमध्ये नेवार समुदायमा बाहुल्यता रहेको छ भने केही केही मात्र बाहुन, क्षेत्री, तामाङ्ग, थारुलगायत जनजातिअन्तर्गतका छन् ।[146] ४६ सालको राजनीतिक परिवर्तनपछि नेपालमा नारी स्वतन्त्रता र समानताका सवालमा ठूलो परिवर्तनमुखी उठेका इश्युहरूले थेरवादी परम्परामा समेत प्रभाव पारेको कुरालाई नकार्न सकिंदैन ।

### ४.२.५ ज्ञानमाला भजन खलःको स्थापना

नेपालमा बुद्धधर्मको पुनर्जागरण कालमा बौद्ध क्षेत्रमा विभिन्न व्यक्तित्व, समूह, संघसंस्था आदिले योगदान पुऱ्याएको सन्दर्भमा ज्ञानमाला भजन खलः-स्वयम्भूको योगदान पनि स्मरणीय छ । यसले त्यतिबेला धर्मको उद्देश्य बोकी नेपाल भाषा र साहित्य, नेवारी जनसमुदायबीच जागरणमूलक कार्य संचालन गरेको थियो भने ज्ञानमालाले आफ्नो उद्देश्य प्राप्तार्थ अझै पनि निरन्तररुपमा प्रचार-प्रसारको कार्यलाई निरन्तरता दिइरहेको छ ।

---

145 आर.वि. वन्द्य, (पूर्ववत, पादटिप्पणी संख्या २०) पृ. १९ ।

146 परिशिष्ट नं. ३

थेरवादी भिक्षु-श्रामणेरहरु नेपालमा पदार्पणको आरम्भपछि स्वयम्भू डाँडामा सदाभैँ भजन गर्ने, भजनको माध्यमले जनचेतना जगाउने कार्यले गर्दा तत्कालीन परिवेशमा ज्ञानमालाले संवाहकको रुपमा कार्य गरेको थियो । वि.सं. १९९४ सम्म नेपाल भाषामा बौद्ध भजन गराउने पुस्तकको अभाव थियो । भिक्षु धर्मालोक र भिक्षु अमृतानन्दको नेतृत्व पाएर ज्ञानमालाले अगाडि बढ्ने कृयाकलाप थालनी गऱ्यो । वि.सं. १९९५ सालमा भिक्षु धर्मालेकले भिक्षु प्रज्ञाभिवंशको नाउँमा सर्वप्रथम १८ वटा भजन गीत संग्रह गरी भारतको कुशीनगरस्थित काशी-मायाकुवर भन्ने ठाउँबाट 'ज्ञानमाला' पुस्तक ५०० प्रति प्रकाशित गरी काठमाडौं भित्र ल्याइयो । त्यसबेलादेखि स्वयम्भूमा निरन्तर अद्यावधि विहानीपख ज्ञानमाला भजन गाउने, सुनाउने कार्य भइरहेको छ ।[147]

सुरुवातमा ज्ञानमालाका रचनाकारहरु स्वयंले क्रूर राणा शासकीय प्रशासनबाट जोगिनका लागि एउटा अक्षरको मात्र प्रयोग गरेका थिए ।[148] नयाँ लहरभैँ ज्ञानमालामा विशेषतः नेवार समुदायको उपस्थिति जम्न थाल्यो । भिक्षुहरुकै नेतृत्व पाइरहेको ज्ञानमालामा आवद्धहरु किण्डोल विहार, आनन्दकुटी विहारमा हुने धार्मिक कार्यमा पनि संलग्न हुनथाले । वि.सं. १९९७ सालको माघपूर्णिका दिन स्वयम्भूदेखि जनबहाः (मच्छिन्द्र बहाल) सम्म असंख्य नरनारी जम्मा भई भजन गाउँदै पैदल यात्राको आयोजना गरिंदा राणा सरकारी प्रशासकहरुको समेत कान ठाडो भएको थियो । ज्ञानमालाको नाउँमा राजनीतिक जनचेतना जगाउने कार्य सुसूचित हुँदैछ भन्ने राणा सरकारले सुइँको पाइसकेकै थियो । जमघटमा तीब्रता एवं गतिशीलता थपिँदै गएपछि भिक्षुहरुकै कारणले यस्ता जागरण मूलक कृयाकलाप अगाडि सारिंदै छ भन्ने सशंकित मानसिकताले २००१ श्रावण १५ गते ४ जना नेपाली भिक्षु तथा ४ जना श्रामणेरहरुलाई जुद्ध शमशेरको शासनकालमा धर्मप्रचार गर्न नपाइने भन्दै देश निकाला गरियो । यस घट्नाले जनमानसमा घ्यू थप्ने कार्य भयो । राणा विरोधी कार्यलाई निरन्तरता दिने कार्यसमेत भए ।

वि.सं. २००० सालसम्म ज्ञानमाला भजनले विशाल रुप धारण गरिसकेको थियो । ठाउँ ठाउँमा साँझतिर ज्ञानमाला भजन अभियान थालियो, जसमा हजारौंको उपस्थितिले प्रशासन संयन्त्रलाई सचेत हुन बाध्य तुल्याइयो । २००० कार्तिक महिनामा प्रहरी हाकिम चन्द्रबहादुर थापा दलबलसहित भजन खलःमा छापा

---

147 भुवन लाल प्रधान,"ज्ञानमाला संक्षिप्त परिचय", **स्मारिका, लुमन्ति-पौ**, (काडमाडौं : ज्ञानमाला भजनखलः, वि.सं.२०६३), पृ. ९ ।

148 भिक्षु सुदर्शन,"न्हापांगु संस्करणया ज्ञानमाला छगू अध्ययन", **स्मारिका, लुमन्ति-पौ**, (काडमाडौं : ज्ञानमाला भजनखलः, वि.सं. २०६३), पृ. ६८ ।

मार्न आए । भजन पुस्तक सबै जफत गरे, नेवारी (नेपाल भाषा) भाषामा किन गाएको ? नेपाली भाषा प्रकाशिनी समितिबाट स्वीकृत नभएको पुस्तकको प्रचार किन गरेको ? भन्दै थानामा हाजिर हुनका लागि आदेश दिइयो । भक्तबहादुर बुकसेलरलाई पनि पूर्जि काट्यो । सबैलाई तारिखमा छोडी वर्षौं धाइरहनुपर्ने गरी दुःख दियो । उनीहरुलाई कहिले कमाण्डर बहादुर शमशेर, कहिले केशर शमशेर त कहिले चीफ शाहेब मोहन शमशेर कहाँ उपस्थित गराउँदथ्यो । आखिर २००३ साल फागुण ४ गते श्री ३ महाराज पद्म शमशेरको इजलाशमा हाजिर गराउँदा[149] हाकिम चन्द्रबहादुर थापाले असत्यबाजी लाञ्चना लगाउँदै उभिरहेका द्वारिका दास श्रेष्ठलाई इंगित गर्दै- "महाराज ! यो मान्छे श्रेष्ठ भएर पनि बौद्ध भजनमा लाग्ने हो" भनी विन्ति गरे । द्वारिका दासले- "महाराज ! स्वतन्त्र हिन्दू राज्य नेपालमा आफूलाई मनपर्ने द्यौताको पूजा गर्नु, भजन गर्नु हुँदैन र ? मलाई महादेव मन लागे महादेवलाई पूजा गर्छु, भगवती मनलागे भगवतीको पूजा गर्छु, बुद्ध मनपरे बुद्धको पूजा गर्छु ।" भनी विन्ति गरे । त्यसपछि महाराजले- "ए कर्णेल, त्यो श्रेष्ठ जातको बौद्ध भएर तिम्रो के बिग्रिन्छ ? मेरो के बिग्रेको छ र ? ! सरकारलाई के को बाधा ? तिमीलाई पनि मन छ भने बौद्ध बन । द्यौताको पूजागर्ने सवालमा जजस्लाई जुन द्यौता मन पर्छ, पूजा गर्छन् भावभक्ति गर्छन् । यसमा सरकारलाई के आपत्ति पर्छ र ?" भनी सोधनी हुँदा- "महाराज ! यिनीहरुले नेपाली भाषाको हेला गरी भन्याको गऱ्याको भाषा प्रयोग गरेका छन् । पुस्तक पनि नेपाली भाषा प्रकाशिनीको अनुमतिबेगर बाहिरबाट ल्याएका छन्, गैरसरकारी पुस्तक भित्रिन दिनु हुँदैन ।" भनी विन्ति गरे ।

महाराजले "नेपाली भाषालाई होच्याएको नभई आफ्नै भाषामा भजनकीर्तन गर्न पाउनुपर्छ भनी माग गरेको होला, नेपाली भाषा प्रकाशिनीको अनुमति बेगर प्रकाशित भएपनि भनजकीर्तनमैं सीमित पुस्तकले सरकारको केही बिग्रिंदैन, त्यसैले स्वदेशमै छापे हुन्छ । आफ्नो भाषामा भजन गर्न पाउँ भन्नेहरुलाई उनीहरुकै भाषामा द्यौताको नामसमेत उच्चारण गर्न नदिने भन्नु उचित होला र ? के सरकारले नेपाली मुसलमानहरुलाई मुसलमानी भाषामा, तामाङ्गहरुलाई तामाङ्ग भाषामा, गुरुङ्गहरुलाई गुरुङ्ग भाषामा पूजापाठ गर्न पाउँदैनौ भन्ने ? आ-आफ्नो धर्म, आ-आफ्ना पूजापाठ पहिलेदेखि जसरी गर्दै आएका छन्, गर्न दिनुपर्छ । यसले सरकारलाई केही हानी हुँदैन । यिनीहरुलाई छोडी दिनू, केही सजाय दिनुपर्दैन ।" भनी आज्ञा दिए ।

149 भुवनलाल प्रधान, **ज्ञानमाला भजन संक्षिप्त परिचय**, कार्यपत्र, प्रथम राष्ट्रिय ज्ञानमाला सम्मेलन, २०५० माघ १६ ।

यसरी राणकालीन अवस्थामा नेवार समुदायमा जनचेतना जगाउन ठूलो संवाहकका रुपमा अगाडि बढेको ज्ञानमाला भजन २०४९ श्रावण १६ गते विधिवत रुपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरियो । सोहीबमोजिम नेपाल ज्ञानमाला महासंघको परिकल्पना तयार हुँदै हाल वर्षेनी दुई दुई वर्षमा ज्ञानमाला राष्ट्रिय सम्मेलन हुँदै आएको छ । परम्परागत धार्मिक श्लोक गाथालाई गाउने परम्परा ज्ञानमाला भजनको अवधारणालाई परिष्कृत एवं परिमार्जन गरी वर्तमान अवस्थामा आइपुग्दा नेपाल भाषा र नेपाली भाषामा आधुनिक संगीतमय तवरमा भजनबाट चेतनाको स्तरमा पुऱ्याउन चेतनामालाको यात्रा तय गर्न थेरवादको भूमिका स्मरणीय मान्न सकिन्छ । आज नेपाली बुद्धभजन जिल्ला जिल्लाका नवविहारबाट उत्पादन हुँदै जानाले धर्मप्रचारमा बल मिलेको छ । सुखी होतु नेपालले सम्पूर्ण धम्मपद नेपालीमा अर्थसहित हल्का संगीतमा प्रकाशमा ल्याउने जमर्को गरिरहेको छ ।[150]

## ४.२.६ पहिलो थेरवाद विहारको स्थापना

थेरवादको पुनः प्रवेशपछि स्वयम्भूस्थित किण्डोल विहार प्रचार-प्रसारको प्रमुख केन्द्रविन्दू रहेको थियो, जहाँ उपत्यकामा प्रथम पाइला टेक्ने प्रज्ञानन्द (कर्मशील) ले जीवमान भिक्षुका रुपमा बस्न थालेका थिए । कर्मशीलकै प्रयासमा वि.सं. १९८८ मा सर्वप्रथम प्रव्रजितदीक्षा प्राप्त गरी अनागारिका हुनेहरु रत्नपाली, धर्मपाली र संघपालीलगायत सुरुवातमै श्रामणेर, भिक्षु अनागारिका किण्डोल विहारमै बस्ने गर्दथे । विहारमा बस्ने भिक्षु धर्मालोक दिक्क लाग्दा स्वयम्भू डाँडा (गःचा) घुम्नेक्रममा चिसो कुवा (ख्वाउँ बुँगा) निर पुग्दा त्यहाँबाट माथितिर लागी अलि बाक्ला रुखहरु भएको एउटा सानो मैदान (वर्तमान आनन्दकुटी विहार) मा पुगी आनन्द प्राप्त गर्थे । साह्रै शान्त एवं आनन्द प्राप्त हुने भएर समयसमयमा भिक्षु धर्मालोक उहीं पुग्थे । एकदिन यहीं वर्षावास बस्नुपऱ्यो भन्ने मनोभावना उब्जियो, सोहीबमोजिम बनपालेलाई सानो झोपडी (झुप्रो) बनाइदिन आग्रह गर्दा २०-२५ रुपैंया पर्छ होला भनिएको २८ रुपियाँको जमान गरी कुरा मिलाउँदा पनि ६०-७० रुपियाँमा मात्र झुप्रो विहार तयार भयो । चोरले दुःख दियो र तथापि परालको ओढ्ने, ओछ्याउने, तकिया बनाई भिक्षु धर्मालोकले वर्षावास कटाए ।[151]

---

150 कोण्डन्य, “नेपाल मण्डलको परम्परागत बौद्धधर्ममा थेरवाद बुद्धधर्मको योगदान”, **शान्ति सन्देश**, वर्ष ६ अंक ६, वि.सं. २०६२ ।

151 धर्मालोक महास्थविर, (पूर्ववत, पादटिप्पणी संख्या नं २४) पृ. १५७ ।

यसरी थेरवादको पुनरुत्थान एवं पुनर्जागरण गर्न वि.सं. १९९९ श्रावण १३ गते स्वयम्भूको उत्तर खाल्डोमा स्वयम्भू घ्याङ्ग गुठीको अमानतबाट बहाली पूर्जी पाएपछि भिक्षु धर्मालोकले एउटा सानो कुटी धर्मशाला निर्माण गर्न थालेको त्यो स्थल नै आधुनिक नेपालको ऐतिहासिक आनन्दकुटी विहार हो । यहीं भिक्षु धर्मालोकले द्वितीय वर्षावास कटाएका थिए ।[152] स्वयम्भू पहाडको उत्तरपट्टी निर्मित आनन्दकुटी विहार नै थेरवादी बौद्धहरुको सर्वप्रथम केन्द्रीय विहार हो । यसको सुरुवात भिक्षु धर्मालोकबाट सन् १९४३ मा भएको थियो ।[153] भन्ने मान्यताअनुरुप आधुनिक नेपालको इतिहासमा थेरवाद पुनः प्रवेशपछिको नेपालको सर्वप्रथम थेरवादी विहार हो । (चित्र सूची नं. १३) अन्तर्राष्ट्रिय मुलुकमा समेत ख्यातिप्राप्त सो विहारले नेपालको बुद्धशासनिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । राष्ट्रीय एवं अन्तर्राष्ट्रिय जगतमा थेरवादी विहारसम्बन्धी चर्चा वा सोधनी हुँदा सबैभन्दा अग्रगण्य विहारको सूचिकृत भएर पनि विशेष गरी वि.सं. २०४७ भाद्र ५ गते आचार्य डा. भिक्षु अमृतानन्दको देहावसानपछि वर्तमान अवस्थामा यसको प्रभावमा कमी आयो भन्ने कुरा गरिन्छ ।

वि.सं.१९९६ माघ १२ (सन् १९४० जनवरी २५) मा श्रीलंकामा उपसम्पदादीक्षा प्राप्त गरी तीनवर्षपछि वि.सं. १९९९ आश्विनतिर आइपुगेका भिक्षु अमृतानन्दले उपत्यकावासी बौद्ध नेवारहरुबीच ठूलो प्रभाव जमाउन सफल भए । भिक्षु महाप्रज्ञा, प्रज्ञानन्द, धर्मालोकपछि किण्डोल विहारमा अमृतानन्दले पनि धर्मउपदेश प्रभावकारी ढङ्गबाट संचालन गरे । सोहीताका कार्तिक महिनाभरी स्वयम्भू पर्वतस्थानमा भिक्षु अमृतानन्दले विशेषतः विश्वन्तर जातकसम्बन्धी धर्मउपदेश गरी प्रभाव जमाए । तीब्र एवं प्रभावशाली रुपमा धर्मप्रचारको अवस्था अगाडि बढिरहेको थियो एकातिर भने अर्कोतिर देशको राजनैतिक स्थिति र वातावरण परिवर्तनको पर्खाइमा थियो । शासक वर्ग यसस्थिति र वातावरणदेखि बढि सशंकित थियो । पाँचजना मानिस एकत्रित हुन नपाउने जङ्गी कानून लागू थियो भन्ने जनधारणा छ ।[154] यस्तो अवस्थामा बुद्धधर्मको पुनर्जागरणमा उत्साहित अनुयायीहरुको हजारौं संख्यामा जमघट हुन थाले । मासिक धर्म-देशना (व्याख्यान) कार्तिक पूर्णिमाकादिन परिसमाप्ति भएको उपलक्ष्यमा चारजना भिक्षुहरुबाट पहिलो पटक अहोरात्र महापरित्राण

---

152 कोण्डन्य, "नेपालमा पवित्र अस्थिधातु आगमन एक लघु अध्ययन", २५४९ औं बुद्धजयन्ती **स्मारिका**, (काठमाडौंः वि.सं. २०६२), पृ. ३२ ।

153 भिक्षु अमृतानन्द, (पूर्ववत, पादटिप्पणी संख्या ३०), पृ. ८ । यसरी नै पूर्ववत् पादटिप्पणी संख्या ३० मा उद्धृत : दरशा नेवामि,(सम्पादित), **बौद्ध ऋषि महाप्रज्ञाया आत्मकथा,** तेश्रो भाग, (काठमाडौं : सकल उपासकोपासिका ऋषि आश्रम, ने.सं. ११०९), पृ.२०६ मा उल्लेख भएअनुरुप वि.सं. १९९३ मा स्थापित भोजपुरको शाक्यमुनि विहार नै नेपालको थेरवादी प्रथम विहार भन्ने बुझिन्छ । उद्धृतअनुरुप *उखुन्हु हे खते ताया बाजा गाजा सहितं देश परिक्रमा याना श्री शाक्यमुनि विहार धका विहार दयेका प्रतिस्था जुल । १९९३ सालं नसें भोजपुर खिकामाछा टक्सारे स्थविरवाद बौद्ध विहार दुगु जुल । नेपाल राज भित्रे स्थविरवादया प्रथम विहार निर्माण जूगु थ्व हे जुल ।*

154 भिक्षु सुदर्शन,(सं.),(पूर्ववत, पादटिप्पणी संख्या २), पृ. १३६ ।

पाठ सुसम्पन्न भयो ।[155] यसरी विभिन्न जनजागरणमूलक धार्मिक माध्यमबाटै भइरहेको प्रशासनलाई सह्य हुने कुरै थिएन । थेरवादी भिक्षु, श्रामणेर तथा अनागारिकाहरुको अभिवृद्धिसँगै अनुयायी उपासक उपासिकाहरु पनि समर्पित भावमा उर्लिए ।[156]

वर्तमान नेपालको थेरवाद बुद्धशासनिक क्षेत्रमा पालि बौद्ध साहित्यलाई नेपाली भाषाको माध्यमबाट प्रकाशन क्षेत्रमा पुऱ्याउने कार्यको ठूलो हिस्सा आनन्द कुटी विहार गुठीलाई जान्छ । जसको स्थापना भिक्षु अमृतानन्दले वि.सं. २०२९।६।१२ मा गरेका थिए ।[157] भिक्षु अमृतानन्दको धार्मिक श्रमबाट रचित विहार गुठीबाट प्रकाशित बुद्धकालीन ग्रन्थहरुको धार्मिक, साहित्यिक, प्राज्ञिक आदि बहुआयामिक दृष्टिबाट अत्यन्त महत्त्वपूर्ण छ । भिक्षु अमृतानन्दको नेपाली भाषामा ५६, नेपाल भाषामा २२ तथा अंग्रेजीमा ३ वटा पालि बुद्धधर्ममा आधारित महत्त्वपूर्ण कृति प्रकाशित भएका छन् । भिक्षु अमृतानन्द अन्तर्राष्ट्रिय ख्यातिप्राप्त बहुप्रतिभाशाली व्यक्तित्ववान भिक्षु हुन् । उनको कृति लेखन विषयमा भिक्षु सुदर्शनले- "पूज्य आचार्य भिक्षु अमृतानन्द महास्थविर नेपाली भाषामा बौद्ध वाङ्मयको प्रो.टी. डव्लु रीज डेविड्स (Prof. Rhys Dawids) हुनुहुन्छ । डेविड्सलाई महावंश अनुवाद कालदेखि चारदशकको पूर्वाधार प्राप्त थियो पूज्यवाद भन्तेलाई कसैले पालिको कुनै ग्रन्थ प्रामाणिक रुपमा नेपाली भाषामा अनुवाद गरिराखेको पूर्वाधार, उदाहरण प्राप्त छैन । यतिमात्र होइन डेविड्सलाई आफ्नो अनुवाद र सम्पादनको कार्यकालमा आफूजस्तै कार्यमा लागेका अनेकौं व्यक्तिहरुको सहभागीताको वातावरण उपलब्ध छ । पूज्यापाद भन्तेलाई यस्तो सहकर्मीहरुको वातावरणसम्म उपलब्ध छैन । पूज्यपाद भन्तेले आफ्नै पूर्वाधार बनाई एक्लै पालिवाङ्गमयको प्रमाणिक नेपाली भाषामा अनुवाद प्रस्तुत गरी, आफै सारसंक्षिप्त तथा विवेचनात्मक रुपबाट नेपाली भाषामा त्रिपिटक आलेखन कार्य गर्दै आउनुभएको छ ।"[158] भनी लेखेका छन् ।

### ४.२.७ थेरवादी भिक्षुहरुलाई देश निकाला

155 **ऐजन**, पृ १३७ ।

156 **ऐजन**, पृ १३७ ।

157 भिक्षु अमृतानन्द,(पूर्ववत, पादटिप्पणी संख्या २९), पृ. ८ ।

158 भिक्षु सुदर्शन, "अभिवादन" शीर्षकीय भनाई उद्धृत, **यशेधरा**, भिक्षु अमृतानन्द, (काठमाडौं : आनन्दकुटी विहार गुठी, वि.सं. २०४३ ।) पृ. ११-१२ ।

थेरवादी भिक्षुहरुको प्रभावकारी धार्मिकचर्याअगाडि बढ्दै गर्दा थेरवादमा समर्पित अनुयायीहरु पनि बढे । नारीहरुले समेत कपाल खौरिएर दीक्षा प्राप्त गरी अनागारिका हुने परम्परा थालनीसँगै सन् १९४४ मा भिक्षु प्रज्ञानन्दले पाटनकी एउटी महिलालाई अनागारिका बनाउने विचारले दार्जिलिङ्ग पठाएका थिए । अनि उनको घरका मानिसहरुबाट उजुरी परेको हुँदा त्यसबखत काठमाडौंमा भएका सबै भिक्षुहरुलाई सिंहदरवारमा बोलाई श्री ३ जुद्ध शम्शेरले भिक्षुहरुलाई धर्मोदपदेश नगर्ने आदेश दिंदा भिक्षुहरु नमानेपछि सोही बहानाद्वारा तीनदिन भित्र भिक्षुहरुलाई देश निकाला गरियो[159] भनी भिक्षु अमृतानन्दले लेखेका छन् । वस्तुतः विहार विहारमा बुद्धपूजा गर्न पाईंदैन, नेपाल भाषमा लेख्न पाईदैन, गृहस्थीहरुलाई प्रव्रज्या-दीक्षा प्रदान गर्न पाईंदैन" भनी राणाशाही प्रशासनले भिक्षुहरुलाई निष्क्रिय गरी समाप्त पार्ने नै मनसायले दुःख दिन खोजेका थिए । जुद्धशम्शेर महाराजकै (चित्र सूची नं. १४) समकक्षमा उनका पुत्र बहादुर शमशेरले सोधपूछ गरिंदा भिक्षु सुबोधानन्दले "हामी खान नपाएर भिक्षु भएका होइनौं । धर्मप्रचारका लागि आएका हौं ।" भनी जवाफ दिए । त्यसैबेला वर्षावासमा भिक्षुहरु एकै ठाउँमा बस्नुपर्ने नियम रहेको जानकारी गराउँदैबेला भिक्षु धर्मालोक सिंहमर्मरको बुद्धमूर्तिसहित नेपाल प्रवेश गरेको खबर थाहा पाएर वि.सं.२००१, श्रावण १५ (30th July, 1944) का दिन चारजना भिक्षुहरु प्रज्ञानन्द, धर्मालोक, सुबोधानन्द र प्रज्ञारश्मि, चारजना श्रामणेरहरु अग्गधम्म, रत्नज्योति, कुमार र प्रज्ञारस (चित्र सूची नं. १५) सबैलाई सिंहदरवारस्थित जुद्ध शमशेर महाराजसमक्ष विन्तिभाउ मुद्रामा उभ्याइए, अन्ततः आडम्बर मत चलाए भनी ८ जनालाई स्वदेशबाट निष्काशन गरियो । त्यतिबेला अनागारिकाहरुलाई वर्षावासपछि मात्र निर्वासनमा पठाउने भनी घोषणा गरियो । निर्वासनमा गएका ८ जना भिक्षु-श्रामणेरहरुका लागि एकजनाका लागि दुईजना सिपाहीं राखी शहर घुमाई चन्द्रागिरी डाँडा कटाइ दिए । यो घटना नेपालको थेरवाद बुद्धधर्मको इतिहासमा कलंकित घटनाको रुपमा परिभाषित गर्ने गरिन्छ ।[160]

स्वदेशबाट भिक्षु-श्रामणेरहरुको देशनिकालापछि अन्तर्राष्ट्रिय जगतमा समेत तहल्का मच्चियो । निष्काशित भिक्षु-श्रामणेरहरु बनारसतिर लागे ।

---

159 भिक्षु अमृतानन्द,(पूर्ववत, पादटिप्पणी संख्या २९), पृ. ४ ।

160 कोण्डन्य, **भिक्षु कुमार काश्यप महास्थविर छगू इतिहास**, (काठमाडौं : नेपाल लिपि गुथि, वि.सं. २०६१), पृ. ४ ।

# परिच्छेद पाँच

# नेपालमा थेरवाद बुद्धशासनको संघर्ष तथा योगदान

## ५.१ धर्मोदय सभाको योगदान

जुद्ध शमशेर महाराजबाट थेरवादी भिक्षुहरुलाई स्वदेशबार्ट निष्काशन गरिएपछि त्यतिबेला प्राय नेपाली भिक्षु, श्रामणेर तथा अनागारिकाहरुका उपाध्याय-गुरु ऊ. चद्रमणि महास्थविरकै नेतृत्वमा भविष्यमा कसरी संगठित भएर अगाडि भन्ने अभिप्रायले विशेषतः निष्काशनकै पीडाले बु.सं. २४८८ तदनुसार सन् १९४४ नोभेम्बर ३१ का दिन आर्यसंघाराम, सारनाथमा "धर्मोदय सभा" को गठन भएको थियो ।[161] ऊ भिक्षु चन्द्रमणि महास्थविरको अध्यक्षतामा निम्नदेहाय बमोजिम पदाधिकारीसहित पहिलोवार धर्मोदय सभाको कार्यकारिणी समिति गठन भएको थियो ।[162]

सभापति : ऊ. चन्द्रमणि महास्थविर

उपसभापति : भद्दन्त आनन्द कौशल्यायन

मन्त्री भिक्षु : अमृतानन्द

उपमन्त्री : के. भिक्षु महानाम कोविद

कोषाध्यक्ष : श्री उपासक मणिहर्ष ज्योति

सदस्य :

ऊ. कित्तिमा महास्थविर, भिक्षु धर्मालोक, भिक्षु धर्मालोक, भिक्षु अनुरुद्ध

श्री एम. पी. प्रधान

उपरोक्त गठित धर्मोदय सभाको गठन हुँदा निम्न तीनवटा उद्येश्य बोकेको थियो ।[163]

१) बुद्धधर्मसम्बन्धी ग्रन्थ सम्पादन तथा प्रकाशन गर्ने ।

---

161 **धर्मोदय सभाको रिपोर्ट** : इश्वी १९४४-१९४७, (बनारस : आर्यसंघाराम, सारनाथ, प्रधान केन्द्र, सन् २००४) पृ. २ ।

162 **ऐजन**, पृ. १२ ।

163 **ऐजन**, पृ. २ ।

२)	प्रवजितभिक्षु तथा अन्य बौद्ध विद्यार्थीहरुका लागि छात्रवृत्ति व्यवस्था गरी शिक्षाको प्रवन्ध गर्ने ।

३)	अन्य साधनद्वारा बुद्धधर्मप्रति आफ्नो कर्तव्य पालन गर्ने ।

धर्मोदय सभा आजको परिवेशमा नेपालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिनिधित्व गर्ने सबैभन्दा जेठो बौद्ध संस्था हो । यस संस्था वि.सं. २०४३ सालमा काठमाडौं जिल्ला प्रकाशन कार्यालयमा विधिवत दर्ता भइसकेपछि भने निम्नानुसार उद्येश्य परिमार्जन भएको छ ।[164]

क) बुद्धधर्म र संस्कृतिको संरक्षण, सम्बर्द्धन गर्ने ।

ख) बुद्धधर्मको प्रचार प्रसार गर्ने ।

ग) बुद्धधर्ममा आस्था र निष्ठा राख्ने विभिन्न व्यक्ति, संघ, संस्थाका बीच माध्यम भई काम गर्ने ।

घ) बुद्धधर्मका अनुयायीहरुको धार्मिक, सामाजिक, सांस्कृतिक, शैक्षिक एवं नैतिक उत्थान गर्ने ।

ङ) समान उद्देश्य भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरुसँग आपसी सहयोग, समन्वय र मित्रता कायम गर्ने ।

च) बुद्धधर्मको अवधारणाअनुसार विश्वशान्तिलाई साकार पार्न प्रयत्न गर्ने ।

छ) प्राणीमात्रको लागि कल्याणकारी तथा सेवामूलक सामाजिक कार्य गर्ने ।

ज) बौद्धस्मारक, बौद्धविहार तथा गुम्बाको संरक्षण तथा सम्बर्द्धनमा सहयोग पुऱ्याउने ।

झ) धार्मिक र सामाजिक कार्यका लागि विभिन्न स्रोतबाट आयआर्जन गरी धार्मिक स्थलहरुको निर्माण तथा संरक्षण गर्न र सामाजिक कार्यक्रम संचालन गर्न विशेष कोष संचालन गर्ने ।

### ५.१.२ भिक्षुहरुको स्वदेश आगमन

धर्मोदय सभाको विधिवत गठनपछि नेपाली भिक्षुहरुलाई देश निकाला गरिएको बारे अन्तर्राष्ट्रिय दवाब श्रृजना गराउनका लागि सभाका सचिव नेपाली उदीयमान भिक्षु अमृतानन्दले (चित्र सूची नं. १६) सकृयतापूर्वक  भारतमा भएका सम्पूर्ण बौद्ध संस्थाहरुलाई पत्राचार गरी राणा शासनले बुद्धधर्ममाथि

---

164 धर्मोदय सभाको विधान २०४३, परिच्छेद ३, धारा ५ (तृतीय संशोधन २०५५ पुष १०), धर्मोदय सभा, २०५६-२०५९ कार्यकारिणी समूह क्रियाशील हुँदा प्रकाशित, पृ. २-३ ।

अन्याय गरेको बारे जानकारी गरी विरोध गर्नाका लागि पत्र लेखे ।[165] यसरी नै उनले थेरवादी मुलुक श्रीलङ्का, बर्मा, थाइलैण्डजस्ता प्रभावशाली व्यक्तित्वहरुलाई पनि सहयोगको अपिल गरी निरन्तर पत्राचार गरी राणा सरकारलाई दबाव दिन उर्जा थप्ने कार्य गरेको भन्ने बारेमा केही छापामा ल्याइएका पत्रपार्फत ज्ञात हुन्छ ।[166] यसै दौरानमा उनै भिक्षु अमृतानन्दले भिक्षु नारद महास्थविरको नेतृत्वमा एक शिष्ट मण्डल नेपाल भ्रमणका लागि अनुरोधपछि श्री कमाण्डर इनचीफ बहादुर शमशेरको नाउँमा श्रीलंकाबाट नेपाल भ्रमणका लागि अनुमति बारे पत्राचार गरिंदा कोलोम्बो युवक बौद्ध मण्डल (Young Men's Buddhist Association) लाई सन् १९४६ जनवरी १८ का दिन महाराजको आज्ञामुताविक नेपालमा धर्मप्रचारका लागि नभई, तीर्थयात्राको रूपमा बढिमा ६ जनालाई, निर्वासित नेपाली भिक्षुविनाको समूहलाई नेपाल सरकारबाट करीब एक महिनाका लागि प्रवेशाज्ञा (भिसा) प्रवेशाज्ञा भएको जानकारी गराइएको थियो ।[167] जुद्ध शमशेर सरकारबाट नेपाल आउन सक्छ तर कुनैप्रकारको धर्मदेशना गर्न नपाइने भनेपछि भिक्षु नारद नेपाल आउन चाहेनन्, तर भिक्षु अमृतानन्दले अनेकप्रकारले सम्झाई बुझाई भिक्षु नारदकै नेतृत्वमा शिष्ट मण्डल काठमाडौं ल्याउन सफल भए ।[168] यसरी राणा सरकारबाटै अनुमति प्राप्त भैसकेपछि वि.सं २००३ वैशाख ५ (१९४६ अप्रिल, १७) का दिन कान्तिपुर आइपुगेका भिक्षु नारद, भिक्षु प्रियदर्शी, नेपाली भिक्षु अमृतानन्द, प्रोफेसरद्वय रत्नसुरीय अरियपाल गरी पाँच सदस्यीय बौद्ध शिष्टमण्डल (Buddhist Goodwill Mission)[169] (चित्र सूची नं. १७) मार्फत् श्री ३ पद्म शमशेर जबराको दर्शनभेटहुँदा २००१ सालमा भूतपूर्व श्री ३ महाराजद्वारा हुकुम बक्स भएबमोजिम नेपाली बौद्धभिक्षुहरूलाई स्वदेशबाट निकाला गरेको कुरा स्मरण गरायो र पछि श्री ३ महाराजा पद्म शमशेरद्वारा (चित्र सूची नं. १८) भिक्षु धम्मालोकलाई प्रवेशाज्ञाका लागि प्रमाङ्गी दिइयो अनि जेष्ठ शुक्ल ६, जून १९४६ का दिन पुनः भिक्षुहरूको स्वदेश फर्कने क्रम सुरु भयो । (चित्र सूची नं. १९) यसरी निष्काशित भिक्षुहरूलाई स्वदेश फर्कन सफल भएपछि नेपाल र श्रीलंकाबीचको सम्बन्धलाई अगाडि बढाउँदै लाने बाटो

---

165 भिक्षु अमृतानन्द, **नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास,** (काठमाडौं : आनन्दकुटी विहार गुठी, वि.सं. २०३८), पृ. ५ ।

166 Bajracharya, Nhucche Bd, Ratna Bd, Kesharlal, **Amritanjali**, (Kathmandu : Anandakuti Vihar Trust, 1992 A.D.), pp. 94-111.

167 **Ibid**, p. 110.....*If Narada desires to come here on pilgrimage necessary permission will be given for that as well as to do research work in in the Library for month or so. Can bring .. six companions but not the Nepalese monk if he is the same man who was expelled from this country some time back.*

168 भिक्षु अमृतानन्द, (पूर्ववत, पादटिप्पणी संख्या ४) ।

169 कोण्डन्य, **भिक्षु कुमार काश्यप महास्थविर छगू इतिहास**, (काठमाडौं : नेपाल लिपि गुथि, वि.सं. २०६१), पृ. ७।

खुला भयो । आनन्दकुटी आइपुगेका भिक्षु धर्मालोकले आँखाभरी प्रीतिमय आँसु राखी- **अमृतानन्द ! तपाईंले निभिसकेको बत्तीलाई फेरि बालिदिनुभयो** भन्ने उद्‌गार व्यक्त गरेका थिए ।[170]

## ५.१.३ बौद्ध सम्मेलन

७ सालको राजनैतिक क्रान्ति पछि श्री ५ त्रिभुवनकै निगाहपूर्ण सकृयतामा विश्व बौद्ध सम्मेलनको आयोजना गर्ने सोच मौसूफ सरकारको दिवंगतपछि पनि श्री ५ महेन्द्रको अध्यक्षतामा चतुर्थ विश्व बौद्ध सम्मेलन भव्यताका साथ ४६ वटा अन्तर्राष्ट्रिय राष्ट्रहरूको सहभागितामा सम्पन्न भएको अविस्मरणीय इतिहास नै हो । (चित्र सूची नं. २०) धर्मोदय सभाले थेरवाद, वज्रयान, महायान गरी तीन यानलाई समेटी गरेको यो सम्मेलन नै नेपालको इतिहासमा पहिलो अन्तर्राष्ट्रिय सम्मेलन हो । नेपालमा बौद्ध संघसंस्थाहरूको अगुवाइको भूमिका निभाउने कार्यसँगै थेरवाद, महायान, वज्रयान बुद्धधर्मबीच समन्वयात्मक भाव श्रृजना गर्दैलान समन्वयात्मकरूपमा नेतृत्व गर्ने परम्पराको थालनीसमेत भएको देखिन्छ । चालिसको दशकसँगै आचार्य भिक्षु अमृतानन्दको समयमैं थेरवाद, महायान र वज्रयान पक्षका पालैपालो अध्यक्ष चुन्ने परम्परालाई कायम गरेअनुरूप प्रथमवार महायानबाट लामागुरु छेचुकुस्यो, वज्रयानबाट पं. दिव्यवज्र वज्राचार्य र थेरवादबाट भिक्षु सुदर्शनलाई निर्विरोध चुनेका थिए ।[171] २०४२ सालमा १४ औं अन्तर्राष्ट्रिय विश्व बौद्ध सम्मेलनको आयोजना गरियो भने त्यसपछि प्रत्येक दृई दुई वर्षमा राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना गर्ने अवधारणा विकास हुँदै गएअनुरुप काठमाडौं, लुम्बिनी, धरान, पोखरा, कपिलवस्तु, धनगढी, नारायणगढ आदि ठाउँमा राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना गरिसकेका छन् भने वि.सं. २०६३ मैं पोखरामा प्रथम क्षेत्रीय बौद्ध सम्मेलनको आयोजना गरियो । यसरी नै युवा बौद्ध समूम, काठमाडौंले नेपाल राष्ट्रव्यापि स्वतन्त्र युवा बौद्ध संगठनहरुको सहभागितामा प्रथम नेपाल स्वतन्त्र युवा बौद्ध सम्मेलको आयोजना सम्पन्न गरेको छ ।

## ५.१.४ धर्मोदय सभा र नेपाल भाषा

---

170 भिक्षु अमृतानन्द, (पूर्ववत, पादटिप्पणी संख्या ४) पृ. ५-६ मा उल्लेख्य : म भरखरै मात्र प्राइमिनिष्टर भएको छु, जुद्ध शमशेर अहिलेसम्म छँदै छन् ... त्यसोभए धर्मालोक भन्ने एकजना बृद्ध भिक्षुलाई मात्र फर्काइ पाउँ भनी भिक्षु अमृतानन्दले गरेको विन्तिमा हुन्छ भन्ने प्रमाङ्गी प्राप्त भयो ।

171 अन्तर्वार्ता : भिक्षु सुदर्शनको, **धर्म-प्रदीप**, (काठमाडौं : वर्ष १ अङ्क ३, वि.सं. २०५१), पृ. २९ ।

धर्मोदय सभाले सन् १९४७ देखि **धर्मोदय** पत्रिका प्रकाशन गरी बुद्धधर्म मात्र नभइ नेपाल भाषा र बौद्ध संस्कृतिलाई समेट्दै जाने बहुआयामिक बाटो समाएपछि बौद्ध लेखक, बौद्ध समाज र नेपाल भाषाका स्रष्टाहरू तथा बौद्ध जनचेतनालाई उजागर गर्नमा उर्जाको भूमिका निभाउनेतर्फ उन्मुख भयो ।

धर्मादित्य धर्माचार्यको समयमा “बुद्ध धर्म व नेपालभाषा” पत्रिका बन्द भएको ५ वर्षपछि बु.सं. २४७९ (सन् १९३५) देखि महाबोधि सभा, सारनाथको तर्फबाट “धर्मदूत” नामक हिन्दी मासिक पत्रिका प्रकाशन भएबाट वर्षौंदेखि बुद्धधर्मसम्वन्धी लेखादि अवलोकन गर्न नपाएका नेपालका धर्मप्रेमी श्रद्धालुहरूले पनि यस पत्रिका मार्फत पुनः बुद्ध धर्म-सम्वन्धी लेख, समाचार आदि अध्ययन गर्न पाइयो साथै यसै पत्रिकाको वर्ष ६, अंक १ (अप्रिल १९४१, चैत्र १९९७) देखि नेपाल भाषाबाट पनि लेख प्रकाशित गर्दै आएबाट त्यसताका (राणाकाल) का धर्म एवं नेपालभाषा प्रेमी कवि एवं लेखक लेखिकाहरूले पनि हात चलाउन पाए । यद्यपि ४ पेज प्रकाशित हुने भएतापनि ८ वर्षसम्म धर्मदूत पत्रिकाले स्थान दिएको गुणलाई नेपालभाषाभाषीहरूले सदैव स्मरण गर्दै रहने हुन्छन् ।

श्री ३ जुद्ध शम्शेरको सरकारले बुद्धधर्म पुनरुत्थान गर्नमा टेवा दिंदैआएका नेपाली भिक्षु एवं श्रामणेरहरूलाई देश निष्काशनपछि स्थापित धर्मोदय सभाबाट भिक्षु महानामको सम्पादकत्वमा “धर्मोदय सभा” नामक मासिक पत्रिका कालिम्पोङ्गबाट प्रकाशित भयो । शुरुमा दुईवर्ष कालिम्पोङ्गबाट र तेश्रो वर्षदेखि कलकत्ताबाट प्रकाशित यस पत्रिका १३ वर्ष सम्म (१४६ अङ्क) चलेको थियो । यसप्रकार नेपालमा राणा शासनको समयमा बडो कठिनपूर्वक प्रतिभाशाली केही नवयुवक नेपाली भिक्षु एवं गृहस्थहरुले कलकत्ता र कालिम्पोङ्गमा रही धर्म र भाषाको सेवा गरेको थियो जुन बुद्धधर्मको पुनरुत्थानको इतिहासमा अलग्गै अध्यायको रुपमा लिन सकिन्छ ।

## ५.२ सर्वज्ञ बुद्धको पवित्र अस्थिधातुको आगमन

कुशीनगरमा भगवान् बुद्धको महापरिनिर्वाण भएपछि मल्लहरूको पवित्रस्थल मुकुटबन्धनमा पुऱ्याई अन्तिम दाहसंस्कार गरिंदा चिताको आगो निभिसकेपछि खरानीमा बुद्धको पवित्र अस्थिधातु बाँकी रहेको थियो । आचार्य भिक्षु अमृतानन्दको बुद्धकालीन ब्राह्मण भाग १ अनुसार बुद्धका अस्थिधातुहरू जम्मा १६५ नाली अथवा ३२ माना थिए र ती अस्थिहरू स-साना गोलो-गोलो आकारका तीन रंगका थिए । अस्थिधातु

मुंगी, रायोको गेडा र चामलका कनिका जस्ता आकारका थिए । त्यतिबेला बुद्धको अस्थिधातु प्राप्त गर्न ठूलो विवाद उठेको थियो । बुद्धको महापरिनिर्वाणपछिको ज्येष्ठ भिक्षु महाकाश्यप महास्थविरको सल्लाहअनुसार द्रोणले अस्थिधातु आठभाग लगाएर विभिन्न देश, प्रदेश र नगरलाई बाँडिदिए, सबैले चैत्य बनाई अस्थिधातु निधान गरी पूजा गरिराखे । कालान्तरमा मगधराजा अजातशत्रुले अस्थिधातु निधान गरेको ठाउँमा सम्राट अशोकले उत्खनन् गर्नलगाई ८४,००० चैत्य बनाई ती अस्थिधातु निधान गरेको कुरा बौद्धसाहित्यमा पाइन्छ ।

सम्राट अशोकले श्रीलंकामा धर्म प्रचार गर्न आफ्ना छोरा भिक्षु महेन्द्र महास्थविरलाई पठाउँदा राजा देवानंपिय तिस्सलाई उपहारस्वरूप थुप्रै पवित्र अस्थिधातु पठाइदिएका थिए । अनुराधपुरमा धानको थुम्को (थुप्रो) को आकारको स्तुप बनाई विभिन्न स्तुपमा अस्थिधातु निधान गरे । पछि बीसौं शताब्दीको प्रारम्भमा श्रीलंकाका विभिन्न ठाउँहरूमा पुरातात्विक उत्खनन् तथा अनुसन्धानको क्रममा अनुराधपुरमा लंकानिवासी हरमायनिस नामक व्यक्तिले भेट्टाएको अस्थिधातुमध्येमा केही अस्थिधातु आफैसँग सुरक्षित राखे । उनको देहावसानपश्चात् उनकी श्रीमतीले केही अंश आफ्नो श्रद्धाको विहार कोलोम्बोस्थित वजिराराम विहारलाई चढाइन् र त्यसैको अंश पछि नेपालमा ल्याइयो ।

**श्रीलंकाली धर्मदूतमण्डल**का प्रमुख नारद स्थविरले नेपालवासी बौद्धहरूका लागि पूजा सत्कार गर्न सर्वज्ञ बुद्धको पवित्र अस्थिधातु उपहारस्वरूप ल्याउनुभएको थियो । त्यस पवित्र अस्थिधातु नेपाली बौद्धहरूका लागि श्री ३ महाराज पद्म शमशेरलाई हस्तान्तरण गर्ने शुभेच्छा प्रकट गर्दै एउटा सन्देश पठाउँदा सम्पूर्ण बुद्धका अनुयायीहरूलाई 'दर्शनका लागि स्वयम्भूमुनिको आनन्दकुटी विहारमा नै चैत्य स्थापना गरी त्यसको गर्भभित्र पवित्र अस्थिधातु निधान गर्नू' (चित्र सूची नं. १३) भन्ने श्री ३ महाराजद्वारा हुकुम भयो । यसै कुरालाई कार्यरूप दिन बु.सं. २४९० (वि.सं. २००३) वैशाख पूर्णिमाका दिन धर्मदूतमण्डलका सदस्यहरूको सम्मुखमा ७ जवान श्रद्धालु दाताहरू मिलेर चैत्यको शिलान्यासको शुभकार्य सम्पन्न गरियो ।[172]

### ५.२.१ प्रथमवार बुद्धको पवित्र अस्थिधातु प्रदर्शन तथा श्रीलंका चैत्यको समुद्घाटन

२००५ साल (मे ५, १९४८) मा भिक्षु नारदस्थविर नेपाल दोस्रोपटक भ्रमण गर्न भिक्षु अनिरुद्ध महास्थविर (पछि नेपालका तेस्रो संघनायक) का साथमा पाल्नुभयो । बु.सं. २४९२ औं वैशाखपूर्णिमा-बुद्ध

172 कोण्डन्य, "नेपालमा पवित्र अस्थिधातु आगमन एक लघु अध्ययन", २५४९ औं बुद्धजयन्ती **स्मारिका**, (काठमाडौं: वि.सं. २०६२), पृ. ३२ ।

पूर्णिमाका दिन थेरवाद धार्मिक विधिपूर्वक भिक्षु नारद महास्थविरबाट आनन्दकुटीमा नवनिर्मित चैत्यको समुद्घाटनकार्यसँगै त्यसलाई श्रीलंका (राम) चैत्य[173] नामाकरण गरियो सोहीदिन सर्वज्ञ बुद्धको पवित्र अस्थिधातु सार्वजनिक रुपमा प्रदर्शन गरियो । बुद्धधर्मको नवजागरणपछि शाक्यमुनि बुद्धको पवित्र अस्थिधातु पुनः प्रदर्शन गरिएको यो नै इतिहासमा पहिलो घटना हो ।[174] पवित्र अस्थिधातु प्रदर्शनपछि सुरुङको बाटो हुँदै प्राचीन अनुराधपुरशैलीय चैत्यको गर्भभित्र निधान गरियो । श्रीलंकास्थित क्यान्डीमा रहेको बुद्धको पवित्र दन्तधातु सुरक्षा गर्न जसरी तीनवटा साँचो बनाई मन्दिरका प्रमुख भिक्षु, निर्देशक पुजारी (दियवडन निलिमे) र सरकारी व्यक्तिसमेत तीन पक्षलाई साँचो बनाई हस्तान्तरण गरिन्थ्यो त्यसरी नै नेपालमा पनि तीनवटा साँचो बनाई दुईवटा प्रमुख भिक्षु र एकजना दातालाई हस्तान्तरण गरियो । त्यतिबेला राणाकालीन अवस्थाको कारणले गर्दा सरकारलाई दिइने साँचो पनि प्रमुख भिक्षुसँगै रहेको थियो । गर्भभित्रको सेफको साँचो दातालाई दिइने भनिएबमोजिम दाताहरूबाट क्रमशः चारजना तुलाधरहरू करुणारत्न, सप्तवीरसिं, हेराभाइ र केशरत्न छानिएका थिए । उनीहरू आफैले हरेक वर्ष पालैपालो सो साँचो हस्तान्तरण गर्नुपर्ने नियमसमेत बनाइएको थियो । यसरी हरेक वर्ष तीनवटा साँचोद्वारा सुरुङको द्वारबाट प्रवेश गरी चैत्यागर्भको सेफ खोली वैशाखपूर्णिमाका दिन सर्वसाधारणलाई पवित्र अस्थिधातु दर्शन गराउने चलन चल्यो ।[175]

### ५.२.२ वैशाखपूर्णिमाका दिन बौद्धहरूको लागि सार्वजनिक विदाको घोषणा

नारद स्थविर श्रीलंका फर्किनुअगाडि भिक्षु अमृतानन्दसँगै सिंहदरबार गईकन वैशाखपूर्णिमाका दिन सार्वजनिक बिदा घोषणा गरियोस् भनी श्री ३ महाराज मोहन शमशेरसमक्ष अनुरोध गरेका थिए । २००५ साल (३० जून १९४८) काठमाडौको यट्खाबहाल (हाल १९ वडा) मा भिक्षु नारद स्थविरलाई नागरिक अभिनन्दन समारोहको आयोजना गरियो । श्री ३ मोहन शमशेरको प्रतिनिधिका रूपमा प्राइभेट सेक्रेटरी दीपराज मानन्धर एम.ए. को सभापतित्वमा भएको यो ऐतिहासिक सार्वजनिक सभा हो, जुन २००४ सालको नेपालको पहिलो लिखित संविधान घोषणापछिको सर्वप्रथम सार्वजनिक सभा थियो । यसै सभामा श्री ३ महाराज मोहन शमशेरद्वारा वैशाखपूर्णिमाका दिन सरकारी बौद्ध धर्मचारीहरूका लागि सार्वजनिक बिदा दिने हुकुम भएको कुरा श्री ३ महाराजका सुपुत्र कमान्डर इन चीफ शारदाशमशेर जबराद्वारा हस्ताक्षरित अंग्रेजी

---

173 **ऐजन ।**

174 कोण्डन्य, **स्मारिका**, (पूर्ववत, पादटिप्पणी संख्या १२), पृ. ३३ ।

175 **ऐजन**, पृष्ठ ३३ ।

लिखित पत्र[176] श्री ३ महाराजको शुभसन्देश पढेर सुनाउँदा त्यहाँ उपस्थित जनसमुदायहरूद्वारा सुस्वागतको रूपमा बजाइएको करतल ध्वनि गुञ्जायमान भएको कुरा प्रत्यक्षदर्शीहरू आज पनि छन् । यसरी दुई महिनाको अन्तरमा भिक्षु नारदले नेपालमा बुद्धशासन उत्थान गर्न ठूलो सघाउ पुऱ्याई १० जुलाई १९४८ मा श्रीलंका फर्के ।[177]

176 परिशिष्ट नं. ८ मा समाविष्ट धर्मोदयमा छापिएको पत्र नमूना ।

177 कोण्डन्य, **स्मारिका**, (पूर्ववत, पादटिप्पणी संख्या १२), पृ. ३४ ।

### ५.२.३ ऐतिहासिक बुद्धपूर्णिमा तथा सार्वजनिक बिदाको घोषणा

बुद्धको जन्म, सम्बोधि लाभ तथा महापरिनिर्वाण त्रिसंयोग दिवस स्वाँया पुन्ही वा वैशाख पूर्णिमालाई उपत्यकामा सर्वप्रथम बु.सं २४७० (बि.सं. १९८३)[178] मै सुरुवात गर्ने धर्मादित्य धर्माचार्यको देनलाई निरन्तरता दिंदै जानेक्रममा अधिराज्यव्यापि नै बुद्धपूर्णिमा बौद्धहरूकै सामूहिक धार्मिक उत्सवको रूपमा परिणत हुनसक्नुमा थेरवादी बौद्धहरूको अहँ भूमिका रहेको छ। एसरी नै ७ सालको क्रान्तिपश्चात् २००८ जेष्ठ ७ गते बु.सं. २४९५औं वैशाख पूर्णिमाको दिन नेपालको बुद्धशासनको इतिहासमा ठूलो महत्वपूर्ण दिन हो । १०४ वर्षीय जहाँनिया राणाशासन अन्त्य भई प्रजातन्त्रको स्थापनापछि श्री ५ महाराजाधिराज त्रिभुवन र श्री ५ युवराजाधिराज महेन्द्र आनन्दकुटी विहारको श्रीलंका चैत्य प्रदक्षीणा गरी भिक्षुसंघद्वारा सुस्वास्थ्य दीर्घायु कामना गर्दै गरेको परित्राणपाठमा सरिक भए । श्री ५ दुबैजनाको बाहुलीमा भिक्षु अमृतानन्दले परित्राणसूत्र बाँधिदिएका थिए । (चित्र सूची नं. २१) यसपछि मौसूफ सरकारबाट बुद्ध-प्रतिमामा फूलमाला चढाई बुद्धपूजा, बुद्धको पवित्र अस्थिधातुको दर्शन सम्पन्न भयो, यो नै नेपालको इतिहासमा मध्यकालीन शासनव्यवस्थाको अन्त्यपश्चात् कुनै राजा बौद्ध विहारमा पदार्पण गरी बुद्धपूजा र अस्थिधातु दर्शनमा सरिक भएको कुरा अहिलेसम्म भेटिएको छैन ।[179]

दिवा कार्यक्रअन्तर्गत स्वम्भूकै भुइखेलमा श्री ५ महाराजाधिराजको सभापत्विमा बु.सं. २४९५ औं बुद्धपूर्णिमाको सार्वजनिक-सभामा तत्कालीन गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला र उद्योग तथा वाणिज्यमन्त्री गणेशमानसिंह, शिक्षामन्त्री नृपजङ्ग, भिक्षु अमृतानन्द, धर्मादित्य धर्माचार्य, दयावीरसिं कंसाकार, लोकदर्शन वज्राचार्य र १४ वर्षीय अन्धा बालिका मंगलदेवीहरू सबैले विचार पोखे । त्यतिबेला भिक्षु अमृतानन्दले श्री ५ महाराजाधिराज प्रमुख अन्तरिम मन्त्रिमण्डलसमक्ष निम्न चार प्रस्ताव पेश गरेका थिए :

१. वैशाखपूर्णिमाका दिन नेपालभरि सबै जागिरदारहरूलाई सार्वजनिक बिदाको घोषणा हुनुपर्ने ।

२. स्वयम्भू पर्वतमा रहेका पशुपंक्षी आदि प्राणीहरूको हिंसा गर्ने र त्यहां शिकार खेल्न नदिने ।

३. स्वयम्भूमा रहेका वृक्ष कटान गर्न नदिने ।

४. छाउनीमा तारा हान्न नदिने ।

---

178 बैकुण्ठप्रसाद लाकौल, **नेपालय् स्थविरवाद**, (काठमाडौं : मालती लाकौल, वि.सं. २०४२), पृ. ५२ अनुसार स्वयं धर्माचार्यले कलकत्ताको महाबोधिमार्फत सन् १९२८, मा Buddhist India Vol II, No. 2, June, B.E. 2472, pp. 132 अनुसार " The Full Moon Day of Baisakh, better known in Nepal as Swanya Punhi falls in May 4, when the Sakya, Buddhist in large numbers celebrated for the third time ..." यसबाट बु.सं २४७० नै पहिलो पटक भएको किटानका साथ भन्न सकिन्छ ।

179 कोण्डन्य, **स्मारिका**, (पूर्ववत, पादटिप्पणी संख्या १२), पृ. ३४ ।

श्री ५ महाराजाधिराले सम्बोधनमा, "... एक आपसमा मिलीजुली बस्नका लागि बुद्धधर्मको शिक्षा पालन गर्नु धेरै राम्रो हुनेछ भन्दै.... यसरी २००८ साल जेष्ठ ७ गते (सन् १९५२) कै दिन श्री ५ महाराजाधिराज त्रिभुवनबाट वैशाखपूर्णिमाका दिन सार्वजनिक बिदाको घोषणा गरियो ।"[180]

त्यसपछि ३ बजेतिर आनन्दकुटी विहारबाट पवित्र अस्थिधातु खटमा राखी श्रीघः विहारमा ल्याइसकेपछि पाँचघोडे बग्गीमा राखी धुमधामसँग नगर परिक्रमा गराइयो । भोलिपल्ट विहानैदेखि श्रीघः विहारमा अस्थिधातु दर्शनार्थ राखी दिउँसो ३ बजे पुनः जात्रा गरी अस्थिधातु आनन्दकुटी विहारमा लगी श्रीलंका चैत्यको गर्भभित्र राखियो र अस्थिधातु नगर परिक्रममा उद्योग तथा वाणिज्यमन्त्री गणेशमानसिंह स्वयं पनि सरिक भएका थिए । सरकारी मान्यता प्राप्त गराई राष्ट्रिय पर्वको रूपमा अगाडि बढाउन श्री ५ महाराजाधिराज त्रिभुवनबाट सार्वजनिक बिदाको घोषणा तथा श्री ५ महेन्द्रणबाट अधिराज्यभर हिंसा निषेध गराउन सफल भयो । बैशाख पूर्णिमाको जागरणसँगै बुद्धसम्बत् प्रयोग गर्ने बारे जनस्तरमा चेतना उत्प्रेरित गर्ने प्रचलनको पनि सुरुवात भयो ।

## ५.३ श्री ५ हरुबाट बुद्धको अस्थिधातु दर्शन तथा बुद्धपूजा

बु.सं २४९६ औं बुद्ध पूर्णिमा (२००९ साल) को उपलक्ष्यमा विविध धार्मिक कार्य सम्पन्न भइसकेपछि बुद्धको पवित्र अस्थिधातु सार्वजनिक दर्शनपछि श्री ५ महाराजाधिराज त्रिभुवन र युवराजाधिराज श्री ५ महेन्द्रलाई आनन्दकुटी विहारमा सवारीपश्चात् बुद्धपूजा र पवित्र अस्थिधातु दर्शनमा सरिक गराइयो । यसपछि श्री ५ महाराजधिराजको सभापतित्वमा सञ्चालित सार्वजनिक सभामा नेपालस्थित भारतीय राजदूत चन्द्रेश्वरी, अमेरिकन पोइन्ट फोरका प्रतिनिधिहरू र मन्त्रिमण्डल पनि उपस्थित थिए । यसपछि बु.सं. २४९७ देखि बु.सं. २५१७ सम्ममा पवित्र अस्थिधातु वैशाख पूर्णिमाका दिन आनन्दकुटी विहारमै सर्वसाधारणका लागि प्रदर्शन गरियो भने बु.सं. २५१८ औं बुद्धपूर्णिमाको उपलक्ष्यमा अस्थिधातु बग्गीमा राखी नगर परिक्रमा गराइयो । बु.सं. २५१९ र बु.सं. २५२० को बुद्धपूर्णिमाको दिनमा आनन्दकुटीमै अस्थिधातु प्रदर्शन गरिएको थियो ।

---

180 प्रकाशित समाचार, **धर्मोदय**, वर्ष ४ अङ्क ६ र ७ संयुक्त, (कालिम्पोङ्ग : वि.सं. २००७), भिक्षु अमृतानन्द, **नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास,** (काठमाडौं : आनन्दकुटी विहार गुठी, पृ. ५-७ ।), कोण्डन्य, "नेपालमा पवित्र अस्थिथातु आगमन : एक लघु अध्ययन", **स्मारिका,** पृ. ३५ ।

बु.सं. २५२१ औं बुद्ध पूर्णिमा (२१ बैशाख २०४३) का दिन श्री ५ वीरेन्द्र प्रथमवार आनन्दकुटीमा सवारीहुँदा पवित्र अस्थिधातुको दर्शन गरी बुद्धपूजामा सरिक भएको जुन घटना छ, यो नै मौसूफ सरकारबाट प्रथमबार बुद्धपूर्णिमामा सरिक होइबक्सेको स्मरणीय दिन हो । यसै वर्षदेखि ४ वर्षमा एकचोटी बुद्धपूर्णिमाका दिन श्री ५ को सवारी तथा पवित्र अस्थिधातुसहित नगरपरिक्रमा गर्ने नियम बन्यो । यसै वर्षदेखि बुद्धपूर्णिमा समारोह समितिले हालसम्म बुद्धपूर्णिमा मनाउन काममा अग्रसरता देखाउँदै निरन्तर लागिरहेको छ । बु.सं. २५२४, बु.सं. २५२६, बु.सं. २५३० र बु.सं. २५४२ औं बुद्धपूर्णिमाका दिन श्री ५ वीरेन्द्र आनन्दकुटी विहारमा पवित्र अस्थिधातुको दर्शन, बुद्धपूजा एवं सार्वजनिक सभामा सहभागी भए । (चित्र सूची नं. २२) बु.सं. २५४८ औं बुद्धपूर्णिमाका उपलक्ष्यमा श्री ५ ज्ञानेन्द्र सरकार तथा श्री ५ बडामहारानी कोमल सरकार बुद्धपूजा, बुद्धको पवित्र अस्थिधातु-दर्शन एवं सार्वजनिक बौद्ध सभामा सहभागी थिए ।[181]

### ५.३.१ श्री ५ युवराजाधिराजहरुबाट बुद्धपूजा एवं अस्थिधातु दर्शन

वि.सं. २०२६ (ने.सं. १०८९) मा श्री ५ युवराजाधिराज वीरेन्द्रले गण महाविहारमा बुद्धको पवित्र अस्थिधातुको दर्शन गरेका थिए भने वि.सं. २०५२ सालमा श्री ५ युवराजाधिराज दीपेन्द्रबाट बुद्धपूजा र पवित्र अस्थिधातुको दर्शन सम्पन्न भएको थियो ।[182] यसरी नै किण्डोलस्थित निर्वाणमूर्ति मन्दिरको उद्घाटन गर्न वि.सं. २००८ कार्तिक २८ गते श्री ५ युवाराजाधिराज श्री ५ महेन्द्र सरकारको सवारी भएको थियो ।[183]

## ५.४ नेपालमा अग्रश्रावकहरूको अस्थिधातु

वि.सं. २००८ भाद्र ४ गते मन्त्रिमण्डलले ८ वटा बुँदासहित भगवान् बुद्धका अग्रश्रावद्वय सारिपुत्र र महामौद्गल्यायनहरूको अस्थिधातु राजकीय सम्मानका साथ स्वागत गर्ने निर्णय भएअनुसार २००८ कार्तिक २० गते विशेष हवाइजहाजबाट गौचरण हवाइ अड्डामा अस्थिधातु पुगेपछि श्री ५ त्रिभुवनको बाहुलीमा हस्तान्तरण गरियो । (चित्र सूची नं. २३) सरकारी सलामी र ३१ तोप पड्काइसकेपछि हवाइ अड्डाबाट नारायणहिटी राजदरबारमा लगियो । २२ गते श्री ५ त्रिभुवनसहित श्री ५ बडामहारानीबाट

---

181 कोण्डन्य,(पूर्ववत, पादटिप्पणी संख्या १२), पृ. ३४-३७ ।

182 **ऐजन** ।

183 सुशीला शाक्य, **अनागारिका धर्मचारी तथा उपासिकारामको संक्षिप्त परिचय**, (अनु. अनागारिका कुसुम), (काठमाडौं : निर्वाणमूर्ति उपासिकाराम संरक्षण समिति, वि.सं. २०५३) ।

अस्थिधातुको दर्शन, त्यसपछि श्री ५ महाराजाधिराज स्वयं धातुसँगै सवारी भएर टुँडिखेलमा मौसूफकै सभापतित्वमा स्वागतसभाको आयोजना गरियो । अग्रश्रावकहरूको अस्थिधातुलाई काठमाडौं, पाटन, भक्तपुर र बनेपामा दर्शन गराइयो । श्री ५ युवराजाधिराज मेहन्द्र, श्री ३ महाराज मोहनशम्शेर (२४ कार्तिक, आनन्दकुटी), प्रधानमन्त्री मातृकाप्रसाद कोइराला (शान्तिपूर्वक मन्त्रिमण्डलको परिवर्तन भएपछि मंसिर १ गते पाटन), गृहमन्त्री बि.पी कोइराला, संसदीयमन्त्री खड्‌गमानसिंह, कमान्डर इन चीफ किरणशमशेर जबराहरूले धातुको दर्शन गरे । श्री ५ युवराजाधिराजको पाटनमा सभापत्विको आसनबाट सन्देश बक्स भएको थियो । त्यसबेला भारत, बर्मा, लहासा, श्रीलंका, थाइल्याण्ड बंगलादेश, कम्बोडिया, हेलसिन्की, यू.एस.ए, सिंगापुर, जापान, फ्रान्स, ग्रीस, बेलायत आदि देशशहरूबाट शुभसन्देश प्राप्त भएको थियो । मंसिर ७ गते श्री ५ महाराजाधिराजबाट गौचरणमा धातुचैत्य महाबोधिसभालाई फिर्ता गरियो । अग्रश्रावकधातु ल्याउँदा र फर्काउने दिन सार्वजनिक बिदा पनि दिइएको थियो ।[184]

## ५.५ राजकीय सम्मानपूर्वक द्वितीयवार बुद्धको पवित्र अस्थिधातु प्राप्त

बुद्ध तथा धर्मप्रति नेपालीहरूमा भएको प्रगाढ श्रद्धा तथा श्रीलंका सरकारको मैत्रीपूर्ण व्यवहार अनुरूप राजकीय सम्मानपूर्वक धर्मपालाराम विहारमा वि.सं. २०५१ साल आषाढ ३ गते नेपाल सरकारका तर्फबाट उद्योग तथा श्रम राज्यमन्त्री रामकृष्ण ताम्राकारको नेतृत्वमा भिक्षु मैत्री, पुरातत्व विभागका निर्देशक खड्‌गमान श्रेष्ठ र लक्ष्मीदास मानन्धर गरी चार सदस्यीय नेपाली प्रतिनिधिमण्डललाई बुद्धको पवित्र अस्थिधातु हस्तान्तरण गरियो । २०५१ आषाढ ६ गते पवित्र अस्थिधातु त्रिभुवन विमानस्थलदेखि श्रीलंका सरकारको तर्फबाट बुद्धशासन मन्त्री डी. गामाको उपस्थितिमा भव्य रूपमा स्वागत गरी आनन्दकुटी विहारमा पुऱ्याई नेपालका तेश्रो संघनायक भिक्षु अनिरुद्ध महास्थविरसमक्ष श्रीलंकाचैत्यको गर्भभित्र निधान गर्न हस्तान्तरण गरियो । उक्त अीस्थधातुका साथमा श्रीलंकाको बुद्धशासन मन्त्रालयका सल्लाहकार र भिक्षु कोटुगोड धर्मावास र सरकारी प्रतिनिधि विजयतुङ्गे आएका थिए । साथमा नेपालका लागि श्रीलंकाली राजदूत रोवर्ट जयसिंघेको उपस्थिति थियो ।[185]

---

184 **ऐजन,** पृ. ३५ ।

185 **ऐजन,** पृ. ३६ । पुरातात्विक ऐतिहासिक महत्वको भगवानको सो पवित्र अस्थिधातु २०५० साल आषाढ २३ (अगस्ट १९९३) को राति चोरी भएको थिया भने हालसम्म त्यसको कुनै खोजी हुन सकेको छैन ।

## ५.६ जनजीवनमा परित्राण तथा महापरित्राणको प्रभाव

पञ्चरक्षा, प्रज्ञापारमिता, तारासत्वनाम आदि परम्परागत पाठ सुन्दै आएकाबीच सूत्रपिटकअन्तर्गत परित्राण पाठ गर्ने परम्पराको थालनी गरियो । स्वयम्भूको पर्वत स्थानमा वि.सं. १९९७ मा प्रथमबार अहोरात्री महापरित्राणपछि जनस्तरमा प्रभाव पर्दै गयो । परित्राणसम्बन्धी साहित्य प्रकाशनमा उत्साह देखियो । परित्राण-महापरित्राणलाई सांस्कृतिकरूप दिन श्रीलंकाको अनुकरणसँगै थालनीमा देखिएको महापरित्र्याण पाठ गर्ने विशेष मण्डपको निर्माणमा भने वज्रयानी बुद्धधर्मको प्रभाव परेको देखिन्छ । हाल महापरित्राण उपत्यका बाहिर धेरै जिल्लाहरूमा पनि आयोजना हुँदै आएका छन् । नारायणहिटी राजदरबारभित्रै महापरित्राण आयोजना गरिनुका साथै श्री ५ त्रिभुवनको पालादेखिनै श्री ५ महाराजधिराजको जन्मोत्सवको उपलक्ष्यमा महापरित्राण गर्ने प्रचलन सुरू गरियो । बुद्धवचनलाई मैत्री चित्तले आशीर्वाद दिने तथा शान्तिस्वस्ति कामनाको अभिप्रायले परित्राण पाठ गरिन्छ । विशेष समारोहका साथ दिनभरि वा अहोरात्र महापरित्राण पाठ गर्ने चलन छ । महापरित्राण पाठ हुँदा सुरुमा मण्डपभरी भिक्षुहरु बसी सामूहिक परित्राण पाठ गरिन्छ भने त्यसपछि युगल पाठ हुन्छ । २९ वटा सूत्र पाठपछि पुनः सामूहिक परित्राण पाठ गरी महापरित्राण पाठ समापन हुन्छ ।[186] आजकाल महापरित्राण पाठको आयोजनमा लोकप्रियता बढ्दै गरेको छ ।

## ५.७ विहार निर्माण तथा संरक्षण

थेरवाद बुद्धशासनको पुनर्जागरणपछि वज्रयानी परम्पराकै बहाःबहीको संरक्षणमा नयाँ विहार निर्माण कार्यमा लागेको यथार्थतालाई स्मरण गर्नैपर्छ । किण्डोल विहारको आश्रयबाटै आनन्दकुटी विहारको स्थापना भयो जसलाई आधुनिक नेपालमा बुद्धशासनको पहिलो विहारको रूपमा परिभाषित गरिन्छ । अद्यावधि केही थेरवादी भिक्षुहरू पुरानै बहाबहीहरूमा छन्, त्यसको संरक्षणसमेत गर्दैछन् भने आधुनिक रूपमा आफ्नै परम्परागत विहार वास्तुकलात्मक ढंगले विहार बनाउने भन्दा पनि सम्मिश्रणता थपी विहार बनाउने कार्य अधिराज्यभरी फैलिएको छ । कीर्तिपुरस्थित नगरमण्डप श्रीकिर्ति विहार (चित्र सूची नं. २४), काठमाडौंको विश्व शान्ति विहार (चित्र सूची नं. २५) र धर्मकीर्ति विहार (चित्र सूची नं. २६) वास्तुशैलीअनुरूप चर्चामा रहेको विहार मानिन्छ । विहार निर्माणमा थेरवादले आफ्नै शैली र महत्तालाई ख्याल गरेनन् भन्ने असन्तोष सुन्नुपरेको अस्वाभाविक होइन । तर प्राचीनशैलीको चैत्य निर्माण गर्ने र विहारमा परम्परागत चैत्यको निर्माण

186 भिक्षु सुदर्शन, **महापरित्राण**, (काठमाडौं : सानुनानी कंसाकार, वि.सं. २०६२), भूमिका ।

गर्नमा समेत उदारता देखाइएको छ । भक्तपुरमा पुरानो विहारको जीर्णोद्धारका सवालमा एकजना भिक्षु आमरण अनसन नै बसेको घटना पनि नभएको होइन ।

हाल काठमाडौंमा २८, कास्की १, कैलाली १, काभ्रे ८, गुल्मी २, तौलिहवा १, धनकुटा १, नुवाकोट १, पर्सा १, पाल्पातानसेन ४, बारा १, बाग्लुङ्ग १, भक्तपुर ४, भोजपुर १, मोरङ्ग २, म्याग्दी १, बाँके १, रुपन्देही ९, ललितपुर १९, संखुवासभा २, सुनसरी ४ गरी नेपाल राष्ट्रव्यापि ९८ वटा थेरवादी विहार रहेको देखिन्छ । यसमध्ये कुनै कुनै विहार मिश्रित भएपनि थेरवादकै प्रभाव एवं संरक्षणप्राप्त विहारहरु हुन् ।[187]

## ५.८ बौद्ध प्रकाशन तथा संचारमा संलग्नता

"प्रभु ! हाम्रो नेवारी भाषा (नेपाल भाषा) का पुस्तकहरु तीनवर्षसम्म राखेर पनि फेरी जाँच्नलाई अझै समितिलाई एकमहिना लाग्ने विष्णुबहादुरमार्फत थाहा पाउँदा दुःख लाग्यो । समितिमा भएका पुस्तकरुमा कुनै किसिमका राजनैतिक कुरा छैन । ललितविस्तरमा भगवान् बुद्धको जीवनी, धम्मपदमा भगवानको संक्षिप्त उपदेश, गृहविनयमा गृहस्थ धर्मका कुरा, त्रिरत्न वन्दनामा पूजाविधि रहेको छ । गृहविनय, धम्मपद, कर्म विभाग, आर्यसत्य, बुद्धोपदेश सह भजनमाला, धम्मपदट्ठकथा, ज्ञानमाला आदि पुस्तकहरु सुब्बा तेजबहादुरमार्फत सरकारको पाउमा चढाएको थिएँ । ललितविस्तरको जाँच दुईवर्षअगाडि नै दरवार लाइब्रेरीमा सिद्धिहर्ष गुभाजुले हेरी केही दोष छैन भनी समितिमा जाहेर भैसकेको छ । त्यसैले ती किताबहरु सरकारले नै झिकाई जाँची बुझी निर्णय भए हुन्थ्यो ...." भनी भिक्षु अमृतानन्दले वि.सं. २००३ जेष्ठ ८ का दिन कमाण्डर इनचीफ मोहन शम्शेरलाई पत्र लेखेका थिए ।[188]

थेरवाद बुद्धशासनको पुनर्जागरणसँगै पालिसाहित्यअनुरूप ग्रन्थ प्रकाशनमा पहल सुरू भयो । स्वयं भिक्षु धर्मालोकले बज्रयानी बुद्धधर्ममा प्रचलित गुरूमण्डल (श्री बज्रसत्वायः) वि.सं.१९९४ मैं भारतीय भिक्षु प्रज्ञाभिवंशबाट भारतमै प्रकाशित गरेको थियो । त्यसो त धर्मादित्य धर्माचार्यबाट भारतबाटै बुद्धधर्म,

187 परिशिष्ट नं. ५ । Kondanya, "Updated Theravada Records in Present Nepal 2006" **2550th Souvenir, (Buddha Jayanti Samaroha Samiti, Ktm, 2006 A.D.), p.70-74.** कोण्डन्य, थेरवादी भिक्षु, श्रामणेर तथा अनागारिका तथा विहारहरु, **ज्योति उदय**, चापागाउँ : बु.सं. २५५० । पृ. ८४-९१ ।

188 केशरलाल श्रेष्ठ, "भन्तेयात पौ", **आनन्द भूमि**, आनन्द कुटी विहार गुठी, वर्ष ३२ अंक ५, पृ.१८-२१ ।

हिमाली बौद्ध, बौद्ध भारत र द बुद्धिष्ट इन्डिया प्रकाशित भएको पनि स्मरणीय छ । वि.सं.१९९५ मा अनिश्वरवादी चिन्तन एवं व्यावहारिक सुधारसम्बन्धी परम्परागत सोचभन्दा बाहिरको कुरा जसले सामाजिक संरचनामा समेत परिवर्तन वाहकको भूमिका निभाउने हुन्छ, त्यस प्रवृत्तिजन्य ग्रन्थहरूको अनुवाद, लेखनको प्रारम्भ हुँदै गए । कलकत्ताबाट भिक्षु अमृतानन्दद्वारा नेपालभाषामै धर्मप्रवचनपछि रेडियो नेपालको स्थापनासँगसँगै बुद्धधर्मसम्बन्धी कार्यक्रम प्रस्तुतीमा भिक्षुहरूको योगदान स्मरणीय देखिन्छ । थेरवादले नेपाल भाषाको माध्यमबाट अनुवाद, लेखनमा असंख्य ग्रन्थ प्रकाशन गरिसकेको छ भने बुद्धकालीन ग्रन्थमालाकार आचार्य भिक्षु अमृतानन्द  र पालि साहित्यको अनुवादमा दुण्डबहादुर वज्राचार्यको योगदान अविस्मरणीय रहेको छ । भाषाको सवालमा थेरवादले एउटै भाषा अवलम्बन नगरेको कारण आज नेपाली साहित्यिक क्षेत्रमा थुप्रै ग्रन्थहरू प्रकाशित हुँदै छन् भने भाषिक समानताको दृष्टिलाई उजागर गरे स्वरूप थारू, तामाङ्ग, मगर, गुरूङ्ग आदि भाषामा समेत थेरवादी साहित्य देखिएको छ । मासिक, वार्षिक, बुद्धधर्मसम्बन्धी पत्रपत्रिका प्रकाशनमा विशेषतः आनन्दभूमि र धर्मकीर्ति बौद्ध मासिकको निरन्तरतापूर्ण कार्य स्मरणीय छ । भिक्षु बोधिज्ञानको शोधअनुसार नेपालभाषा बौद्ध वाङ्मयको कीर्तिमान ने.सं. १०२८-११२१ सम्मलाई अध्ययन गर्दा थेरवादअन्तर्गत ८४०, महायानअन्तर्गत ३५७ तथा वज्रयानअन्तर्गत १३८ वटा ग्रन्थ प्रकाशन भएका छन्, जसमध्ये थेरवादमा सबैभन्दा बढि भिक्षु सुदर्शन महास्थविरले ७० वटा, त्यसपछि भिक्षु अश्वघोष महास्थविरले ६६ तथा अनागारिका धम्मवतीले ४९ वटा ग्रन्थ मौलिक, अनुवाद, सम्पादन गरी प्रकाशित गरेका छन् । यसरी नै महायानीअन्तर्गत सबैभन्दा बढि हेमराज शाक्यले ४८ वटा, त्यसपछि आशाकाजी शाक्यले ३३ वटा तथा रत्नकाजी वज्राचार्यले १४ वटा ग्रन्थ मौलिक, अनुवाद, सम्पादन गरी प्रकाशित गरेका छन् । त्यस्तैगरी वज्रयानमा सबैभन्दा बढि पं. बद्रीरत्न वज्राचार्यले ५१ वटा, त्यसपछि अमोघवज्र वज्राचार्यले २० वटा तथा रत्न बहादुर वज्राचार्यले १३ वटा ग्रन्थ मौलिक, अनुवाद, सम्पादन गरी प्रकाशित गरेका छन् । कीर्तिमान तुलनात्मक लालिकाअनुसार थेरवादको ६३, महायानको २७ र वज्रयानको १० प्रतिशत ग्रन्थ प्रकाशन भएका छन् ।[189]

विशेषगरी म्यानमार (बर्मा), श्रीलंका, थाइल्याण्ड आदि देशमा बुद्धधर्मको अध्ययन गर्नुभएका यहाँका भिक्षु, अनागारिकाहरुबाट नेपालमा थेरावादी बुद्धधर्मको प्रचारप्रसार गर्ने कार्य भएका हुन् । नेपालमा एकतन्त्रीय राणा शासनको वक्रदृष्टिले गर्दा पिल्सिएको बुद्धधर्मलाई भिक्षु, अनागारिकाहरुले उपासक,

---

189 भिक्षु बोधिज्ञान, नेपालपण्डल ब्वँमाः, (ललितपुर : नेपाल मण्डल घःचाःधुकू, पाटन संयुक्त क्याम्पस, ने.स. ११२२), पृ. ४-८ ।
भिक्षु बोधिज्ञान, नेपालभाषा बौद्ध वाङ्मय, शोध प्रवन्ध, (पाटन संयुक्त क्याम्पस, ने. सं. ११२२), पृ. १९२ ।

उपासिकाहरु जम्मागरी त्रिपिटक अर्थात सूत्रपिटक, विनयपिटक, अभिधर्मपिटक सँगसँगै विविध बौद्धशिक्षा प्रदान गरेर धर्मप्रति चेतना वृद्धिगरी पुनर्जागरण गर्ने कार्य भएको थियो । यसै कारणले भिक्षु, अनागारिका, उपासक, उपासिकाहरुबाट बौद्ध साहित्यलाई नेपालभाषामा रूपान्तरण गर्ने र त्यसरी नै बौद्धधर्मसम्बन्धी ग्रन्थ लेखी प्रकाशनमा ल्याउनेजस्ता कार्यगरी बुद्धधर्मको ज्ञान प्रदान गर्दैआएका छन् ।[190]

## ५.९ बौद्ध संघसंस्था एवं सामाजिक कार्य

धर्मादित्य धर्माचार्यबाट नेपाल बुद्धोपासक संघको स्थापनादेखि भिक्षुहरूलाई निष्काशनपश्चात् धर्मोदय सभाको स्थापनाले नयाँ सोचलाई जन्म दियो ।[191] अखिल नेपाल भिक्षु महासंघको स्थापनापछि विहार विहारमा युवकहरूलाई संगठित गर्न विभिन्न संगठन स्थापना गरियो । वज्रयानी महायानी बौद्धहरूका पनि नयाँ संघ स्थापना हुँदैगए । विस्तारै संघसंगठनमार्फत् पठनपाठन र सामाजिक सेवा र सुधारका लागि समेत कार्यहरू गर्न थालियो । भिक्षु सुमंगलले बनेपास्थित बौद्ध वृद्धाश्रम स्थापना गरे भने हाल ध्यानकुटी विहारमा मेत्ता सेन्टरबाट बाल आश्रम (अनाथाश्रम) संचालन भइरहेको छ । यसरी सेवामूलक परिकल्पनालाई साकाररूप दिंदैजान नियमित रुपमै विभिन्न सामाजिक कार्यलगायत स्वास्थ्यसम्बन्धी पनि क्रियाकलापहरूमा संलग्नता देखिएको छ । उपत्यकाबाहिर पनि शिविर एवं जागरणमूलक तरिकाले यस किसिमका कृयाकलापको आयोजना बढ्दो छ ।

## ५.१० पर्व एवं संस्कार

थेरवादी पर्वलाई विचार गर्दा धर्मादित्य धर्माचार्यबाट बुद्धजयन्ती पर्व मनाउने परम्पराको थालनी, वि.सं. १९९४ मा ज्ञानमाला भजनको स्थापना, किण्डोल विहारबाट प्रारम्भ बुद्धपूजा, धर्मदेशना कार्यक्रम, नेपालबाट निष्काशित भिक्षुहरूको आगमनसँगै श्रीलंकाबाट आएका बौद्ध शिष्ट मण्डलले २००३ सालमा ल्याएको बुद्धको पवित्र अस्थिधातु दर्शन र आनन्दकुटीमा स्थापित प्राचीन शैलीको चैत्य निर्माण, २००८ सालमा अग्रश्रावक सारिपुत्र र मौद्गल्यायनको पवित्र अस्थिधातु राजकीय सम्मानकासाथ उपत्यकामा दुई सप्ताहभन्दा बढि धुमधामसँग जात्रापर्वझैं गरिएको प्रदर्शनलाई पर्वको प्रारम्भिक चरण मान्न सकिन्छ । त्यसपछि आनन्दकुटीमा रहेको पवित्र अस्थि धातुको दर्शन जात्रा पर्वझैं अगाडि बढेका थिए भने आज नेपालको थेरवाद पुनः प्रवेशपछि उपोसथ अर्थात पूर्णिमा, औंसी, अष्टमीका दिन विहार विहारमा बुद्धपूजा,

---

190 डा. वज्रराज शाक्य, **पलेस्वाँ**, (ललितपुर : लोटस रिसर्च सेन्टर, वि. सं. २०५८), सम्पादकीयको पृ. २ ।

191 परिच्छेद चारमा धर्माचार्यको उदयमा यस बारे चर्चा भैसकेको छ ।

राष्ट्रव्यापि बुद्धपूर्णिमा महोत्सव, अस्थिधातु जात्रा, वर्षावास, कथिनोत्सव, धर्मचक्र प्रवर्तन दिवस (आषाढ पूर्णिमा), जेष्ठ पूर्णिमा र आयुसंस्कार परित्याग दिवस (माघ पूर्णिमा) आदिलाई संस्कृतिकै रूपमा अगाडि बढाइँदै छ ।

थेरवादको संस्कारसम्बन्धी कुरा गर्दा वस्तुतः संस्कार पद्धत्ति "अतीत, वर्तमान र भविष्यका प्राणीप्रति सद्भावना, शुभकामना, शुभाषिश, शुभेच्छा आदिबाट व्यूत्पन्न भएको मानिन्छ । जीवनमा कुनै पनि बेला, कतैबाट, कसैबाट र कुनै प्रकारको विघ्नबाधा, दुःख-पीडा, शोक-सन्ताप, अनिष्ठ नहोस् भन्ने भावनाबाट संस्कार कर्मलाई निरन्तरता दिने कार्य अगाडि बढिरहेको हुन्छ । संस्कार विना कोही अगाडि बढ्न सकेका हुँदैनन् भने संस्कारकर्म विभिन्न देश, जाति, प्रजाति, धर्म, संस्कारअनुरुप भिन्नभिन्न हुन्छन् । एउटै देशको जाति, धर्म, समाज भएपनि भौगोलिक विविधता, सांस्कृतिक विविधता आदि कारणले भिन्न प्रकृतिले अगाडि बढिरहेका हुन्छन् ।

नेपाली समाजमा १६ संस्कारको अवधारणा रहीआएतापनि थेरवादभित्र १० प्रकारको संस्कारलाई बढी जोड दिइएको पाइन्छ । जसअन्तर्गत-[192]

| | | | |
|---|---|---|---|
| १) गर्भमङ्गल | २) नामकरण | ३) अन्नप्राशन्न | |
| ४) कर्णवेध | ५) व्रतबन्ध (चूडाकर्म) | ६) विद्यारम्भ | |
| ७) प्रवज्या | ८) विवाह मङ्गल | ९) उपसम्पदा | १०) अन्तेष्टी कर्म । |

यी संस्कारलाई हामीले वर्तमान चलनअनुसार गर्भमङ्गल, नामकरण, अन्नप्राशन्न, कर्णवेध, व्रतबन्ध (चूडाकर्म), विद्यारम्भ, विवाह मङ्गल तथा अन्तेष्टी कर्मलाई आवश्यक संस्कारअन्तर्गत राख्नसक्छौं भने प्रवज्या र उपसम्पदाविधिलाई अपवादको रुपमा लिनसक्छौं ।

उपरोक्त उल्लेख्य संस्कारको प्रभाव मध्यम वर्गीय नेवार समुदाय तथा बौद्ध जनजातिहरुमा देखिंदैछ । बौद्ध जनजातिहरुमा बुद्धधर्मप्रति भइरहेको चासो र श्रद्धाको अभिवृद्धिका कारण दिनप्रतिदिन थेरवादी

---

192 धर्मरत्न शाक्य 'त्रिशुली', **बौद्ध संस्कार पद्धति**, (काठमाडौं : युवा बौद्ध समूह, वि.सं. २०५१), पृ. ४ ।

संस्कारको व्यापकतामा वृद्धि देखिएको छ । त्यसो त अनावश्यक तडकभडक गरी आफ्नो आर्थिक अवस्थाले नभ्याउने कम खर्चिलो, सुगम र सरल तवरले विस्तारै अगाडि बढ्नु राम्रो भन्ने मानसिकताले थेरवादी बौद्ध संस्कार पद्धति अपनाउँदैजाने क्रममा सुधार आएको देखिन्छ ।

बौद्ध संस्कार पद्धतिअनुरुप गरिने विधिमा बुद्धपूजा, पञ्चशील प्रार्थना, परित्राणपाठ, जल तथा सूत्र (धागो) वितरणले अहं भूमिका निभाएको हुन्छ भने त्यसलाई निरन्तरता दिन आयोजक दाताको यथाश्रद्धा दानले भूमिका निभाएको हुन्छ । शीलसदाचारमा प्रतिष्ठित भएर मात्र सम्पूर्ण बौद्ध संस्कारको उपादेयता झल्किने हुन्छ भने अन्धविश्वासलाई महत्त्व दिएको हुँदैन, धार्मिक कट्टरपन तथा करकाप र दस्तुरको ब्यवस्था नुहुनु यसको विशेषता मानिन्छ । गर्भाधान संस्कारदेखि अन्तेष्टी संस्कारसम्म पालि भाषासहित परित्राण-पाठ एवं सम्बन्धित संस्कार बारे सुसूचित गर्न तथा धार्मिक प्रवृत्ति अभिवृद्धिका लागि विशेष धर्मप्रवचन हुने गर्दछ । परित्राण पाठलाई मन्त्रोच्चारणको रुपमा नभई बुद्धको उपदेशात्मक जीवनोपयोगी सूत्र मैत्रीपूर्वक सत्यतालाई साक्षी राखी पाठ गर्ने प्रचलन रहीआएको छ । आजकाल परित्राणपाठ गरिंदा अर्थसहित पाठ गर्ने प्रचलन पनि बढेको छ । परित्राण पाठ हुँदा प्रत्येक एउटा सूत्र पाठ सम्पन्न भएपछि **“एतेन सच्च वज्जेन सोत्थि ते होतु सब्बदा, एतेत सच्च वज्जेन सब्ब रागो विनस्सतु, एतेन सच्च वज्जेन होतु ते जयमङ्गल”** अर्थात यस सत्यवचनको आनुभावले श्वस्तिशान्ति होस्, निरोगी होस्, सबैको मंगल र कल्याण होस् भन्ने आशीर्वादको उच्चारण गर्दा[193] श्रोता श्रद्धालुबाट साधुकार भन्ने गरिन्छ ।

थेरवादीहरु आफूलाई कर्मकाण्ड विरोधी हौं भनी गर्व त गर्छन् तर नेपाली सामाजिक बनौटसँगै आफ्नो प्रभाव क्षेत्रमा बौद्ध संस्कारको नाउँमा विस्तारै कर्मकाण्डीय संस्कारतर्फ उन्मुख भइरहेका छन् भन्दा अस्वाभाविक मानिनुपर्ने देखिंदैन । आफ्नो दैनिक जीवनसँगै संस्कार कर्ममा आबद्ध भएर हिंडनुपर्ने बाध्यता पनि हो । सम्पूर्णतः सैद्धान्तिक रुपमै अगाडि बढ्न र ध्यानमार्गमा प्रतिष्ठित भई विपश्यना मार्गी भएर अगाडि बढ्ने प्रयत्नरत भिक्षु, उपासक, उपासिकाहरु पनि नभएका होइनन् । यसको परिपूर्तिका लागि अनुकुल वातावरणको व्यवस्था हुनुपर्दछ । आजकाल ध्यानकेन्द्रहरु पनि अभ्यासका लागि फलदायी देखिन्छन् भने अन्यत्र ठाउँ भनेको जङ्गल मात्र सम्भाव्यताको सूचिकतृतमा पर्नसक्छ ।

193 भिक्षु सुदर्शन, **महापरित्राण**, (काठमाडौं : सुश्री सानुनी कंसाकार, वि.सं. २०६२ ।

बौद्ध संस्कार पद्धत्तिमा विशेष गरी आह्वान सूत्र, महामङ्गल सूत्र, मैत्री सूत्र, रत्न सूत्र, जयमङ्गल गाथा, पुव्बण्ह सूत्र, मरणानुस्मृति भावना आदि सूत्रहरु पाठ गर्ने गरिन्छ । बौद्ध संस्कार पद्धति भिक्षु-श्रामणेर वा अनागारिकाहरुको सहभागितामा हुने गर्दछन् भने उहाँहरुको अनुपस्थितिमा पनि परिवारका ठूलाबडा जान्नेबुझ्ने वा वयोवृद्धहरुबाट समेत संस्कार कर्म सम्पन्न गर्ने गरिन्छ ।[194]

थेरवादी बुद्धधर्मको पुनः प्रवेशसँगै नेपालमा चलनचल्तीमा देखिएका थेरवाद बौद्ध संस्कारले जनमानसमा जरो गाड्न अझै धेरै समय लाग्न सक्दछ । प्रायः विहारमा गइरहने, भिक्षुहरुसँग सम्बद्ध उपासक उपासिकाहरुले थेरवादको संस्कार अपनाएपनि पुरानो संस्कारलाई छोड्न सकेका छैनन् । मिश्रित रुपमा संस्कार पद्धत्ति अपनाइने प्रचलनबाट उन्मुक्ति पाउन मानसिक रुपमैं परिवर्तन ल्याई व्यवहारतः परिवर्तनमुखी नभइकन सम्भव देखिंदैन । जे होस् थेरवादी बौद्ध संस्कारले पनि विस्तारै र मिश्रित रुपमैं भएपनि आफ्नो संस्कारयुक्त परम्परालाई निरन्तरता दिने काम भइरहेको मान्न सकिन्छ ।

## ५.११ बौद्ध तीर्थयात्रा एवं धार्मिक पर्यटन

धार्मिक पर्यटनको अभिवृद्धिमा ठोस योगदानस्वरूप ज्ञानमाला भजन खलःले आयोजना गरेको तीन तीन पटकसम्म पाँचसयभन्दा बढिको संख्यालाई बौद्ध तीर्थयात्रामा लगी धार्मिक पर्यटनमा बीजारोपन गर्नमा अहं भूमिका भिक्षुहरूकै नेतृत्व एवं संलग्नतामा भएको थियो । त्यतिबेला वि.सं. २०२३ सालमा पहिलो समूहमा ३२५ जना, यसरी नै वि.सं २०२८ मा दुतीयवार ५२० जना, तथा वि.सं. २०३५ सालमा ६२५ जना गरी बौद्ध उपासकोपासिकाहरुलाई ऐतिहासिक रुपमा भारतमा बौद्ध तीर्थयात्रा लगेका थिए । त्यतिबेला भिक्षु सुदर्शन महास्थविरको ठूलो परिश्रमले गर्दा अद्यावधि ती बौद्ध तीर्थयात्रा ऐतिहासिक रुपमा गनिन्छ । आज परदेशमा समेत धार्मिक पर्यटनको प्रभाव जम्दै गएको दिखिन्छ ।

## ५.१२ ध्यान भावनाको स्थापना

प्रायसः देवदेवी एवं विभिन्न रूपको सममानगरी नेवार बुद्धधर्ममा सीमित व्यक्तिहरूले सीमित ठाउँमा अभ्यास गर्ने ध्यान पद्धत्ति रहेको परम्परासँगै भिक्षु महाप्रज्ञा र भिक्षु प्रज्ञानन्दले थेरवाद बुद्धशासनको

[194] धर्मरत्न शाक्य 'त्रिशुली', **बौद्ध संस्कार पद्धति**, (काठमाडौं : युवा बौद्ध समूह, वि.सं. २०५१), पृ. ४-२६ । यस उपयोगी पुस्तककै आधारमा बौद्ध जनजातिहरु आफ्नो भाषामा भाषान्तरण गरी संस्कारकर्मतर्फ आकर्षित भइरहेका छन् ।

पुनःर्जागरणसँगै नेपालमा पुनः अशुभ, आनापानासति र विशुद्ध ज्ञानदर्शन विपस्सना (विपश्यना) भावनाको शिक्षा दिने र भाविता गराउने कार्य थाल्नुभयो । त्यसपछि श्रीलंकाली भिक्षु नारदले मैत्री भावना सिकाएका थिए ।[195] नेपालमा थेरवाद बुद्धशासनको पुनर्जारणपछि थेरवादी भिक्षु र विहारकै सकृयतामा विशेषतः बर्माका ध्यान गुरु विश्वविपश्यनाचार्य महासी सयादो तथा भारतीय विश्वविपश्यनाचार्य सत्यनारायन गोयन्काको प्रभावले धर्मलाई अनुभूतिको धरातलमैं अगाडि बढाउँदै लान सकारात्मक भूमिका देखिएअनुरूप ध्यान केन्द्रको निर्माणमा वृद्धि भएको छ । विपश्यना ध्यान जनस्तरमा प्रचारले गर्दा ध्यानमार्गीहरूको छुट्टै समूह देखिँदै छ । सन् १९८१ मा आनन्द कुटी विहाबाट शुभारम्भ गरिएको विपस्सना कार्यक्रम नेपाल विपस्सना केन्द्रका स्वरूप लिई बुढानिलकण्ठको धम्मसृंग विपस्सना केन्द्रको आफ्नो छुट्टै पहिचान कायम हुँदै छ । धम्मतराई (बीरगंज), धम्मजननी (लुम्बिनी), धम्मकित्ति (कीर्तिपुर), धम्मपोखरा, धम्मगोदावरी आदिको स्थापना भैसकेको छ । विशेषतः धम्मसृंग स्वदेशी तथा विदेशीहरूको लोकप्रिय विपस्सना केन्द्रकारूपमा प्रतिष्ठित देखिन्छ । त्यसो त काठमाडौंकै शंखमूलमा अवस्थित अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र र यसैअन्तरगत लुम्बिनीमा रहेको पण्डिताराम ध्यान केन्द्र पनि संचालनमा देखिएको छ ।[196]

सीमित बौद्ध आचार्य वर्ग र सीमित क्षेत्र (आगँ) मा प्रदान गरिने समाधि ध्यान विधिलाई थेरवादी बौद्ध परम्पराले पुनः सबैका लागि खुल्ला हलमा वा खुल्ला आकासमुनि समथ र विपस्सना भावना सिकाएर बौद्ध संस्कृतिलाई आकाशजस्तै विस्तृत, सागरजस्तै गहन, पृथ्वीमाझैं ठोस शान्तिको सुवास एवं पवित्रतायुक्त उदार र व्यापक क्षेत्र निर्धारण गर्ने भूमिका निभाएको छ भन्ने भिक्षु सुदर्शनको भावना स्मरणीय देखिन्छ ।[197]

## ५.१३ जनजातिमा बुद्धधर्मको लहर एवं जनगणनामा सचेतता

थेरवाद बुद्धधर्मको प्रभावबाट नेपाली बौद्धहरुमा जुन नवजागरण ल्यायो त्यसैको प्रभावबाट जन्मजात बौद्ध जनजातिमा पनि जागरणको शुभप्रभात भएको थियो । ४६ सालको जनआन्दोलनपश्चात् थेरवाद बुद्धशासनिक क्षेत्रबाट बौद्ध जागरण अभियान कार्यमा जुन फड्को मार्ने प्रयास भयो त्यसले

---

195 भिक्षु सुदर्शनया, "नेवाः बुद्धधर्मया संरक्षणय् थेरवाद परम्पराया भूमिका" कार्यपत्र, **नेपाल मण्डलया बौद्ध संस्कृति सम्मेलन-१११९ छगू प्रतिवेदन**, (ललितपुर : लोटस रिसर्च सेन्टर, वि.सं. २०५६), पृ.४०२ ।

196 कोण्डन्य,"नेपालमण्डलको बौद्धधर्मको विकासमा थेरवाद बुद्धधर्मको योगदान", शान्ति सन्देश, वर्ष ६ अंक ६, वि.सं. २०६२), पृ. ११० ।

197 भिक्षु सुदर्शनया, **"नेवाः बुद्धधर्मया संरक्षणय् थेरवाद परम्पराया भूमिका"** कार्यपत्र, **नेपाल मण्डलया बौद्ध संस्कृति सम्मेलन-१११९ छगू प्रतिवेदन**, (ललितपुर : लोटस रिसर्च सेन्टर, वि.सं. २०५६), पृ.४०२ ।

उपत्यकाबाहिरका तामाङ्ग, शेर्पा, गुरूङ्ग, मगर, थारूहरूकाबीच नौलो जागरणलाई निम्त्यायो । आफ्नो धर्म, स्वधर्मको पहिचान बारे सुसूचित गरी बुद्धोपदेशलाई प्रचारमा ल्याउन रचिएका विविध उपायस्वरूप जनजातिहरूमा दशैं हाम्रो हो वा होइन भन्ने सोचमैं सजगता ल्याउने कार्य भयो । यसपछि उपत्यकाबाहिरका बौद्धहरूलाई संगठित गर्ने काममा उर्जा थपिंदै गयो, परिणामतः प्रत्यके जनगणनाममा बौद्ध धर्मावलम्बीहरूको घट्दो प्रतिशत्मा सजगता अपनाउनेतर्फ सचेतता ल्याउने कार्य हुँदैगयो । बौद्ध जागरण कार्यले बौद्ध जनजातिमा आएको सचेतताका कारण धर्मनिरपेक्षता आन्दोलनमा अहं भूमिका निभाउने कार्य भएको कुरा स्मरणीय इतिहास हो ।

### ५.१३.१ थारुजाति र थेरवादको समन्वय

०४६ सालको आन्दोलनपछिको खुला वातावरणसँगै बौद्ध गतिविधिको आयोजना एवं प्रचार-प्रसारमा तीब्रता छाएको देखिन्छ । विशेषतः युवा बौद्ध समूह, काठमाडौंको बौद्ध जागरण शिविर आयोजनाले जनजातिहरुमा ठूलो प्रभाव कायम गर्नसक्यो । सप्तरी, सिरहा, उदपुर आदि जिल्लाका थारु जनजातिमा हामी बौद्ध हौं भन्ने जागरण ल्यायो । सप्तरीमा थेरवादी शैलीको चैत्यको स्थापना, रमानन्द प्रसाद सिंह चौधरीको दायकत्वमा थेरवादी विहार नै स्थापना भएको छ । त्यसो त कैलालीको धनगढीमा थारुहरुकै सहभागितामा लोकचक्र बुद्ध विहार निर्माण भैसकेको थियो । थारुहरुमा हामी शाक्यमुनि बद्धकै वंशज हौं भन्ने जागरणले बौद्ध संस्कार पद्धत्तिलाई नै अपनाउने काम भइरहेको छ । थारु समुदायबाट थेरवादी भिक्षु, श्रामणेर बन्नेहरु पनि छन् भने हाल सप्तरी, सिरहा, उदयपुरमा थारु कल्याणकारी समाजको अगुवाइमा थारुपण्डितको व्यवस्था भएको छ । थेरवादी बौद्ध संस्कारअनुरुप छुट्टै संस्कार विधि निर्माण गरी अगाडि बढ्ने जमर्को गरिरहेका छन् । उनीहरु थेरवाद बुद्धधर्मसँग आवद्ध भएर कसरी अगाडि बढ्न सकिन्छ भनी प्रकृया अपनाइरहेका छन् भने यसमा विभिन्न धारणाले गर्दा सबैलाई मनाउन सकिरहेको पनि छैन ।

“भ्रगवान् बुद्धको जन्मस्थल लुम्बिनी र पैतृकस्थल कपिलवस्तु थारुवानमै पर्दछ । बुद्धकालीन भेषभूषा रहनसहन वर्तमान थारु समाजमा पाइन्छ भन्ने कुरा विद्वानहरुबाट गरिएको अध्ययनबाट थाहा पाइएको छ । यसैगरी पालि भाषाको थेर शब्दबाट थारु शब्द बनेको हो भन्ने विद्वानहरुको राय छ । अहिले थारु समाजमा हामी शाक्य, कोलीय वंशज र बौद्ध हौं भन्ने भावना प्रवल रुपले व्याप्त छ । सप्तरी जिल्लाको सीतापुर गाउँ पञ्चायतको सिरस्थानमा शाक्यमुनि बुद्ध, लोकेश्वर, हरिततारा आदि बौद्ध देवताका ढुङ्गाका

मूर्तिहरु स्थापना गरिएका छन्। शैलीको आधारमा यी मूर्तिहरुलाई इस्वी आठौं शताब्दी नाताको मान्न सकिन्छ। यहाँका पूजारी थारु छन् यी पुरातात्विक प्रमाणहरुले पनि थारुहरु बौद्ध हुन् भन्ने ठोस रुपले प्रमाणित गर्दछ।"[198]

## ५.१४ धर्मनिरपेक्षताका लागि आन्दोलन

राज्यको पुनर्संरचना एवं नयाँ संविधानमा निर्माणको अर्को आधार भनेको बहुलसंस्कृति र धर्मनिरपेक्षता हो । राज्यमा बोलिने, मानिने प्रचलनमा रहेका सबै जातजाति, भाषाभाषी एवं सम्प्रदायहरुका सांस्कृतिक मान्यताहरुलाई आदर सम्मान गर्दै सबै धर्मप्रति समानताको नीति अपनाउनु पर्दछ । कुनै पनि बाहानामा कुनै एक धर्म, भाषा वा संस्कृतिलाई बोक्ने वा काखी च्याप्ने कुरा अब राज्यले गर्नुहुँदैन । नेपालको सन्दर्भमा धर्मनिरपेक्षता आदिवासी जनजातिहरुले उठाउँदै आएको मूल मुद्दामध्ये एक हो । त्यो त्यति नै न्यायोचित विषय पनि हो । किनकी नेपाल हिन्दू धर्मावम्बीहरु मात्र रहेको देश होइन र राज्यको कुनै धर्म हुँदैन पनि बरु यो नागरिकको आ-आफ्नो वैयक्तिक आस्था र स्वतन्त्रताको कुरा हो । त्यस्तो कुरामा राज्यले कुनै एक धर्मलाई च्याप्ने कुराले अन्य धर्म सम्प्रदायमाथि विभेद मात्र हुने होइन अन्याय पनि हुन्छ । त्यसैले नेपाल धर्मनिरपेक्ष राज्य घोषणा गरिनुपर्दछ र राज्यको राष्ट्रिय गान, राष्ट्रिय चिन्ह वा प्रतीकहरु बहुलसांस्कृतिक मान्यताका आधारमा बन्नुपर्दछ । मुलुकका सबै जातजाति, धर्म सम्प्रदाय एवं भाषाभाषीहरुका आस्था, आकांक्षा र भावनाले राज्यको हर क्षेत्रमा समान रुपमा ठाउँ पाउनुपर्दछ ।[199]

२०१७ सालमा पञ्चायती व्यवस्था लागू भएपछि जारी सविधानमा- "नेपाल एउटा स्वतन्त्र, अविभाज्य र सार्वभौम सम्पन्न राजतन्त्रात्मक हिन्दू अधिराज्य हो ।"[200] भनी स्पष्ट नेपाललाई हिन्दू राष्ट्रको दर्जामा पुर्‍याइयो । वैधानिक रुपले हिन्दूधर्मले बढावा पाएपछि अन्य धर्महरु पाखामा पर्नु स्वाभाविक नै हो । ०४६ सालको आन्दोलन सफलपश्चात् २०४७ सालको संविधान जारी हुनुअगाडि धर्मनिरपेक्षताको आन्दोलन नै भएको थियो । भिक्षु अमृतानन्दको नेतृत्वमा धर्मोदय सभाले अगुवाइ भूमिका निभाउँदा आदिवासी जनजाति महासंघको सशक्त भूमिका देखियो । ०४७ सालको संविधानमा हिन्दू राष्ट्रको एकाधिपत्य अन्त्य गरी

198 जगमान गुरुङ्ग, **नेपालका बौद्धहरुः एक विवेचना**, कार्यपत्र, (धर्मोदय सभा, दोश्रो राष्ट्रिय बौद्ध सम्मेलन- लुम्बिनी, वि.सं.२०४६), पृ.११ ।

199 राज्यको पुनर्संरचना र नयाँ संविधान निर्माणको प्रश्नःअवधारणा र प्रकृया, आदिवासी जनजाति समन्वय समिति, वि.सं. २०६२, पृ. १५ ।

200 नेपालको संविधान २०१९, धारा ३ (१), श्रीष चन्द्र रेग्मी, नेपाल सरकार र राजनीति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०५६), पृ. ३१३ ।

धर्मनिरपेक्ष राष्ट्रको समुचित व्यवस्थाका लागि देशव्यापी रुपमा आन्दोलन मच्चियो, अनेकौं दवाबमूलक कृयाकलाप गरिए । वि.सं. २०४६ आषाढ १६ गते धर्मनिरपेक्षताको मागसहित लाखौं जनताको सहभागितामा विशाल शान्ति पदयात्रा निस्की संविधान सुझाव आयोगलाई सुझावयुक्त ज्ञापनपत्र बुझाइएको थियो । त्यतिबेला संविधान निर्माताहरुबाट हिन्दूराष्ट्र नबनाइने भावना व्यक्त भएपनि अन्तत्वगत्वा २०४७ कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान जारी हुँदा- “नेपाल एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक स्वतन्त्र, अविभाज्य, सार्वभौम सम्पन्न, हिन्दू, संवैधानिक राजतन्त्रात्मक अधिराज्य हो ।”[201] भनी पुनः धर्मनिरपेक्ष वादीहरुका लागि राज्यबाट न्यायिक व्यवहार गरिएन । भनिन्छ नेपाल राष्ट्रलाई हिन्दू धर्मसापेक्ष बनाउन दरवारले दिएको दबावको अगाडि संविधान निर्माताहरुको केही जोड चलेन फलस्वरुप नेपाल पुनः हिन्दू राज्यमैं सीमित रहन पुग्यो ।[202] नेपाल पुनः हिन्दू राज्यमै सीमित रहन पुगेको कुरालाई सूर्य थापाले यसरी जानकारी गराएको छ-

“संविधान निर्माणको बखत नेपाल हिन्दू संवैधानिक राजतन्त्रात्मक मुलुक हो या हिन्दू, संवैधानिक राजतन्त्रात्मक मुलुक भन्ने सम्बन्धमा ‘कमा’ को निकै विवाद चलेको थियो । यो विवाद चर्केर सर्वोच्च नेता गणेशमान सिंहको तहमा समेत पुगेको बताइन्छ । र उहाँले हिन्दू र संवैधानिक राजतन्त्रात्मक शब्दको बीचमा ‘कमा’ थप्ने पक्षमा जिद्दी गर्नुभएको कारण, मूलतः दरवारको रुचिमा नेपाल हिन्दू राष्ट्र हुन पुगेको हो । अन्यथा हिन्दू संवैधानिक राजतन्त्र हुने तर मुलुक हिन्दू अधिराज्य नहुने कुरा मस्यौदामा स्पष्ट उल्लेख थियो ।”[203]

जे होस्, राज्यले सम्पूर्ण धर्मलाई समानुपातिक ढङ्गबाट कसैलाई काखा र कसैलाई पाखा पार्ने व्यवहारस्वरुप हिन्दूराष्ट्र घोषणा गरेपनि धर्मनिरपेक्षताको आन्दोलन जारी रह्यो । धर्मोदय सभा, थेरवादी बौद्ध संस्थालगायत आदिवासी जनजाति महासंघका विरोध कार्यक्रमहरु विभिन्न स्वरुपमा निरन्तर जारी नै रह्यो । नेपाली थेरवादी प्रकाशन एवं सम्बद्ध पक्षले निरन्तर रुपमा राज्यले सबै धर्मप्रति समभाव राखोस् भनी अभियान चलाइ नै रहे ।

---

201 नेपाल अधिराज्यको संविधान २०४७, धारा ४ (१), ऐजन, पृ. ३५४ ।

202 डा.सानुभाई डंगोल, **“धर्मनिरपेक्षता र यसको उपादेयता”** कार्यपत्र, (काठमाडौं : थे.दा.के.प., वि.सं. २०६२), पृ. १८ ।

203 सूर्य थापा, **विश्वमा राजतन्त्रः उत्थान, पतन र भविष्य**, (काठमाडौंः नवयुग प्रकाशन प्रा.लि., वि.सं.२०६०), पृ. ८१ ।

### ६.१४.१ धर्मनिरपेक्ष राष्ट्र घोषणा

जनआन्दोलन ०६२/६३ कोलगत्तै परिवर्तित नेपाली राजनीतिकवृत्तले हरक्षेत्रमा ठूलो परिवर्तनका लागि खाका कोरिदिएको छ । २०६३ जेष्ठ ४ गते प्रतिनिधि सभाको घोषणालगत्तै प्रतिनिधि सभा सार्वभौमसम्पन्न भएको ठहर गर्दै **"नेपाल धर्म निरपेक्ष राज्य हुनेछ"** भनी ऐतिहासिक घोषणा गरियो । यसपछि धर्मनिरपेक्षवादीहरुलाई राहत हुने देखियो भने अतिहिन्दूवादीहरु विपक्षीका रुपमा देखिए । यसरी नै नेपालको अन्तरिम संविधान २०६३ लागू भएपछि स्पष्टतः **"नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो ।"**[204] भनी घोषणा गरियो । यसरी नै "राज्यले नागरिकहरुका बीच धर्म, वर्ण र जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।"[205] भनी अन्तरिम विधानमैं स्पष्ट उल्लेख गरियो ।

अन्तरिम संसदबाट जारी गरिएको अन्तरिम संविधानमा धर्मनिरपेक्ष राष्ट्र घोषणाको लगत्तै धर्मनिरपेक्षताको विरोधमा पर्चावाजी, जुलुश, धर्ना, चक्काजामजस्ता विरोधजन्य गतिविधि पनि भए भने यसको समर्थनमा खुशियाली गर्दै दिपावली पनि मनाइए । विश्व हिन्दू महासंघ, राष्ट्रिय समिति काठमाडौंले "हिन्दू राष्ट्र नै कायम गरिनुपर्ने" जिकिरसहित खुलापत्र प्रकाशन गरे ।[206] यसरी अन्तरिम संविधानमा धर्मनिरपेक्ष राष्ट्र नेपाल भनी स्पष्ट उल्लेख भैसकेपछि हिन्दूवादीहरुले विरोध जनाएपनि बहुआयामिक क्षेत्रमा यसको रचनात्मक एवं सकारात्मक प्रभाव देखिएको छ । तर धर्मनिरपेक्ष राष्ट्रको स्वरुपमा भने विधानतः निरपेक्ष भनिएतापनि खासै राज्यस्तरबाट प्रत्यक्षरुपमा परिवर्तित व्यवहार देखाउन सकेका छैनन् भने संविधान सभाको चुनावपछि बन्ने नयाँ संविधानमा पुनः धर्मनिरपेक्ष राष्ट्र नेपालको व्यवस्था कायम होला नै भनी सबै ढुक्क हुन सकेका छैनन् ।

---

204 नेपालको अन्तरिम संविधान-२०६३, भाग १, धारा ४ (१) । (काठमाडौं : न्यू पसिद्धि कानूनी परामर्श तथा प्रशिक्षण केन्द्र, वि.सं. २०६३), पृ. २७ ।

205 नेपालको अन्तरिम संविधान-२०६३, भाग ३, धारा १२ (३) ।, **ऐजन**, पृ. २९ ।

206 कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित समाचार, २०६३ जेष्ठ २० गते ।

# परिच्छेद छैठौं

# संघको विस्तार एवं परियत्ति शिक्षाको विकास

## ६.१ परिचयात्मक पृष्ठभूमि

विभिन्न संघर्षका चरणहरु पार गरी पुनर्जागरित नेपाली थेरवाद बुद्धधर्मलाई आजको स्थितिमा पुऱ्याउन सुरुवातका दिनमा महायानी-वज्रयानी बहाःबहीलाई नै आधारस्थलको रुपमा प्रयोग गरिएको थियो । छुट्टै थेरवादी परम्पराको विहार नहुँदा उपत्यकामा स्वयम्भूस्थित किण्डोल बहाः/विहार त्यतिबेला प्रमुख केन्द्र थियो । थेरवाद बुद्धधर्मको पुनः प्रवेशपछि भिक्षु धर्मालोकले सन् १९४३ मा स्वयम्भू परिसरमैं नेपालका पहिलो थेरवादी विहार निर्माण गरिसकेपछि नेपालमा थेरवाद बुद्धधर्मले अझ व्यवस्थित रुपमा अगाडि बढ्न नयाँ गति लियो । त्यतिबेला पुनरुत्थानको चरणमा थेरवाद विहार नेवाहरुकै बस्तीमा सीमित, नेवार समुदायकै दाताहरुमा निर्भर रहेको थियो भने विस्तारै विभिन्न जातजाति, समुदाय र क्षेत्रमा समेत आफ्नो प्रभाव बनाउने कार्यसँगै नेवार जनसमुदाय केन्द्रित शहरबाट पनि अन्यत्र नेपालको भौगोलिक तथा जातीय विविधतालाई आत्मसात गरी अगाडि बढ्ने जमर्को गरेको छ । परिणामतः आज नेपालमा थेरवादी बुद्धधर्म द्रुतगतिले विकासशील धर्मको रुपमा अगाडि बढेको छ । यस धर्मले जनजातिभित्र पनि प्रवेश पाइसकेको छ । नेपालमा प्रचलित परम्परागत बुद्धधर्म र आचरणसँग तादात्म्य सम्बन्ध राख्दै प्रचारप्रसार गरेको हुनाले नेपालमा थेरवाद बुद्धधर्म अगाडि बढाउन गाह्रो भएन । सुरुवातमा नेवार जनसमुदायबाट मात्र भिक्षु, अनागारिकादीक्षा लिनेहरु थिए भने हाल नेवारबाहेक बाह्मण, क्षेत्री, शेर्पा, तामाङ्ग, थारु, मगर आदि क्षेत्रबाट भिक्षु अनागारिका बन्नेहरु पनि छन् । कतिपय बौद्ध जनजातिभित्र थेरवादी बौद्ध संस्कारको प्रचलनको समेत आरम्भ भैसकेका छन् । थेरवादी संस्कार धेरै झन्झटिलो नभएको सहजरुपमा अवलम्बन गर्न सकिने भएकोले पनि यतातिर प्रभावित हुने क्रम बढ्दो छ । झण्डै आठ दशक लामो समयदेखि थेरवाद बुद्धधर्मले पालि वाङ्गमयअनुरुप जनजीवनमा धर्म र संस्कार बनाउँदै जाने प्रभावकारी कृयाकलापहरुको निरन्तर आयोजना हुँदै गएको छ । यस किसिमका रचनात्मक कृयाकलापहरुबाट नेपालको थेरवाद कसरी, कुन तवरमा नेपाली जनमानसभित्र विकसित तथा क्रियाशील भइरहको छ भन्ने विवरणात्मक तथ्य निम्न उल्लेख्य बमोजिम ज्ञात हुन्छ ।

## ६.२ चतुपरिषद्

बुद्धधर्मलाई बुद्धशासन पनि भनिन्छ । बुद्धशासनलाई निरन्तरता दिन चतुपरिषद्को् व्यवस्था स्वयं बुद्धकालदेखि निरन्तर चल्दै आएको देखिन्छ । बुद्धशासनका चारवटा पाँग्रा (चक्र) भनी भिक्षु, भिक्षुणी, उपासक तथा उपासिका समूहलाई इंगित गरिएको छ ।[207] यी चारपरिषद्ले बुद्धशासनलाई चिरस्थायी गर्न अहं भूकि निभाउँदै आएका छन् । बुद्धोपदेश चारपरिषद्अन्तर्गत भिक्षुहरुका लागि २२७ तथा भिक्षुणीहरुका लागि ३३१ वटा[208] विनय-नियम निर्धारण गरिएको छ भने उपासक-उपासिकाहरुका लागि गृहविनय अर्थात गृहस्थधर्म नियम निर्धारण गरिएको छ । समयको अन्तरालसँगै थेरवादी बुद्धधर्मको प्रभावित मुलुकहरुका चतुपरिषद्ले बुद्धशासनलाई निरन्तरता दिंदैजान प्रज्ञप्त गरिएका विनय-नियमलाई आधारभूमिका रुपमा स्वीकारी अघि बढिरहेका छन् ।

नेपालको परिवेशमा भन्नुपर्दा थेरवादी बुद्धशासनलाई निरन्तरता दिन चार परिषद्को कार्य एवं कृयाकलाप बारे चर्चा गर्नु उपयुक्त हुनेछ । त्यसैले यहाँ चार परिषद्ले बुद्धधर्म चिरस्थायी गर्न अपनाइरहेको कार्य, उनीहरुको अवस्था र क्रियाकलाप बारेमा चर्चा गरिएको छ ।

### ६.२.१ भिक्षुसंघ

शाक्यमुनि बुद्धको जन्मभूमि नेपालमा बुद्धधर्म शुद्धरुपमा धारणा र पालन गरी र गर्न लगाई जनसाधारणको जीवन सुखमय, शान्तिमय र कल्याणमय गर्न, नेपाल अधिराज्यमा स्थविरवादी भिक्षु र श्रामणेरहरुको सुसंगठित गर्न तथा बुद्धशासनको उन्नति र अभिवृद्धि गर्दैलान **"अखिल नेपाल भिक्षु महासंघ"** एक संगठित महासंघको आवश्यक्ता महशूस भई वि.सं. २००८ मंसिर २३ गतेको बैठकमा निर्णय भएअनुसार स्थापना भएको संस्था हो ।[209] नेपाल राष्ट्रब्यापि थेरवादी भिक्षु तथा श्रामणेरहरुबीच आपसी भाइचारा,

---

[207] "मनुस्सेसु चतस्सो परिसा-भिक्खू, भिक्खुनिया, उपासका, उपासिकायो" अङ्गुत्तरनिकाय अट्ठक निपात पृ.२८३ तथा "यो चस्सन्नं परिसानं धम्मं देसेति ..." महागोसिङ्गसूत्र, मज्झिमनिकाय भाग १, पृ. २६४, मा उल्लेख्य श्रोतअनुसार भिक्षु अमृतानन्द, **न्ह्यसःया लिसः**, ( काठमाडौं : आनन्दकुटी विहार गुठी, वि.सं. २०४२), पृ.३० ।

[208] राहुल सांकृत्यायन (अनु.), विनयपिटक, (भारत : महाबोधि सभा, ई.सं.१९३५), भिक्षु ज्ञानपूर्णिक (अनु.), उभयप्रातिमोक्ष, (काठमाडौं : आनन्दकुटी विहार गुठी, वि.सं २०४५), भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र, सम्यक् संस्कार, (काठमाडौं : सुखी होतु नेपाल, वि.सं. २०६० । मा भिक्षु र भिक्षुणी विनयनियमसम्बन्धी उल्लेख भएका छन् ।

[209] अखिल नेपाल भिक्षु महासंघको विधान-२०४७, प्रस्तावना, (काठमाडौं : अ.ने.भि.महासंघ, वि.सं. २०४८ ।

अन्तरसम्बन्ध, अन्तरक्रिया, सहयोग, सद्भाव र समझदारी कायम गर्दै सांगठनिक रुपमा महत्त्वपूर्ण भूमिका निभाउँदै आएको अखिल नेपाल भिक्षु महासंघको संस्थापना भिक्षु अमृतानन्दले गरेका थिए ।[210]

"भिक्षु भन्नाले स्थविरवादी परंपराअनुसार विनयानुकुल उपसम्पदा भएको भिक्षु सम्झनु पर्छ" भनी वर्तमान भिक्षु महासंघको विधानले स्पष्ट पारेको छ ।[211] विनयपिटक पालि त्रिपिटकअनुसार भिक्षु संघ भन्नाले कम्तिमा पनि चारजना भिक्षुहरुको समागम अनिवार्य हुन्छ । उपसम्पदापेक्षिक श्रामणेरलाई पूर्णरुपमा भिक्षुदीक्षा वा उपसम्पदा गरिंदा देश-प्रदेश हेरी भिक्षुहरुको उपस्थिति रहनुपर्ने प्रज्ञप्त गरिएको छ । श्रामणेरका लागि दशवटा शील-विनय-नियम पालन गर्नुपर्ने अनिवार्य विधान गरिएको छ भने श्रामणेरलाई उपसम्पदा दीक्षा प्रदान गरिंदा कुनै विहारमा अवस्थित निश्चित क्षेत्र वा विनयानुसार नदी वा सीमागृहभित्र २२७ वटा विनयम-नियममा आवद्ध गराई उपसम्पदा दीक्षा प्रदान गरिन्छ । नियमानुसार श्रामणेर हुनका लागि ७ वर्ष कटिकसकोको हुनुपर्दछ भने उपसम्पदा दीक्षा प्राप्त गर्नका लागि २० वर्षमा प्रवेश गरिसकेको हुनुपर्छ । श्रामणेर दीक्षा प्राप्त गर्नेले आमा-बुबा वा अभिभावकीय जिम्मेवारी व्यक्तिको स्वीकृति लिनु अनिवार्य छ भने उपसम्पदा-दीक्षा वा भिक्षु हुनेले विवाहित भएमा धर्मपत्नीको अथवा आमा-बुबा वा अभिभावकीय जिम्मेवारी व्यक्तिको स्वीकृति लिनु अनिवार्य छ । निर्वाणधर्मको लक्ष बोकी प्रव्रज्या-दीक्षा लिने भएरपनि हिन्दूधर्मको वर्णाश्रम धर्मअन्तर्गत सन्यासाश्रमसँग थेरवादी-दीक्षा प्रणालीमा तुलनात्मक रुपले ठूलो अन्तररता रहेको छ ।

वास्तवमा बुद्धकालदेखि निरन्तररुमा परम्परागत ढङ्गले थेरवादी भिक्षु परम्परा चल्दैआएको भन्ने मान्यता रहेअनुरुप परम्परागत ऐतिहासिक भिक्षु संघ, जसले त्रिपिटकअन्तर्गत धर्म र विनयमा प्रतिष्ठित भएर आफूहरु अगाडि बढिरहेका हुन्छन् भने सम्पूर्ण बुद्धोपदेशलाई जनमानससामू प्रचारप्रसारको अभिभारासहित जिम्मेवारीसमेत वहन गरिरहेका हुन्छन् । तर आजकाल राष्ट्रलाई अनुसाशन गरी अगाडि बढिरहेको सरकारी निकायअन्तर्गत जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता गरी नियमानुसार लेखापरीक्षण एवं नविकरण गरिनुपर्ने कुनैपनि संघसंस्थाका लागि अपरिहार्यता हो भने त्यसरी अगाडि बढेकालाई वैधानिक मान्यता

---

210 भिक्षु अमृतानन्द, **नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास,** (काठमाडौं : आनन्दकुटी विहार गुठी, वि.सं. २०३८), पृ. ७ ।

211 भिक्षु महासंघको विधान-२०४७, (पूर्ववत, पादटिप्पणी संख्या ३), परिच्छेद १, धारा २ क, पृ. १ ।

दिइएको लोकमान्यता रहेको छ । यसैअन्तर्गत अखिल नेपाल भिक्षु महासंघले पनि छुट्टै विधान निर्माण गरी प्र.जि.अ.का.का.स.द. नं ३८३/०४७ दर्ता[212] प्रकृया पुऱ्याई संस्था दर्ता गरेको देखिन्छ ।

अ.ने.भि. महासंघको २०४७ को विधानअनुसार निम्न देहायबमोजिम पाँवटा उद्देश्यहरु बोकी सो संस्था दर्ता एवं त्यसले कार्यरुप दिन खोजेको स्पष्ट हुन्छ । जसअनुसार-

क) नेपालमा थेरवाद बुद्धशासनको उन्नति र अभिवृद्धि गर्ने ।

ख) नेपाली भिक्षु र श्रामणेरहरुको अभिवृद्धि गर्ने र थेरवाद-बुद्धधर्मका अनुयायी अनागारिकाहरु र उपासकोपासिकाहरुलाई मार्ग दर्शन गर्ने ।

ग) थेरवाद सांघिक विहार, नेपाली भिक्षु र श्रामणेरहरु धर्मप्रचारार्थ रहने अवस्थामा बही र धर्मस्थलको धर्मानुकूल संरक्षण गर्ने ।

घ) शाक्यमुनि बुद्धको उपदेश प्रचार-प्रसार धारण र पालन गर्न र गराउनलाई नेपाल बौद्ध परियत्ति शिक्षाको शैक्षिक व्यवस्था गर्ने, बौद्ध शिक्षा दिने र अभ्यासमा लाग्ने, प्रतिपत्तिको व्यवस्था गर्ने ।

ङ) राष्ट्रिय र अन्तर्राष्ट्रिय बौद्ध संघसंस्थाहरु तथा अन्य समान उद्देश्य भएका संघसंस्थाहरुसंग आफ्ना उद्देश्यअनुरुप मैत्री, भातृत्व तथा सद्भावना स्थापना गरी सहयोगको आदान-प्रदान गर्ने र विश्व शान्तिका लागि योगदान गर्ने ।[213]

उपरोक्त उल्लेख्य उद्देश्य बोकी अ.ने.भि. महासंघले थेरवादी बुद्धशासनको धर्म र मर्मलाई अगाडि सारी विभिन्न धार्मिक गतिविधिमा संलग्नता जनाउँदै आएको छ । भिक्षुहरु विशेषतः धार्मिक गतिविधि, पूजापाठ, ध्यानभावना, धर्मप्रचारात्मक कृयाकलाप, अध्ययन, अध्यापन, पुस्तक लेखन-प्रकाशन, आदिमा संलग्न रहँदै आएका छन् । कोही कोही सामाजिक क्षेत्र तथा शैक्षिक क्षेत्रमा आबद्ध छन् । त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विभागमा भिक्षु सुदर्शनले पहिलो नेपाली पारिश्रमिकधारी भिक्षुका रुपमा २० औं वर्ष प्राध्यापन गरेका थिए । (चित्र सूची नं. २७) सुरुवातमा थेरवादी भिक्षु भएर पारिश्रमिकधारी पेशा अपनाउनु भिक्षुका लागि सुहाउँदैन भन्ने मान्यता रहेतापनि हाल यस सोचमा व्यावहारिक परिवर्तन आएको देखिन्छ भने कोही कोही अरु भिक्षुहरु पनि

---

212 **ऐजन**, श्री ५ को सरकारबाट २०४७।१२।१५ देखि स्वीकृत भनी कभर पृष्ठमा उद्धृत गरिएको छ ।

213 **ऐजन**, परिच्छेद २, पृ. २ ।

पारिश्रमिक रुपमा अध्यापन क्षेत्रमा आवद्ध रहेका छन् । यसरी नै भिक्षु अश्वघोष महास्थविर तथा भिक्षु विमलानन्द महास्थविर लुम्बिनी विकास कोषका उपाध्यक्ष भएका थिए । वस्तुतः भिक्षुहरुको मौलिक विनयानुकुल पेशा अपनाउनु भिक्षु विनयनियम विपरीत मानिन्छ तापनि यसमा उदारता आएको देखिन्छ ।

यसरी नै भिक्षुहरुको जीवनचर्यामा विवादित हुनेगरी राजनीतिमा प्रत्यक्ष संलग्न हुनुहुन्न भन्ने जनआवाज पनि उठेको छ, जुन धार्मिक दृष्टिकोणले अत्यन्त संवेदनशील पक्ष नै हुन भने यसबारेमा भिक्षु महासंघले धर्म र विनयलाई ख्याल गरी बुद्धशासनलाई शुद्ध रुपमा निरन्तरता दिने नै हो भने स्पष्टरुपमै नीतिनियम तर्जुमा गरीनु पर्दछ । जनआन्दोलनपश्चात् २०४६ साल चैत्र २६ गतेको राजनीतिक परिवर्तनपछि नेपाल कम्युनिष्ट पार्टी एमाले (एककृत माओवादी लेनिनवादी) का तर्फबाट भिक्षु अश्वघोष महास्थविर (चित्र सूची नं. २८) राष्ट्रिय सभामा दुइवर्षका लागि मनोनित सांसद सदस्य हुँदा बौद्ध क्षेत्रमा हलचल भएको थियो । तत्कालीन धर्मोदय सभाका उपाध्यक्ष भिक्षु सुदर्शन महास्थविरले- “राष्ट्रिय सभा भनेको शुद्ध राजनैतिक थलो होइन, बरु बुद्धिजीविहरुको थलो हो” भनी सम्झाएको एवं ने.क.पा. एमालेको कार्यलयबाट नै “तपाईंलाई बुद्धधर्मावलम्बीहरुको प्रतिनिधित्व गरी सभामा पठाउन हाम्रो पार्टीले निर्णय गरेअनुसार यो पत्र पठाएको छु, स्वीकृति दिनु होला” भन्ने व्यहोराको अनुरोध पत्र आएबाट उहाँले सहर्ष स्वीकार गरी माथिल्लो सदनमा गएको थियो ।[214] पक्ष र विपक्षमा तर्कवितर्क हुनु अस्वाभाविक होइन तर त्यतिबेला अखिल नेपाल भिक्षु महासंघलाई पनि आधिकारिक पुष्ट्याईंको लागि सहज अवस्था थिएन किनकि अ.ने.भि.महासंघको विधान-२०४७ साल त्यस विषयमा मौन थियो, तत्सम्बन्धी विधानमा केही उल्लेख नै थिएन । यसपालि जनआन्दोलन २०६२/६३ पछि राजनीतिक निर्णयबाट आएको अन्तरिम विधायकमा नेपाल कम्युनिष्ट पार्टी माओवादीको तर्फबाट स्वतन्त्र रुपमा भनी भिक्षु आनन्दलाई (चित्र सूची नं. ३०) अन्तरिम विधायकमा नियुक्तिका लागि सिफारीश गरिंदा उही पुरानै समस्याझैं बौद्धहरुमाझ मिश्रित प्रतिकृया देखियो । जानु हुन्छ वा हुँदैन, राजनीतिमा प्रत्यक्ष भिक्षुहरुको सहभागीता दूरदर्शीताको आधारमा सही वा गलत विषयसम्बन्धी २९ माघ, २०६३ का दिन अ.ने.भि. महासंघद्वारा विशेष संघसभाको आयोजना गरी अबउप्रान्त महासंघका सदस्यता प्राप्त कुनैपनि भिक्षु वा श्रामणेर प्रत्यक्ष राजनीतिमा संलग्न हुन नपाउने, त्यसो भएमा कारवाहीको प्रावधान बनाउने भनी सर्वसम्मतले सो प्रस्तावलाई पारित गरी विधान संशोधन दलसमेत गठन गरेको थियो । यसरी आसन्न समस्या समाधान गर्दैजाने अ.ने.भि. महासंघको कांधमा निरन्तर जिम्मेवारी थपिंदै जाने देखिन्छ ।

---

214 रत्न सुन्दर शाक्य, **भिक्षु अश्वघोष महास्थविर**, (काठमाडौं : युवा बौद्ध समूह, वि.सं. २०६२), पृ. २६ ।

नेपालमा भिक्षुहरुकाबीच जेष्ठ भिक्षुलाई संघनायक प्रतिष्ठान विधिपूर्वक संघनायक पदवीबाट विभूषित गरिन्छ भने नेपालमा दुतीय जेष्ठ भिक्षुलाई पनि प्रकृयागत तवरबाटै संघउपनायक पदवी प्रदान गरिंदैआएको छ । पुनर्जागरित नेपालको थेरवाद बुद्धधर्ममा प्रथम संघमहानाय भिक्षु प्रज्ञानन्द महास्थविर (चित्र सूची नं. ९) थिए, यसरी नै हालसम्म दिवंगत भिक्षुहरु क्रमशः भिक्षु शाक्यानन्द महास्थविर (चित्र सूची नं. ३१), भिक्षु अनिरुद्ध महास्थविर (चित्र सूची नं. ३२), भिक्षु सुबोधानन्द महास्थविर (चित्र सूची नं. ३३) नेपालका संघनायक भिक्षु भैसकेका छन् । वर्तमान अवस्थामा ललितपुरस्थित श्री सुमङ्गल विहारवासी भिक्षु बुद्धघोष महास्थविर (चित्र सूची नं. ३४), नेपालका संघनायक भिक्षु हुन् भने काठमाडौंस्थित श्रीघः विहारका भिक्षु अश्वघोष महास्थविर (चित्र सूची नं. २८) नेपालका संघउपनायक भिक्षु हुन् । नायक र उपनायक प्रतिष्ठान विधि प्रथमतः कुनैपनि भिक्षुहरुको विनय-संघकर्म गर्ने पवित्र स्थलमा पूर्णतः भिक्षुहरुकै संलग्नतामा प्रकृया पुऱ्याउने कार्य हुन्छ भने पछि सार्वजनिक अभिनन्दन समारोहबीच औपचारिक रुपमै सो पद प्रदान गर्ने प्रथा रहीआएको छ । जहाँसम्म अ.ने.भि. महांसंघका अध्यक्षलगायत अन्य पदाकिारीहरु हुन्छन्, उनीहरु सबै वैधानिक प्रकृयाबाट चुनिने गर्दछन् । वर्तमान अ.ने.भि. महासंघमा भिक्षु कुमार काश्यप महास्थविरको (चित्र सूची नं. ३५) अध्यक्षतामा १५ सदस्सीय कार्यकारिणी बहालवाला रहेको छ ।[215]

भिक्षुहरुकाबीच स्थविर, महास्थविर लेख्ने प्रचलन कायम रहेको छ । उपसम्पदा-दीक्षा प्राप्त भिक्षुले दशवर्षपछि स्थविर लेख्न पाउने छ भने त्यसपछि १० वर्षपश्चात् अर्थात उपसम्पदा दीक्षा प्राप्त गरेर २० वर्षपछि महास्थविर लेख्न पाउने प्रचलन रहेको छ । महास्थविर भिक्षुलाई पाको, अनुभवी भिक्षुको रुपमा परिभाषित गरिन्छ । महास्थविर नाउँको पछाडि लेख्न भिक्षुसंघले थेर सम्मति प्रदान गरिसकेपछि प्रचलनमा लेख्ने गरेको पाइएको छ । (चित्र सूची नं. ३६) दिवंगत भइसकेका थेरवादी नेपाली भिक्षुहरुमध्ये महाप्रज्ञा, प्रज्ञानन्द, धर्मालोक, शाक्यानन्द, अनिरुद्ध, अमृतानन्द, सुबोधानन्द, रत्नज्योति, चुन्द, महानाम, विवेकानन्द, मेधंकर, विमलानन्द, सुमङ्गल, सुदर्शन आदि भिक्षुहरुको योगदानलाई स्मरण गर्ने गरिन्छ । वर्तमान अवस्थामा महास्थविर भिक्षुहरु बुद्धघोष, अश्वघोष, कुमार काश्यप, ज्ञानपूर्णिकको महत्वपूर्ण योगदानसहित विकासक्र अगाडि बढिरहेको छ ।

---

215 परिशिष्ट नं. ९ ।

### ६.२.१.१ श्रामणेर

थेरवादी बुद्धधर्म परम्परामा सानो उमेरमै प्रव्रज्यादीक्षा लिने चलन यथावत रहेको छ । कम्तीमा ७ वर्षको उमेर पुगिसकेकाले स्वेच्छाले चाहेमा श्रामणेरदीक्षा प्राप्त गर्न सकिन्छ । श्रामणेर अवस्था धर्मको अध्ययन र अभ्यासमा प्राथमिक स्तरको गनिन्छ भने श्रामणेरले दशवटा शीलसहित ७५ वटा सेखिय धर्म पालन गर्नुपर्ने हुन्छ ।[216] श्रामणेरहरु शिकारु हुने हुँदा गुरुसँगै बस्छन् भने उमेरको हिसाबले २० वर्ष पुगिसकेपछि स्वयंले चाहेमा, विनयानुकुल अङ्गपूर्ण भएमा, संघको अनुकम्पा रहेमा भिक्षु वा उपसम्पदादीक्षा प्राप्त गर्नसक्ने हुन्छ । हाल नेपालमा नेपाली थेरवादी श्रामणेरहरु सबैभन्दा धेरै विश्व शान्ति विहारमा अध्ययनरत छन् । त्यसपछि मुनि विहार, भक्तपुर तथा आनन्दकुटी विहारमा श्रामणेरहरु अध्ययनरत छन् । नेपाली भिक्षु तथा श्रामणेरहरु थाइलैण्ड, श्रीलंका, म्यानमारमा बुद्धधर्म र पालिभाषासाहित्यको अध्ययन गरिरहेका छन् । जसमध्ये श्रीलंकामा सबैभन्दा बढि नेपाली श्रामणेरहरु अध्ययनरत छन् ।[217]

### ६.२.२ अनागारिका

थेरवादी बुद्धधर्ममा भिक्षुणी परम्परा लोप भैसकेको मान्यता रहीआएको छ भने नेपालमा थेरवाद बुद्धशानको पुनर्जागरणसँगै नारीहरुलाई प्रव्रजित दीक्षामा समेट्ने प्रयासको थालनी भयो भने नारीहरुलाई दीक्षित अवस्थामा अनागारिका भनियो । घरवार त्यागेर बस्ने अर्थमा अनागारिका भनिएको हो । भारतमा बुद्धधर्मको पुनरुद्धारक मानिएका अनागारिक धर्मपालको प्रभावबाट नै नेपाली प्रव्रजित नारीहरुलाई अनागारिका भन्ने प्रचलन बसेको देखिन्छ । म्यानमार (बर्मा) मा **तिलासें** अथार्त शीलवती, थाइल्याण्डमा **म्याछी** र श्रीलङ्कामा **दशशीलमाता** भनिने प्रचलनलाई नेपालमा अनागारिका शब्द नै बढी प्रचलित शब्द हो । आजकाल नेपालमा अनागारिकालाई भिक्षुणीको प्रतिनिधित्व कारकको रुपमा समेत परिभाषित गर्ने गरिन्छ । नेपालमा थेरवाद बुद्धशासनको पुनः प्रवेशसँगै प्रथम उत्साही महिला दीक्षित अनागारिकाहरु रत्नपाली, धर्मपाली र संघपाली भएतापनि समकालीनकै रुपमा दीक्षित काठमाडौंका धर्मचारी एवं पोखराका धर्मशीला प्रभावकारी व्यक्तित्व थिए । वर्तमान अवस्थमा अनागारिका धम्मवती (चित्र सूचि नं. ३७) सबैभन्दा सशक्त एवं प्रभावशाली अनागारिका मानिन्छ भने उनकै नेतृत्वमा नेपाली अनागारिकाहरु प्रवाहित छन् ।

---

216 धर्मरत्न शाक्य (अनु), **श्रामणेर विनय**, (त्रिशुली, वि.सं. २०४२), पृ. १५ ।

217 परिशिष्ट नं. ४ ।

नेपाली थेरवादी अनागारिकाहरुबीच आपसी सदभाव, अन्तरसम्बन्ध, अन्तर्क्रिया, सहयोग र समझदारी कायम गर्दैजान वि.सं. २०४९ सालमा[218] अनागारिका शुशीलाको अध्यक्षतामा नेपाल राष्ट्रव्यापी नेपाल अनागारिका संघ स्थापना भएको देखिन्छ । २०५१ सालताका "भिक्षुणी अनुयायी अनागारिका संघ" अस्तित्वमा थियो भने त्यसको लगत्तै अन्तर्राष्ट्रिय भिक्षुणी संघसमेत अस्तित्वमा रहेको देखियो ।

नेपालको थेरवादी बुद्धधर्मलाई वर्तमान अवस्थासम्म निरन्तरता दिने कार्यमा अनागारिकाहरुको पनि महत्त्वपूर्ण योगदान रहेको स्वीकार्य विषय हो । सुरुवातमा दुबैपक्ष एकै सिक्काको दुई पाताका रुपमा अगाडि बढेको इतिहास हुँदाहुँदै अनागारिकाबाट भिक्षुणी शब्दप्रति आकर्षित हुँदै गएदेखिन् यिनीहरुकाबीच भावनात्मक रुपमा प्रतिस्पर्धात्मक अवस्था देखिंदैजानु, दुबैपक्षबीच अव्यक्त रुपमा मनमुटावको स्थिति देखा परेको छ । थेरवाद बुद्धधर्मको बाहुल्यता भएको राष्ट्रमा भिक्षुणी शासनलाई अङ्गालेको स्थिति अझै नदेखिएको अवस्थामा नेपालमा अखिल नेपाल भिक्षु महासंघको आधिकारिक धारणा प्रकाशमा आएको छैन र आधिकारिक रुपमा विरोध तथा समर्थन दुबै गरिएको छैन । नारी समानतालाई मुद्दा बनाई उठाइएको मात्र होइन अव्यक्त एवं अप्रत्यक्षतः उचालिएको यो विवादको सुरुवात जसरी अस्पष्ट छ त्यसरी नै यसको टुङ्गो वा समाधान पनि स्पष्टसँग होला जस्तो देखिँदैन । अन्य थेरवादी मुलकको दाँजामो नेपाली अनागरिकाहरुलाई श्रामणेर तथा भिक्षुहरुकै दाँजोमा मानसम्मान तथा दानदक्षिणा चढाउने गरिएको छ भन्ने कुरामा सहमत हुन सकिने शतप्रतिशत आधारहरु छन् । तर वर्तमान नेपाली राजनीतिक परिवेशमा परिवर्तनसँगै भिक्षुणी शासन विवादलाई अझ मूर्तरुप दिन वा समाधान गर्न दुवै सहज भने नहुन सक्दछ । एकाध भिक्षुहरु समर्थनमा खुलेआम उत्रिएका छन् भने अधिकांशतः भिक्षुहरु मौन छन् । "अझ स्पष्टवादी भएर कुरा गर्ने हो भने त अनगारिका शब्दभन्दा भिक्षुणी शब्दले सही परिभाषा दिन्छ । किनभने अनगारिका शब्द घर छोडेर आएका गृहस्थीहरुलाई पनि प्रयोग गरिन्छ । उदाहरणको लागि महाबोधि सभाका संस्थापक अनगारिक धर्मपाल गृहस्थी थिए । त्यसकारण गृहत्याग गरिएकोमा पहेंलो वस्त्रधारी व्यक्तिलाई अनगारिका मात्र भनेर पुग्दैन भिक्षुणी भन्नु नै उपयुक्त देखिन्छ ।"[219] तर समस्त नेपाली अनागारिकाहरु भिक्षुणी प्रव्रज्यादीक्षामा एकमत हुन सकेका छैनन् भने भिक्षुहरु नै विपक्षी हुन् भन्ने लाच्छनायुक्त आरोप-प्रत्यारोप निराधार हुनु बढि स्वाभाविक देखिन्छ । कसैले आफ्नो प्रभुत्व र प्रभाव जमाएर कुनैपनि विचार लाद्न सकिने अवस्था देखिँदैन । जे होस् भर्खरभर्खर

---

218 डा. रञ्जना वज्राचार्य, "नेपाःया बुद्धधर्मया उत्थानय् मिसापिनिगु योगदान," **पलेस्वाँ**, वर्ष १३ अंक १८ अंक, लोटस रिसर्च सेनटर, वि.सं. २०५८), पृ. ६६ ।

219 भिक्षु अश्वघोष महास्थविर, **धर्मकीर्ति**, वर्ष १५, अंक ७, वि.सं २०५४), पृ. ४ ।

थेरवाद बुद्धधर्मले आफ्नो प्रभावलाई जरो गाड्नेसरी प्रभावकारी प्रचारात्मक अभियानप्रति सजग एवं सतर्ककता अपनाउन सकेमा नेपालको थेरवादी बुद्धशासनलाई हानी हुने छैन भन्ने विषयमा सम्बन्धित पक्ष चनाखो हुनुपर्नेमा शुभचिन्तकहरु चिन्तित छन् ।

पहिले अनागारिकादीक्षा भिक्षुहरुको निर्देशनमा अगाडि बढ्दै आएको इतिहास छ । तर आजकाल करीब एक दशककदेखि अनागारिकादीक्षा अनागारिकाहरुकै निर्देशनमा गर्ने भनी व्यवस्थित गर्न खोजिएको छ । आजकाल कसैले अनागारिकादीक्षा लिन चाहेमा अविवाहितले आमाबाबु वा सम्बन्धित अभिभावकको स्वीकृति, विवाहित भए श्रीमान्को स्वीकृतिले मात्र पर्याप्त छैन, परन्तु तीन महिने, ६ महिने परीक्षण कालमा ऋषिणी प्रव्रज्याधारण गरी बस्नुपर्ने नीति तर्जुमा गरेको छ । वस्तुतः अनगारिकाहरुलाई व्यवस्थित रुपमा अगाडि बढाउँदै लान यस्ता नीति नियमले रचनात्मक प्रभाव पार्ने देखिन्छ ।

प्रवजित अनागारिकाहरुबाट केही न केही रुपमा थेरवाद बुद्धधर्मलाई प्रचार प्रसारात्मक दिशातिर डोऱ्याइरहेका छने भने सक्षम एवं दक्ष अनागारिकाहरु शैक्षिक, धार्मिक, सामाजिक गतिविधिमा समेत संलग्न रहेका छन् । (चित्र सूची नं. ४३)

## ६.२.३ उपासक तथा उपासिका

थेरवादी बुद्धधर्ममा आस्था राख्ने र धर्मको निर्देशनअनुसार आफ्ना सांस्कृतिक क्रियाकलापलाई अगाडि बढाउने नरनारीलाई नै थेरवादी बुद्धधर्मअनुसार उपासक तथा उपासिका भनिन्छ । त्यसो त उपासक-उपासिकाहरू गृहस्थ जीवनमै रहन्छन् भने उनीहरूले एकातर्फ भिक्षु तथा अनागारिकाहरुबाट धर्मोपदेश सुन्ने तथा शील ग्रहण गर्ने गर्दछन् भने अर्कोतर्फ भिक्षु अनागारिकाहरूलाई दान दिने अर्थात् उपभोगका वस्तु उपलब्ध गराउने गर्दछन् । आफू प्रव्रजित भएर पूर्णरूपले बुद्धधर्ममा मात्रै क्रियाशील हुन नपाए वा नसके पनि भिक्षुहरूलाई चतुप्रत्यय अर्थात् खाना, वस्त्र, वास र विरामी हुँदा औषधीमूलो उपलब्ध गराउनु उपासक उपासिकाहरूको कर्तव्य हुन आउँदछ । नेपालमा थेरवादको आर्थिक आधार श्रद्धादानमै निर्भर रहेको छ भने यदाकदा यत्किंचित् बौद्ध देशबाट पनि सहयोग प्राप्त भएका छन् । अद्यावधि नेपाली भिक्षु, श्रामणेर तथा अनागारिकाहरुलाई आवश्यकीय आहार, विहार, अध्ययनादि नियमानुल आवश्यक पक्ष परिपूर्ति गर्न नेपाली श्रद्धालु उपासक उपासिकाहरुकै अहं भूमिका रहँदै आएको सकारात्मक पक्ष हुन् ।

भिक्षु तथा श्रामणेर र अनागारिका तथा अनागारिकाहरू कुनै किसिमको आर्थिक उपार्जन वा उत्पादनका क्रियाकलापमा नलागी सम्पूर्ण रूपले बहुजन हितको लागि धर्मानुसार रहने र यसकै प्रचारप्रसारमा लाग्ने हुनाले भिक्षु तथा अनागारिकाहरुको दैनिक आवश्यकता पूर्तिको एक मात्र स्रोतको उपासक उपासिकाहरूले दिने दान नै हो । यदि उपासक उपासिकाहरूले दान नदिने हो र धर्म उपदेश पनि नसुन्ने हो भने भिक्षु तथा अनागारिकाहरुले मात्र बुद्धशासनलाई अगाडि बढाउन मुश्किल पर्ने हुनसक्दछ । त्यसैले नेपालका उपासक तथा उपासिकाहरूले भिक्षुहरूलाई दैनिक उपभोग्य वस्तुको व्यवस्था मिलाउन तथा भिक्षुहरूबाट धर्मउपदेश सुन्नका लागि हरेक जसो विहारमा दायक सभा, समिति वा परिषद्को स्थापना गरेका हुन्छन् । अधिकांशतः विहारहरुमा त्यस्ता समिति वा परिषद्हरूले नै सम्बन्धित विहारको आर्थिक व्यवस्थापन गर्दछन् । नेपालका थेरवादी विहारहरूलाई स्थानीय दायकहरुबाट आवश्यक प्रवन्ध गरिंदै संरक्षण प्रदान गरिंदै जानुपर्छ भन्ने रचनात्मक सोचको विकार पनि भइरहेको देखिन्छ । थेरवादी उपासकउपासिकाहरु कति छन् भनी किटान गर्न सहज छैन, यस बारे आधिकारिकरुपमा कुनै लेखाजोखा भएकै छैन भने थेरवादभित्रका उपासकउपासिकाहरुबीच पनि धार्मिक मिश्रण वा एउटै मात्र धारमा हिंड्न सक्ने अवस्था सृजना गर्न नसक्नाले यस्तो भएको हो भन्ने अनुमान लगाउन सकिन्छ ।

## ६.३ परदेशमा अध्ययनरत भिक्षु, श्रामणेर तथा अनागारिकाहरु

थेरवाद बुद्धधर्मको पुनः प्रवेशसँगै भिक्षु, श्रामणेर एवं अनागारिका स्वेच्छाले प्रव्रजयादीक्षा प्राप्त गर्ने प्रचलनको सुरुवात भएको देखिन्छ । सुरुवातदेखि नै श्रीलंका र म्यानमारमा थेरवादी बुद्धधर्म र पालि साहित्य अध्ययन गर्न जाने परम्परा रहीआएकोमा हाल म्यानमार जाने संख्यामा कमी देखिएको छ । वास्तवमा वर्तमान थेरवाद बुद्धधर्मको बलियो रुपमा अभ्यास र प्रचारप्रसारको बाहुल्यता रहेको मुलुक नै थाइलैण्ड, श्रीलंका र म्यानमार नै हुन् । त्यसैले नेपालका थेरवादी प्रभावशाली एवं प्रचारप्रसारमा लागीपरेका भिक्षु तथा अनागारिकाहरु ९५% प्रतिशत ती थेरवादी प्रभाव भएका मुलुकबाटै अध्ययन गरेर आएका हुन् । अझैसम्म नेपालमै चाहेजस्तो व्यवस्थित रुपमा भिक्षु, श्रामणेर तथा अनागारिकाहरुको तालिम प्राप्त गर्ने, थेरवाद बुद्धधर्मको व्यवस्थित एवं प्राज्ञिक अध्ययन गर्ने स्थलको अभावका कारण नेपाली श्रामणेर, भिक्षु तथा अनागारिकाहरु परदेशमैं अध्ययन गर्नजाने परिपाटी रहेको छ ।

### ६.३.१ भिक्षु, श्रामणेर र अनागारिकाहरु आंकलनमा

नेपाली थेरवादी भिक्षु, श्रामणेर तथा अनागारिकाहरुको वर्षेनी आंकलन प्रकाशित हुँदै आइरहेको छ । जसअनुरुप २०६३ वा सन् २००७ को सुधारिएको आँकलनअनुसार हाल नेपालमा ३२२ थेरवादी भिक्षु, श्रामणेर तथा १४५ जना अनागारिकाहरु गरी जम्मा नेपालमा जम्मा ४६७ जना भिक्षु, श्रामणेर तथा अनागारिका रहेका छन् । जसमध्ये २१७ जना भिक्षु, श्रामणेर तथा अनागारिकाहरु विभिन्न मुलुकमा अध्ययनरत ।[220]

## ६.४ प्रव्रज्या दीक्षाको गति एवं शैक्षिक योगदान

जुनसुकै यान र सम्प्रदायका भएतापनि नेपालका बौद्धहरुको थेरवादप्रति गहिरो श्रद्धा र विश्वास रहेको पाइन्छ । नेपालमा थेरवादको पुनर्स्थापनको इतिहास बडो संघर्ष एवं कष्टमय छ, जेल र नेलको अनेक दु:ख र यातना सहेर नेपालमा थेरवादको पुनर्स्थापना गर्ने श्रेय नेवार समुदायबाट प्रवर्जित भएका बौद्ध भिक्षुहरुलाई छ । प्रारम्भिक महायान र वज्रयानमा गृहस्थधर्म छोडी भिक्षुव्रत लिएर विहारमा बस्ने भिक्षु परम्परा टुटिसकेको छ । महायान र वज्रयानका भिक्षुहरु अहिले लामा बुद्धधर्ममा मात्र पाइन्छ । अहिले प्रारम्भिक वज्रयानमा वज्राचार्यबाहेक अरु कुनैपनि जातका व्यक्तिले म वज्रयानको दीक्षा र वज्राभिषेक लिन्छु भन्यो भने पाईंदैन । कालान्तरमा वर्णव्यवस्था जन्मंदा जातिमा परिणत भएजस्तै अहिले वज्रयानको दीक्षा पनि निश्चित घेराभित्र सीमित हुनपुगेको पाइन्छ । तर  प्रारम्भमा यस्तो थिएन । वज्रयानमा श्रद्धा र विश्वास राख्ने कुनैपनि जातका व्यक्तिले वज्रयानको दीक्षा लिने पाउँदथ्यो । वज्रयानको ज्ञानमा पोख्त भएपछि वज्राचार्यको पदवी पाउँदथ्यो ।[221]

थेरवादभित्र प्रवज्यादीक्षा प्राप्तपछि आजीवन भिक्षु हुनुपर्छ भन्ने कुनै पनि त्यस्तो धार्मिक मापन वा अनिवार्य नियम छैन । कुनैपनि श्रद्धालु वा इच्छुक कुनैपनि बेला नियम पुऱ्याएर उसले दीक्षा प्राप्त गर्न सक्छ । आजीवन भिक्षु हुन्छु भनेर पनि पछि विभिन्न समस्याका कारण वा व्यक्तिगत इच्छा आदिका

220 परिशिष्ट नं. ४ । Kondanya, "Updated Theravada Records in Present Nepal 2006" **2550th Souvenir, (Buddha Jayanti Samaroha Samiti, Ktm, 2006 A.D.), p.70-74.** कोण्डन्य, थेरवादी भिक्षु, श्रामणेर तथा अनागारिका तथा विहारहरु, **ज्योति उदय**, चापागाउँ : बु.सं. २५५० । पृ. ८४-९१ ।

221 जगमान गुरुङ्ग, **नेपालका बौद्धहरुः एक विवेचना**, कार्यपत्र, (काठमाडौं: धर्मोदय सभा, दोश्रो राष्ट्रिय बौद्ध सम्मेलन- लुम्बिनी, वि.सं.२०४६), पृ.३ ।

कारण चीवर वस्त्र त्याग गर्ने प्रचलन कुनै नौलो नभएपनि अझै कयौं मानिसहरु यसलाई अनौठो मानिरहेका हुन्छन् । वास्तवमा थेरवादभित्र संस्कारको रुपमा समेत प्रवज्या धारण गर्ने चलन बसिसकेको छ, जसलाई अल्पकालीन प्रवज्या भनिन्छ । जसरी नेपालमा थेरवाद पुनः प्रवेशसँगै महाप्रज्ञाको पहिलो पदार्पणपछि हालसम्म कतिजनाले चीवर वस्त्र धारण गरे भन्ने विषयमै केन्द्रित भई कुनै आंकडा प्रकाशित भएका छैनन् भने त्यसरी नै अहिलेसम्म नेपालमा चीवर वस्त्र धारण गरिसकेका भिक्षु, श्रामणेर तथा अनागारिकाहरुको आंकडा पनि यति भैसकेका छन् भन्ने विषय पनि प्रकाशमा आएका छैनन् । जे भएपनि थेरवादको पुनः प्रवेशले स्थायी वा अस्थायी रुपमा प्रवज्या धारण गर्ने परम्परा कायम गरेको छ । प्रवज्या धारणले उल्लेख्यबमोजिम गतिशीलता पाएको छ ।

थेरवादभित्र अल्पकालीन प्रव्रज्या र ऋषिनी प्रव्रज्या संस्कारको रूपमा विकसित हुने कार्य अगाडि बढेको छ । जातीयताको मापदण्ड नहुनु नै थेरवादभित्र परम्परागत बौद्धधर्मलाई मान्ने परिवार र अन्य सम्प्रदायकाहरू प्रभावित भएका छन् । त्यसो त आर्थिक दृष्टिकोण अनि सरलताको हिसाबले पनि आज थेरवादभित्रको अल्पकालीन प्रव्रज्याले बढावा पाउँदै गएका छन् भने यसलाई बरे छुइगु, व्रतबन्ध र गुफा राख्ने चलनको परिमार्जित स्वरूप अपनाएको भनिन्छ । अल्पकालीन प्रवज्यालाई संस्कारगत रुपमा विभिन्न विहारमा हुनेगरेका छन् भने बाल शिविरको बेला अल्पकालीन श्रामणेर नै भई बस्ने प्रचलन सबैभन्दा बढी शंखमोलस्थित बौद्ध भावना केन्द्रमा प्रभावकारी रुपमा चलिरेका छन् । त्यहाँ वर्षेनी विविधकार्यक्रमसहित त्यस्ता गतिविधि नियमित रुपमै आयोजना गर्दै आएका छन् । नेवार सानी केटीहरुलाई बेल विवाह वा इहीपछि गुफा राख्ने वा बाह्रा तयेगु भनेर जुन रजस्वला हुन अगावै गरिने संस्कार छ, त्यस संस्कारअन्तर्गत थेरवाद विहारभित्र ऋषिनी प्रवज्या गराउने भनी विहारमै पूजापाठ, ध्यान तथा नियमका साथ राखिन्छ । शरुवातमा अल्पकालीन प्रवज्या दुबै कम्तिमा सातदिन भन्ने सोच हुन्थ्यो भने आजकाल त्यसमा कमी आएको छ । ऋषिनी प्रवज्या नेपालमा बर्माको प्रभाव मानिन्छ भने यस प्रथालाई अगाडि बढाउनुमा अनागारिका धम्मवती र धर्मकीर्ति विहारको महत्वपूर्ण योगदान रहेको देखिन्छ । हाल विशेषगरी काठमाडौंस्थित धर्मकीर्ति विहार र पाटनस्थित शाक्यसिंह विहारमा यो संस्कारलाई बढावा दिने काम भइरहेको छ भने शंखमोलस्थित भावन केन्द्रमा पनि वर्षेनी बाल शिविरअन्तर्गत ऋषिनी कार्यक्रमको आयोजना हुँदै आएका छन् । यस विधिले आर्थिक रलाई समायोजन गर्ने मात्र नभई अन्तर्जातीय विवाहितपछि प्राप्त छोराछोरीलाई गरीनु संस्कार सहजरुपले अगाडि बढाउनमा यस किसिमका परिवर्तनमुखी कार्यले सकारात्मक प्रभाव पारेको देखिन्छ ।

नेपालमा अस्थायी प्रवज्या गर्ने चलन पनि बसेको छ । जसअनुसार वि.सं. २०४२, बैशाष ११ गते नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको ८५ औं जमोत्सको उपलक्षमा १०५ जनालाई कीर्तिपुर विहारमा अस्थायी श्रामणेर प्रवज्या गरिएको थियो भने यो सबैभन्दा बढी संख्यामा पहिलो पटक अस्थायी प्रवज्या भएको घटना हो । यसरी नै वि.सं. २०५९ वैशाष, १८ गते भिक्षु अश्वघोष महास्थविर तथा भिक्षु कुमार काश्यप महास्थविरको ७७ औं वर्षको उपलक्ष्यमा १११ जना कुलपुत्रहरुलाई कीर्तिपुर विहारमा अस्थायी प्रवजित गरिएको थियो भने यो नै नेपालको थेरवाद इतिहासमा सबैभन्दा बढी संख्यामा अस्थायी प्रवज्या समारोह हो, जुन सुखी होतु नेपालले आयोजना गरेको थियो । (चित्र सूची नं. ३८) जुन आयोजित ऐतिहासिक अल्पकालीन दुर्लभ शतकुलपुत्र प्रव्रज्यामा हिन्दू, मुस्लिम, क्रिश्चियनहरू समेत सहभागी हुनु उपलब्धिमूलक नै मान्नु पर्छ ।

उपत्यका बाहिरका परम्परागत बुद्धधर्मानुसार बरे छुइगुलाई स्वयं भिक्षुहरूबाटै प्रयास हुनु समन्वयात्मकताको लागि राम्रो उदाहरणीय चर्चा हुन् । तर वज्राचार्य गुरुजुहरूका गुरुमालाई नाममात्रको गुरुमाभन्दा माथि पुऱ्याउन पहल हुनुपर्ने देखिन्छ । स्मरणीय छ- वि.सं. २००८ सालमा आचार्य भिक्षु अमृतानन्दको सकृयतामा पश्चिमाञ्चलबाट भिक्षु शाक्यानन्द र पूर्वाञ्चलबाट भिक्षु सुबोधानन्द राजदरबार जानुभई श्री ५ त्रिभुवनसित उपत्यकाबाहिर पनि चूडाकर्म गर्नपाउने हुकुम प्रमाङ्गी लिनुभएको थियो । यसपछि २०१३ सालमा भोजपुर टक्सारमा श्री शाक्यमुनि विहारमा र २०१३ सालमा करूणाचैत्य विहारमा चूडाकर्म सम्पन्न हुनथाल्यो । चैनपुर (संखुवासभा) मा वि.सं. २०२०/२०२१ सालदेखि बगैंचाटोलमा रहेको बुद्धचैत्यमा चूडाकर्म हुनथाल्यो । त्यसपछि २०२८ साल धरानको स्वयम्भू चैत्य विहारमा चूडाकर्म गरियो । [222]

## ६.५ भिक्षु तालिम केन्द्रको विकास

नेपालमा थेरवाद बुद्धशासनलाई निरन्तरता दिन परम्परागत शिक्षा मात्र हैन सैद्धान्तिक एवं व्यावहारिक शिक्षाको पनि त्यत्तिकै आवश्यकता रहेको हुन्छ भन्ने अवधारणाको विकास गरी त्यसलाई दैनिक व्यवहारमा कार्यरुप दिन दशकौं अगाडिदेखि नै नेपालका कुलपुत्र तथा कुलपुत्रीहरु परदेशमा गई धर्माध्ययन-धर्माभ्यास कार्य सिकेर, जानेर, बुझेर नेपालमा धर्मप्रचार कार्यमा लागिरहेका छन् ।

---

222 केदार शाक्य, "काठमाडौं, पाटन र भक्तपुर बाहिर नेवार बौद्ध संस्कृतिको अवस्था",कार्यपत्र, **नेपाल मण्डलया बौद्ध संस्कृति सम्मेलन - ११११९ छगू प्रतिवेदन**, (ललितपुर : लोटस रिसर्च सेन्टर, वि.सं. २०५६), पृ. २८४ ।

जहाँसम्म परियत्ति शासनको विषय छ, त्यसलाई निरन्तरता दिन प्रव्रजित भिक्षु/श्रामणेरहरुको पनि अत्यन्त खाँचो एवं जरुरत पर्छ भन्ने अभिप्रायले वि.सं. २०३८ सालमा भिक्षु अश्वघोष महास्थविरको अध्यक्षतामा काठमाडौं, ढल्कोस्थित संघाराम भिक्षु तालिम केन्द्रको स्थापना भएको थियो । विशेषतः भिक्षु मैत्री, दाता श्री द्वारिका दास श्रेष्ठ (वि.सं. १९५७-२०५९)[223] तथा उपासिका दाता सुश्री रत्नमाया शाक्य ( अनागारिका धर्मरक्षिता) को सहयोगमा भिक्षु अश्वघोष महास्थविर त्यस तालिम केन्द्रका प्रमुख भई नेपालमै भिक्षु श्रामणेर तालिम लिनेदिने अवधारणाको विकाससँगै सुरुमैं १३ मंसिर, वि.सं. २०३८ का दिन तत्कालीन नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको उपाध्यायत्वमा भिक्षु अमृतानन्दसहित अधिकांश भिक्षु तथा अनागारिकाहरुको उपस्थितिमा बलम्बुका ५ जना र पाटनका ५ जना नेवार कुलपुत्र गरी १० जना श्रामणेरहरुलाई अध्यापन प्रारम्भ गरिएको थियो । (चित्र सूची नं. ३९) तर १० महिनापछि नै व्यवस्थापकीय समस्याले ती सम्पूर्ण श्रामणेरहरुलाई बनेपास्थित ध्यानकुटी विहारमा स्थानान्तरण गराई भिक्षु अश्वघोषले तिनीहरुलाई विद्यालय स्तरीय अध्यापन पनि गराए भने त्यहाँबाट पनि केही वर्षपछि धेरै जसोलाई बुद्धधर्म अध्ययनार्थ श्रीलंका पठाइयो । हालका भिक्षुहरु विनीत, भद्दिय, आनन्द (चित्र सूची नं. २९)[224], उपतिस्स, मंगल, शोभित, सद्धातिस्स र कोलित संघारामका पहिलो समूहका श्रामणेर हुन् ।

संघाराम भिक्षु तालिम केन्द्रलाई २०४४ सालमा पुनः निरन्तरता दिने प्रयासस्वरुप भिक्षु अश्वघोष अध्यक्ष, उपाध्यक्षहरु भिक्षु ज्ञानपूर्णिक, लोक दर्शन वज्राचार्य, द्वारिका दास श्रेष्ठ, सुपरिवेक्षक भिक्षु सुशोभन (हाल डा. लक्ष्मण शाक्य), व्यवस्थापक भिक्षु मैत्री, सहयोगी रत्नमाया शाक्य -हाल अनागारिका धर्मरक्षिता), कोषाध्यक्ष धर्मदास ताम्राकार तथा सदस्यहरुमा अनागारिका धम्मवती, सुवर्ण शाक्य, माणिकरत्न कंसाकार रहेको यौटा संचालक समिति गठन गरियो । यसपछि २०४४ भाद्र १० का दिन काठमाडौं, पाटन, भक्तपुर, बनेपा, कीर्तिपुरका १० जना नेवार केटाहरुलाई श्रामणेर दीक्षा प्रदान गरी कार्य थालनी गरियो । (चित्र सूची नं. ४०) तर यतिबेला पनि २ वर्षसम्म निरन्तरता कायम हुन सकेन, धेरै घरतिर लागे । भिक्षु अश्वघोषकै शब्दमा भन्नुपर्दा- “यस समूहका श्रामणेरहरुले स्कूलको शिक्षा पनि माग गरे । त्यसैले उनीहरुलाई गीता माता माध्यमिक विद्यालयमा भर्ना गरिदिएँ, तर अफसोच यिनीहरुले पछि बुद्धशिक्षा र पालि भाषा सिक्नेकार्यमा रुचि

---

223 रत्न सुन्दर शाक्य, **भिक्षु अश्वघोष महास्थविर**, (काडममाडौं : युवा बौद्ध समूह, वि. सं. २०६२), पृ. २१ ।

224 वर्तमान अन्तरिम विधायक उहाँ नै हुनुहुन्छ ।

देखाएनन् । उनीहरुको विचारअनुसार पालि भाषा र बुद्धशिक्षा पढेर उनीहरुको भविष्य सुध्रिने छैनन् रे । यो कुरा सुनेर मेरो मनमा नराम्रो चोट पऱ्यो । त्यतिमात्र होइन स्कूल गइसकेपछि यी श्रामणेरहरुको रहन सहनमा प्रशस्त छाडापन आएको महशूस हुनथाल्यो । फलस्वरुप यिनीहरुमध्ये कोण्डन्य र अस्सजिबाहेक सबै चीवर छोड्दै घर फर्के । कोण्डन्य आनन्दकुटी विहार सरुवा भयो र अस्सजि श्रीलंका गयो ।"[225] पुनः ४६ सालतिर तामाङ्ग र शेर्पासहित १० जना श्रामणेर बनाइए, यसपटक पनि धेरैजसो घर फर्के भने बाँकी अध्ययनार्थ श्रीलंका तर्फ लाग्नेहरुमा भिक्षु अशोक र भिक्षु त्रिरत्न मात्रै चीवरवस्त्रमै छन् ।

नेपालको थेरवादी बुद्धशासनिक क्षेत्रमा संघाराम भिक्षु तालिम केन्द्रले अगाडि सारेको भिक्षु तालिम केन्द्रको अवधारणाको सुरुवातले मौलिकपनको विकास गरीनुपर्छ भन्ने मान्यता स्थापना गरिदियो, यद्यपि संघाराम भिक्षु तालिम केन्द्रलाई तालिम केन्द्रको रुपमा निरन्तरता दिन सकिएन, विभिन्न अवरोधका कारण तालिम कार्य स्थगित भएका छन्, तर भविष्यमा पुनः निरन्तरता पाउँदै जालान् भन्ने आशाचाहिँ गर्न सकिन्छ । संघारामको तालिम कृयाकलाप व्यवस्थित रुपमा चल्न नसकी तालिम केन्द्र विहारको रुपमा परिणत हुँदै गर्दा काठमाडौंको नयाँ बानेश्वरस्थित वि.सं. २०४२ सालमा संस्थापित विश्व शान्ति विहारमा भिक्षु ज्ञानपूर्णिक महास्थविरको नेतृत्वमा (चित्र सूची नं. ४१) श्रामणेर (भिक्षु) तालिम केन्द्रकै स्वरुपमा अगाडि बढाउन वि.सं.२०५४ मा विश्व शान्ति बौद्ध शिक्षालय स्थापना भएको थियो ।

वस्तुतः थेरवाद बुद्धशासनलाई निरन्तरता दिन प्रवर्जित दीक्षितहरु आवश्यकता पर्दछ भने श्रामणेर, भिक्षुहरुलाई जीवन्त तुल्याउन उपासकोपासिकाहरुको अहं भूमिका रहेको हुन्छ । यसरी बुद्धशासनलाई निरन्तरता दिन प्रवर्जित एवं गृहस्थ उपासकोपासिकाहरुको समन्वयात्मक भावना, आपसी सहृदयी एवं एकाताको सोचाइको आदान-प्रदानको कार्यले ठूलो टेवा पुऱ्याउने हुन्छ । नेपालमैं बुद्धशासनका लागि भविष्यका कर्णाधारहरु तय गर्ने सोचाइअनुरुप वर्तमान अवस्थामा विश्वशान्ति विहारमा संचालित **"विश्वशान्ति बौद्ध शिक्षालय"** नेपालको वर्तमान थेरवाद बुद्धशासनमैं यौटा नमूना केन्द्र सावित भएको छ, यहाँ बुद्धशासनको लक्ष एवं उद्देश्य प्राप्तार्थ लक्षसहित गन्तव्यतिर उन्मुख हुन समष्टिगत भावनालाई अजागर गर्ने प्रयासहरु भइरहेका छन् । (चित्र सूची नं. ४४ र ४५)

---

225 **ऐजन**, पृ. २३-२४ । उल्लेख्य श्रामणेर अस्सजि हाल गृहस्थ भैसकेको छ ।

आज बुद्धधर्मको अध्ययन स्वदेशमै सम्भव छ भन्ने कुरालाई साकार पार्न विश्वशान्ति बौद्ध शिक्षालयमा जुनरुपले धर्माध्ययन-ध्यानाभ्यास, बुद्धपूजा, परित्राणपाठ, भिक्षाटन आदि कार्यमा लगावकासाथ निरन्तरता दिइरहेको छ, त्यो प्रकृयालाई नजिकबाट हेर्दा त्यहाँ सम्पूर्ण आवश्यक पक्ष जुटेकै छन् भन्न जो कसैलाई अनुभूत हुने स्वाभाविक पक्ष हो । त्यहाँ दैनिक रुपमैं तालिकाअनुरुपै श्रामणेर तथा अनागारिकाहरुलाई बुद्धधर्मको सैद्धान्तिक एवं ब्यावहारिक पक्षको अध्यापन कार्य संचालन भइरहेको छ । यस शिक्षाले वर्तमान परिवेशलाई समेत समेटी अध्ययनार्थीहरुलाई बुद्धधर्मको ज्ञान दिने, बौद्ध विनयानुकूल वातावरण श्रृजना गर्ने, बुद्धशासनिक क्षेत्रलाई उजागर पार्न प्रचारप्रसारार्थ व्यक्तित्व निर्माण गर्ने, अध्ययनार्थीहरुलाई बाह्यज्ञान समेत होस् भन्ने उद्देश्यलाई अघिसारी सरकारी मान्यता प्राप्त विद्यालय स्तरीय शिक्षा अनुबन्धनको रुपमा परीक्षा दिलाउने कार्य पनि भइरहेको छ ।[226]

वस्तुतः शिक्षालयले प्रव्रजित विद्यार्थीहरुलाई भविष्यमा पेशामुखी, भौतिक सुख सुविधामुखी होइन अपितु धर्ममुखी  बनाउने प्रयास गरिरहेको छ । त्यसरी नै शिक्षालयमा अध्ययनरत गर्नेहरुको ध्येय-उद्देश्य हिलोमा माछामार्ने प्रवृत्ति हुनुहुँदैन, पढाई सकाउने अनि कुईंचाभाग कस्ने, ठूलो भैगो कुलेलम ठोकौं भन्ने जस्ता भावना जगाउनु र त्यसअनुरुप वस्त्र छोडेर घरतिर लाग्ने अवस्थाले बुद्धशासनको लागि घाटा व्यहोर्नुपर्ने एवं दाताहरुको आस्था र श्रद्धामा ठेस लाग्ने सम्भावनालाई नकार्न सकिंदैन । वास्तवमा प्रवजित जीवनमा बुद्धोपदेशलाई जीवन्त अभ्यास गर्दैजाने तवरका विधिब्यवहार अपनाउँदै जानुपर्छ । जसरी कुनैपनि शिक्षालयले बुद्धशासनिक पक्षलाई ध्यानकेन्द्रित गरी श्रद्धालु दाताहरुको दानदातब्यलाई सदुपयोग गर्ने जमर्को गरिरहेको हुन्छ, त्यसको परिपूर्तिका लागि शिक्षालयका प्रवर्जित विद्यार्थीलगायत सम्बन्धित पक्ष सबैको रचनात्मक सहयोगको जरुरत छ, वर्तमान सहयोगी भावनामा निरन्तरता थपिंदै जानुपर्छ । यसबाट बुद्ध शासनिक क्षेत्र रचनात्मकरुपमा झ्याँगिंदै जाने हुन्छ, जसले गर्दा शान्तिकामी सबैका लागि सुखकर पथहरु खुल्दै जाने हुन्छ ।[227]

---

226 सम्पादकीय, **शान्ति सन्देश**, (काठमाडौं : विश्वशान्ति बौद्ध शिक्षालय, वर्ष ४ अङ्क ४, वि. सं. २०६०) ।

227 **ऐजन** ।

### ६.५.१ श्रामणेर तथा अनागारिका तालिम केन्द्र

संघाराम भिक्षु तालिम केन्द्रको अवधारणा सफलिभूत देखिए पनि यसले निरन्तरता भने पाउन नसके पनि वि.सं. २०५२ देखि विश्वशान्ति विहारमा भिक्षु ज्ञानपूर्णिक महास्थविरको प्रमुख व्यवस्थापनमा विशेषतः नेपाली एवं विदेशी दाताहरूको सहयोगले विश्वशान्ति बौद्ध शिक्षालय संचालन भइरहेको छ, जहाँ विभिन्न जातजातिका श्रामणेरहरू अध्ययनरत छन् । सम्पूर्ण भौतिक पूर्वाधारहरु तय भएर समुचित रुपमा संचालित नेपालको कुनैपनि थेरवाद विहारमा विश्व शान्ति विहार नै हालका लागि नमूना विहार हुनसक्दछ । स्वदेशी तथा विदेशी दाताहरुको श्रद्धाले बुद्धशासनिक योगदानलाई अगाडि बढाउन सहज भइरहेको देखिन्छ भने अर्कोतिर तालिम केन्द्रका प्रवजितहरु वस्त्र त्याग गरी जाने संस्कृति पनि मौलाउँदो छ, जुन सर्वसाधारण जनता एवं श्रद्धालु दाताहरुका लागि सुखकर विषय हुनसक्दैन भने त्यस्तो प्रकृयाप्रति उनीहरु दुःख व्यक्त गर्दछन् । अनागारिका भैसकेपछि वस्त्र त्याग गर्नेहरुभन्दा धेरै भिक्षुश्रामणेर भैसकेकाहरुले वस्त्र त्याग गरी पुनः गृहस्थमा प्रवेश गर्ने गरेको पाइन्छ । त्यसो त विश्व शान्ति विहारमा श्रामणेरहरुलाई बुद्धशिक्षासहित सरकारी मान्यता प्राप्त सरकारी शिक्षा पनि दिंदै आइरहेको छ तापनि बच्चाहरूमा प्रव्रजित जीवनको संस्कारलाई निरन्तरता दिनमा अझै सहजता देखिएको छैन, यो स्वाभाविक वा अस्वाभाविकभन्दा पनि यस प्रकृयाप्रति दूरगामी भई समाधानको उपाय पहिल्याउनु पर्ने देखिन्छ ।

यसरी नै धर्मकीर्ति विहारका प्रमुख अनागारिका धम्मवतीको पनि नारीहरूलाई अनागारिका दीक्षा दिई निरन्तरता दिलाउँदै जाने काममा सकृयता नै देखिन्छ । उनकै विहारमा सबैभन्दा बढी अनागारिकाहरु छन् । शंखमोलस्थिति बौद्ध भावना केन्द्रमा अनागारिका तालिम केन्द्र हालै स्थापना गरिएतापनि पठनपाठनको व्यवस्था शुरु गरिएको छैन । अहिले उहिलेझैं परदेशमै गएर बुद्धशिक्षाको अध्ययन गर्नै जानुपर्ने अवस्थाबाट मुक्ति पाएको छ । वर्तमान अवस्थामा भिक्षु, श्रामणेर तथा अनागारिकाहरु धार्मिक बाहेक सरकारी मान्यता प्राप्त शिक्षा अध्ययन गर्नेतर्फ बढी ध्यान केन्द्रित हुँदै गइरहेको छ भने यसले सकारात्मकताभन्दा बढी नकारात्मकतर्फ घचेटिने संभावना बढी देखिन्छ तर पनि त्यसरी शिक्षा प्राप्त गर्नु उनीहरुका लागि बाध्यता एवं अपरिहार्यता पनि हुनसक्छ किनभने उनीहरु आफ्नो भविष्य सोचबाट मुक्त हुनसक्ने अवस्था बनेकै छैन भन्ने मानसिकताले प्रभावित भएका पनि देखिन्छन् । त्यसैले भोलि वस्त्र त्याग गर्नु परेमा समस्या पर्ला भन्ने डर उनीहरुमा हावी हुने कारणले नै सरकारी मान्यता प्राप्त शिक्षा अध्ययनको क्षेत्रप्रति उनीहरु सजग नै रहेका देखिन्छन् ।

## ६.६ बौद्ध परियत्ति शिक्षा संचालन एवं विस्तार

नेपालमा स्थविरवाद बुद्धधर्मको पुनर्जागरण भएपश्चात् बुद्धधर्मलाई सुव्यवस्थित रुपमा कसरी अगाडि बढाउँदै लाने भन्ने विषयमा जागरण ल्याउनुमा स्थविरवाद बुद्धधर्मको अथक प्रयास रहेको देखिन्छ । बुद्धको मूलभूत शिक्षा, दर्शनलाई परम्परागत सोच, मूल्यमान्यताभन्दा माथिल्लो स्तरबाट प्रचारप्रसार गरिंदै जाने धार अपनाउने क्रमले जातीय रुपमा मानिंदै आएको बुद्धधर्म विविध आदिवासी जनजातिकाले समेत अध्ययन-मनन् गर्न पाए । पेशामुखी बुद्धिविलासभन्दा नैतिकतालाई बढावा दिन, सामाजिक शिक्षा प्रवाहित गर्न, मनोगत रुपमै परिवर्तन हुन विपश्यना भावनाजस्तो चित्तशुद्धीसम्बन्धी मार्गहरु व्यावहारिक एवं शैक्षिकरुपमा अध्ययन-अध्यापन जस्तो खुला बौद्धिक वातावरण श्रृजना गर्दै जान पालि साहित्यअनुसार जनमानसमा प्रकाशन कृतिलाई नै पाठ्यक्रमको स्वरूप दिई व्यवस्थित ढंगले विहार विहारमा नैतिक शिक्षा दिलाउने उद्येश्यले बु.सं. २५०७, वि.सं. २०१९ सालमैं विधिवत रुपमा अखिल नेपाल भिक्ष महासंघको पहल एवं आफ्नै संचालकत्वमा नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापना भएको थियो ।[228] नेपाल बौद्ध परियत्ति शिक्षाको संस्थापक वर्तमान नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविर हुन् भने उनलाई होस्तेमा हाँइस्ते गर्न धर्मरत्न शाक्य "त्रिशुली" तथा अनागारिका सुशीलाको महत्वपूर्ण भूमिका रहेको थियो । परियत्ति शिक्षाको इतिहासले चारदशक पार गरिसकेको छ । अद्यावधि यो शिक्षा श्रद्धालुहरुको धार्मिक आस्थापूर्ण विश्वासले अघि बढ्दै गरेको छ । यसका लागि नेपाल सरकारले यंकिञ्चित् बजेट नदिएरै पनि जनस्तरमा जनस्तरकै लागि निरन्तर अगाडि बढिरहेको छ । यसका लागि नेपाल सरकारको दायित्पपूर्ण ध्यानाकृष्ट हुनुपर्ने देखिन्छ ताकि बौद्ध विश्व विद्यालयलाई कसरी सफलीभूत बनाउन सकिन्छ, बौद्ध जगतको विश्वास र आस्थाको प्रतिनिधित्व कसरी गर्न सकिने हुन्छ, बाह्य बौद्ध जगतबाट कसरी आर्थिक श्रोत उपलब्ध गराउन सकिन्छ भन्ने कुरामा ठोस सकारात्मक एवं रचनात्मक कदम अघि बढाउनुमा उर्जा मिल्ने हुन्छ । होइन भने हात्ती आयो हात्ती आयो फुस्साझैं नहोस्, राम्रो उद्देश्य र अभिप्राय बोकी ल्याएको कदमलाई निरन्तरता दिँदैजान बाँदरको हातमा नरिवलझैं हुने तरहमा एकलकाँटे लिंडेढिप्पी कस्सिँदै अगाडि बढ्ने मिचाहापन प्रदर्शन गर्नेतर्फ उन्मुख भएमा नुहुनु मामाभन्दा कानो मामा जाति हुन्छ होला अरु धेरै छाँटकाँट अहिले नै हुने सहजरुपमा देखिंदैन ।[229]

---

228 कोण्डन्य (सं), **परियत्ति : दुतीय प्रवेश शिक्षा**, (ललितपुर : नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्, वि.स. २०६०), पृ. ४३० ।

229 सम्पादकीय, **शान्ति सन्देश**, (काठमाडौं : विश्वशान्ति बौद्ध शिक्षालय, वर्ष ६ अङ्क ६, वि. सं. २०६२) ।

श्रद्धादान सहयोगलाई समेटी नेपाल सरकारको आर्थिक अनुदानविना नै अद्यावधि परियत्तिको संचालनलाई निरन्तरता दिनु नेपालको बुद्धशासनिक क्षेत्रमा ठूलो योगदान नै हो । पाठ्यक्रममा परम्परागत बुद्धधर्म र संस्कृति र अन्य निकायसम्बन्धी पाठ्यसामग्री समेट्ने जमर्को गरिएको देखिन्छ भने हाल शिक्षा नियमावलीअन्तर्गत धर्मका आधारभूत कुरालाई समेटी पाठ्यक्रमलाई निकै नै सुधार, परिमार्जन, संशोधन, परिवर्धन गरी पाठ्यपुस्तकलाई व्यवहारिक रूप दिने कार्य एकपछि अर्को थपिंदै छ ।[230]

विहारमा मात्र सीमित परियत्तिलाई बहाःबही पुऱ्याउनेदेखि लिएर सरकारी निकायअन्तर्गत सरकारी विद्यालय र निजी विद्यालयमा समेत पठनपाठनको व्यवस्था हुँदैजानु बौद्ध जगतका लागि नै सुखकर विषय हो । हाल प्रारम्भिक प्रथमवर्षदेखि कोविद अन्तिम वर्षसम्म अध्ययन गर्ने व्यवस्था[231] भएको नेपाल बौद्ध परियत्ति शिक्षा बौद्ध, हिन्दू, इस्लाम, ईशाई सबैले अध्ययन गरिरहेका छन् । विहार, बहाःबही, विभिन्न विद्यालय गरी उपत्यका र उपत्यकाभन्दा बाहिर गरी जम्मा ४८ वटा केन्द्रहरूमा[232] परियत्ति शिक्षा संचालन भइरहेका छन् । विद्यार्थी, गुरुवर्ग एवं सहयोगी दाताहरुको सहभागिता, नेपाल बौद्ध परियत्ति शिक्षाको आयोजना तथा सुखी होतु नेपालको प्रमुख व्यवस्थापनमा प्रथमवार वृहत परियत्ति सन्निपात-भेला बु.सं. २५४९ को आयोजना गरी "बुद्धभूमि नेपाल अधिराज्यमा शान्ति, सुव्यवस्था, सदाचार र विकासको लागि बुद्धको मौलिक शिक्षा परियत्ति शिक्षालाई सरकारी, गैर सरकारीसंस्था एवं संचारमाध्यमबाट सम्पूर्ण जनमानसमा यसलाई फुलाऔं, फैलाऔं ।" भन्ने सन्देश पारित गरेको थियो ।

यसरी नै आज त्रिभुवन विश्व विद्यालयमा बौद्ध अध्ययन विभागपछि लुम्बिनी बौद्ध विश्वविद्यालयको घोषणालगत्तै भौतिक पूर्वाधारोन्मुख रहेको उपलब्धीमूलक मान्नुपर्छ । त्रिभुवन विश्व विद्यालयअन्तर्गत बौद्ध अध्ययन विभागले अध्ययनमा व्यापकता दिनका लागि विभिन्न कलेजहरुमा समेत पोष्ट ग्राजुएत डिप्लोमा अध्ययन गर्न सुलभ व्यवस्था मिलाइदिनाले अझ बुद्धधर्मको अध्ययनमा व्यापकता आउने देखिन्छ । त्यसो त थेरवादको प्रभावकारी शैक्षिक क्षेत्रमा योगदानस्वरुप वि.सं. २००८ सालमै भिक्षु अमृतानन्दले आनन्द कुटी विद्यापीठ स्थापना गरेका थिए । पछि अनागारिका माधवीले ललितपुरमा यशोधरा बौद्ध विद्यालय, काठमाडौंमा भिक्षु सुमङ्गलले सिद्धार्थ शिशु निकेतन, ललितपुरमा अनागारिका ज्ञाणवतीले

---

230 नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम, (ललितपुर : नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्, वि.सं. २०५७) ।

231 परिशिष्ट नं. ६ । कोण्डन्य, (पूर्वपाद टिप्पणी संख्या २२) पृ. ४३२ ।

232 परिशिष्ट नं. ७ ।

भास्सरा विद्यालयको स्थापना गरेका थिए । आजपनि भिक्षु, अनागारिकाहरु अध्यापन कार्यमा प्रत्यक्षसंलग्न भई धार्मिक मात्र होइन शैक्षिक क्षेत्रमा पनि योगदान पुऱ्याइरेका छन् ।

## ६.७ थेरवादको योगदानसम्बन्धी धारणा

"नेपालमा प्रचलित थेरवाद बुद्धधर्मले पुऱ्याउँदै आइरहेको बुद्धशासनिक कृयाकलापप्रति शुभचिन्तकीय दृष्टिकोणबाट किसिम किसिमका धारणा हुनु अस्वाभाविह होइन । एकताका भगवान् बुद्धको जन्मभूमि नेपालमा उहाँबाटै प्रतिपादित थेरवाद बुद्धधर्म प्रायः लोपै भैसकेको अवस्था थियो । बडो चर्चित भनाई थियो- चीवरधारी भिक्षुहरू कहाँ पाइन्थ्यो ? भन्ने उत्तरमा भित्तामा लेखेका चित्रहरू देखाई- यी यहाँ छन् भन्ने गर्थे । सौभाग्यवश भिक्षु, अनागारिकाहरूबाट आ-आफ्ना त्याग, तपस्या र बडो कठिन परिश्रमबाट असजिलो र अप्ठ्यारो अवस्थालाई पनि झेली थेरवादलाई जनसमक्ष धर्मदेशना, लेखन एवं प्रकाशन आदिको माध्यमबाट अगाडी सारेर पुनर्जिवित मात्र होइन कि यथास्थितिमा प्रस्तुत गरे । त्यसबाट नेपालमा मात्र होइन कि अन्यत्र देशहरूमा पनि प्रस्तुत गरेको इतिहास साक्षी छ र ज्वलन्त उदाहरण पाइन्छ ।

नेपालमा प्रचलित अर्को दुईवटा यान वज्रयान र महायानमा पनि थेरवादका क्रियाकलापबाट प्रेरित भई अगाडी बढेको पाइन्छ । यसरी प्रेरणादायक मात्रै नभई नेपालका सम्पूर्ण तीनै यानका अनुयायीहरू बौद्धधर्मका एकै परिवारका हुन् भन्ने भावना जागृत भएबाट आपसमा मिली एकजूट भई बौद्धधर्ममा अरु उर्जा थपी अगाडी बढ्नु पर्छ र बुद्ध जन्मभूमि नेपालमा सर्वत्र बुद्धधर्मको महिमा-शील आचरण, समाधि र प्रज्ञालाई सहीरूपमा बुझ्ने भात्र नभई आफ्नो जीवन सही रूपमा जिउने माध्यम बनाउनु पर्छ र प्रयोगमा ल्याउन सक्नुपर्छ भन्ने हेतुले अरु दुईवटा यानको अलावा थेरवादबाट जोड दिइएको पाइन्छ । यही नै थेरवाद बुद्धधर्मको महत्वपूर्ण विशेष भनाई र देन छ ।"[233]

"यद्यपि नेपालमण्डल बौद्ध संस्कृति कला, वास्तुकला, विहार, ग्रन्थ आदिमा अद्वितीयरूपमा धनी भएतापनि संभवतः मल्लकालको शासनकालदेखि बौद्ध शिक्षामा गरीव र व्यवहारमा विकृति-विसंगति रूढि विचारले ग्रत भएकै मान्नुपर्ने हुन्छ । जुन शाहकालअन्तरगत राणाकालीन समयसम्म पनि खग्रास सरह

---

233 लोक दर्शन वज्राचार्य, **शान्ति सन्देश स्मारिका,** (काठमाडौं : विश्वशान्ति बौद्ध शिक्षालय, वर्ष ६ अङ्क ६, वि. सं. २०६२), पृ. ११२ ।

विद्यमान थियो । नेपालमण्डलको बौद्धधर्म सिद्धान्तले महायान भएतापनि व्यवहारमा संकुचित र सीमित थियो । महायानको त के आधारभूत बौद्ध सिद्धान्तको विपरीत आचरण हुनेगर्थ्यो ।

तत्कालीन समयमा तिब्वती बौद्ध भिक्षुद्वय छिरिङ नोर्बु र क्यान्छ्या लामाजूबाट नेपालमण्डलमा बौद्धधर्मसम्बन्धी सामान्य प्रवचनले शुरूवातभएको बौद्धधर्मको पुनर्जागरण कार्यमा नेपालमण्डलमा थेरवाद बौद्ध निकायको आगमनले "बौद्ध क्रान्ति" नै ल्याएको तथ्य इतिहास साक्षी छ । उक्त बौद्ध क्रान्तिले विभिन्न चरण र स्वरूप पारगर्दै सो अभियानलाई वर्तमान समयसम्म निरन्तरता दिइआइराखेको पाइन्छ । नेपालमण्डलमा थेरवादको आगमनले कम्तिमा निम्न लिखित उपलब्धिहरू भएको देखिन्छ -

(१) आधारभूत बौद्ध शिक्षा (शील, समाधि र प्रज्ञा) को सरल एवं सुलभ ।

(२) त्यही शिक्षाको कारणले विकृति र विसंगतिको पहिचान ।

(३) विकृति-विसंगतिमा सुधार ल्याउने कार्यहरू ।

(४) थेरवाद निकाय र संघको विकास ।

(५) बौद्ध चारधाम (लुम्बिनी, बोधगया, सारनाथ, कुशीनगर) तीर्थयात्राको परम्पराको थालनि ।

(६) बौद्धधर्मविषयक ग्रन्थहरूको प्रकाशन ।

(७) पूर्वदेखि पश्चिम नेपालसम्म बौद्ध धर्मको प्रचार ।

(८) बौद्धधर्मलाइ राष्ट्रिय मान्यता दिलाउन सफल ।

(९) नेपाल अन्तरराष्ट्रिय बौद्ध जगतसँग सम्बन्ध राख्न सफल ।

(१०) बौद्धधर्मको प्रमुख दुई निकायमध्ये एक महायान मात्रै रहेको नेपालमण्डलमा अर्को प्रमुख निकाय थेरवादको आगमनले अभाव पूर्ति ।

समग्रमा भन्नुपर्दा पंचशीलको अभ्यासविना दशशिक्षा पदको कल्पनासम्म पनि हुनसक्छ, त्यस्तै सौत्रान्तिक, सर्वास्तिवाद (वैभाषिक), माध्यमिक तथा विज्ञानवाद दर्शनविना बौद्धधर्मको साङ्गोपाङ्गो ज्ञान हुनसक्दैन भन्ने वज्रयानको मान्यता रहेकोले नेपालमण्डलको बौद्धधर्म, संस्कृति (वज्रयान), थेरवाद (सौत्रान्तिक तथा सर्वास्तिवाद) विना पूर्ण छैन । त्यसर्थ नेपालमण्डलको बौद्ध संस्कृतिको निरन्तरता तथा विकासमा थेरवाद बौद्धधर्मको आगमनले पूर्णता ल्याउने प्रयास भएको मान्नुपर्ने मेरो दृष्टि छ ।"[234]

---

234 डा. नरेशमान वज्राचार्य, **शान्ति सन्देश स्मारिका,** (काठमाडौं : विश्वशान्ति बौद्ध शिक्षालय, वर्ष ६ अङ्क ६, वि. सं. २०६२), पृ. १११ ।

“नेपालभण्डलमा परम्परागतरूपले चल्दै आइरहेको बुद्धधर्म बाहिरबाट महायान र भित्रबाट वज्रयान हो । महायान बुद्धधर्ममा सबैलाई प्रवेश खुला छ । वज्रयान बुद्धधर्ममा सीमित जातलाई मात्र प्रवेश स्वीकार्य छ । महायान बुद्धधर्म नवव्याकरणको प्रज्ञापारमिता, ललितविस्तर र बोधिचर्यावतार गुणकारण्डब्यूहको आधारमा चलिरहेको छ । वज्रयान गुह्यसमाज, संवोरोदयतन्त्र, हेवज्रतन्त्र आदि तन्त्रको आधारमा चलिरहेको छ।

महायान बुद्धधर्मअनुसार स्वयम्भू भगवान, बुँगःद्यः (रातो मछिन्द्र), जनबहाः द्य (सेतो मछिन्द्र) आदि बोधिसत्वहरूलाई पूजा आराधना गर्दै आएका छन् । वज्राचार्यहरूले सम्पूर्ण नेवार बौद्धहरूलाई अष्टमी, पूर्णिमाको व्रत आदि बस्न लगाएर दशाकुशल पाप छाड्न लगाई ललितविस्तर, जातक, अवदान, कारण्डव्यूह आदि कथा वाचन गरेर बौद्धधर्म पालन गराउँदै आएका हुन् । गुँलाधर्म, पञ्चदान, सम्यक् महादान, दीपयात्रा (मत याः) जस्ता सबै नेवार बौद्धहरूले परम्परादेखि गर्दै आइरहेको धर्मको कर्म हो ।

नेपालमण्डलमा प्रचलित वज्रयान बुद्धधर्म वज्राचार्य, शाक्य र उदास गरी तीनवटा जातमा मात्र सीमित बुद्धधर्म हो । उदासहरूलाई वज्रयानी दीक्षासम्मको अधिकार छ, शाक्यहरूलाई चूडाकर्म गरी संघमा प्रवेश एवं दीक्षाको अधिकार छ । वज्राचार्य वज्रयानको अभिषेकधारी भिक्षु हो । तन्त्रशास्त्रानुसार कर्मकाण्ड पूजा पाठ गर्नु र दान प्राप्तिले जीवन निर्वाह गर्नु यसको काम हो ।

थेरवाद बुद्धधर्म महायान र वज्रयान बुद्धधर्ममा अपेक्षा उदार धर्म हो । सबै जातलाई थेरवाद बुद्धधर्ममा प्रवेशका लागि खुला छ । साधारणरूपले बुद्धपूजा गरे पुग्ने, कर्मकाण्डको कुनै झन्झट छैन । मन्त्र, तन्त्र, होम, श्राद्ध, बलि तथा अनेक देवदेवीहरूलाई स्थान छैन । पूजाका लागि मद्य, मांस र अनेक पूजाका सामग्रीहरूको आवश्यक्ता पनि छैन । नेपालभाषा, हिन्दी र अँग्रेजी भाषामा बुद्धधर्मसम्बन्धी अत्यधिक ग्रन्थहरू पढ्न पाइन्छ, पालि र संस्कृत नै जान्नु पर्छ भन्ने छैन । बूद्धपूजा  गर्न र धर्मव्याख्यान श्रवणार्थ भोकै बस्नुपर्छ भन्ने पनि छैन । थेरवादमा अन्धविश्वासलाई कम मात्र स्थान रहेको छ । थेरवाद बुद्धधर्ममा यस्ता तत्वहरू भएको हुनाले परम्परागत बुद्धधर्मभन्दा समयानुकुल अगाडी बढ्न सकेको हो । यो नै थेरवाद बुद्धधर्मको योगदान हो । परम्परागत बुद्धधर्मलाई पनि त्यसमा विद्यमान विकृतिलाई हटाउँदै सुधार गर्दै अगाडी बढाउने चेष्टा गर्नुपर्छ । महायान, वज्रयान र थेरवाद तीनवटालाई नै केवल बुद्धयान मानी अगाडि बढ्नुपर्छ, एकले अर्कोलाई आलोचना गरी तल झार्ने वृत्ति उचित छैन ।”[235]

---

235 फणीन्द्ररत्न वज्राचार्य, **शान्ति सन्देश स्मारिका,** (काठमाडौं : विश्वशान्ति बौद्ध शिक्षालय, वर्ष ६ अङ्क ६, वि. सं. २०६२), पृ. ११२ ।

"बुद्धधर्म भन्नासाथ त्यसको आधारग्रन्थ त्रिपिटकलाई मानिन्छ । वेद, कुरान, बाइबल, गुरुग्रन्थ साहेवा, हिन्दू, मुश्लिम, इसाई र सिखका धार्मिक अस्तित्वका मूल ग्रन्थ भएझैं बौद्धहरूको धार्मिक मूलग्रन्थ त्रिपिटक नै हो । बुद्धधर्मसम्बन्धी अरू हजार ग्रन्थको गौरव मानेपनि त्रिपिटकको मूल सिद्धान्तलाई वास्ता नगरिएकमा बुद्धधर्मको जग नै म्हासिने हुन्छ । त्रिपिटक भगवान् बुद्धका पालाका नैतिक चरित्रवान् विद्वान एवं स्वयं अग्रगण्य भिक्षुहरू र राजा महाराजासहितको समुपस्थिति र सहभागितामा भएको संगायना (महाधिवेशन) द्वारा पारित विषयगत वास्तविक कुरा हुन् भने अरू ग्रन्थहरू विद्वान्विशेषको आफ आफ्नो तर्क, सिद्धान्त र विचारबाट उत्पन्न विषयका कुराहरूका शास्त्र हुन् ।

बुद्धधर्म मानवमात्रको लागि हितकल्याणको जीवन पद्धति हो । यसैले वास्तविक बुद्धदर्शन मानवमात्रको जीवनदर्शन हुनसक्छ । बुद्धधर्मसम्बन्धी अन्वेषणमा त्रिपिटकसम्बन्धी वास्तविकताविषयमा अन्वेषण कम गरिएमा त्यस्तो अन्वेषणकार्य ज्ञानपिपासा मेट्ने र ज्ञानको लोभप्रदर्शनमात्रको लागि हुनजाने हुन्छ र मानवीय व्यवहारमा उत्रनको लागि पूर्ण सहयोगी हुन जाने होइन्न । बुद्धधर्म व्यावहारिक र वैज्ञानिक धर्म भएको हुनाले व्यवहारप्रति हेलचक्र्याइँ गर्ने हो भने त्यसप्रकारको बुद्धधर्मसम्बन्धी अन्वेषणको मानवजीवनमा त्यति मतलब रहने हुँदैन ।

मानिस आनन्द चाहन्छन् र शान्ति चाहन्छन् तर नैतिक जीवन चाहँदैनन् भने त्यसको लागि शान्ति र आनन्द हावाको महल हुनेछ । बुद्धधर्म चाहने तर बुद्धोपदेशप्रति सुस्त रहने हो भने त्यस्ता बौद्ध हास्यको पात्र हुनजानेछ । कुनै मानिस आकाश चिरेर स्वर्गमा गएको र पृथ्वी फोरेर नरकमा लागेको कसैले देखेको छैन । बुद्धधर्ममा स्वर्ग र नरक कल्पना हुन् भन्ने आशय रहेको छ । राम्रो कुशल कर्मले कल्पित स्वर्गको अनुभूति प्राप्त हुने हो भने, नराम्रो अकुशल कर्मले कल्पित नरकको फल भोगिने हुन्छ भन्ने कुरा बुद्धको कर्मवादले बताएको छ । अति र घटीका मानवक्रियाकलापलाई मध्यममार्गद्वारा व्यवहृत गर्ने बुद्धको मूल शिक्षाको विषयमा अन्वेषण अनुसन्धान हुनु पूर्वाग्ररहित वास्तविक बुद्धधर्मसम्बन्धी अनुसन्धान हुन सक्नेछ ।"[236]

---

236 सुवर्ण शाक्य, **शान्ति सन्देश स्मारिका,** (काठमाडौं : विश्वशान्ति बौद्ध शिक्षालय, वर्ष ६ अङ्क ६, वि. सं. २०६२), पृ. ११२-११३ ।

"इतिहाससम्बन्धित विद्यार्थीहरूका लागि बुद्धधर्मको ऐतिहासिक कालक्रमको विकास वा विनाशको कुरा थाहा पाउनु अनिवार्य आवश्यरक्ता हुनसक्छ । परन्तु आम बौद्धहरूका लागि **आउ, राम्ररी हेर** भनी प्रकाश पार्नुहुने धर्मको जीवन्ततालाई आआफ्नो जीवनमा प्रत्यक्षीकरण गरी लाभ उठाउने अवसर खुल्ला पुस्तकालयको पानाभैंm सुलभ हुँदाहुँदै पनि त्यतातिर मूलध्यान बञ्चितको स्थिति देखिनु दुखद् कुरा हो । जानाजान भनौं वा तथागत सम्यक् सम्बुद्धले दिएका शिक्षालाई शिलालेखमा उत्कीर्ण इतिहासको कुराझैं ठानेर त्यसलाई आफूले बुझेझैं व्याख्या गर्ने भथवा अचार्यप्राचार्यहरूबाट विकसित सिद्धान्तलाई नै धर्मको मूलसिद्धान्त ठानी त्यसको अन्धानुकरण गरी बुद्धलाई नचिनिकन बस्ने कार्यले बौद्ध भनाउँदाहरू बौद्ध हुने कार्यबाट बञ्चित भएर बसेका छन् । यो एकाइसौं शताब्दीका लागि विल्कुल सुहाउँदो छैन ।

यदि कसैले आफूलाई बौद्ध हुँ भनी दावी गर्ने हो भने बुद्धको वचनलाई यथार्थ अनुयायी भएर अनुशरण गर्नसक्नु परेको छ । अरुलाई देखाउने रुपमा मात्र नभई यथार्थरुपले भित्रबाट पनि बाहिरबाट पनि अकुशलधर्मलाई त्याग गरी कुशलधर्मलाई अंगिकार गर्दै अनित्य, दुःख र अनात्मलाई आत्मसात गरेकोभई मार्गफलको लाभी हुनसक्नु प्रत्येक बौद्धको लक्ष्य हुनुपर्छ । यो नै बुद्धशासनको माग हो ।"[237]

[237] दुण्ड बहादुर वज्राचार्य, **शान्ति सन्देश स्मारिका,** (काठमाडौं : विश्वशान्ति बौद्ध शिक्षालय, वर्ष ६ अङ्क ६, वि. सं. २०६२), पृ. ११३-११४ ।

# परिच्छेद सात
## उपसंहार

नेपालका बुद्धधर्मावलम्वीहरुमा नेवार समुदाय मुख्य छ । मूख्यतः नेवारहरु प्रारम्भिक महायान र वज्रयानी बुद्धधर्म मान्दछन् । त्यस यानलाई लोप हुन नदिई जोगाइराख्ने श्रेय नेवारहरुलाई छ । वर्तमान नेपालमा थेरवादी पुनर्स्थापना र विकासको श्रेय पनि नेवारहरुलाई छ ।[238] थेरवाद प्रारम्भिक बुद्धधर्म हो । नेपालमा बुद्धधर्मको पुनर्जागरणमा थेरवादको ठूलो योगदान रहेको छ ।[239] वस्तुतः समयचक्रसंगै सात सालको क्रान्तिभन्दा अगावै जनमानसमा नौलो सोच, नयाँ पद्धत्ति, धार्मिक, सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक आदिमा सुधार एवं विकासमुखी भएर अगाडि बढौं भन्ने सोचमा रमाउने, त्यहीअनुरूप समर्पित भएर अगाडि बढेकाबीचको एक समूह जसले समय, काल, परिस्थितिसँग संघर्ष गरी जुन नौलो आयाम थप्ने तत्परता देखाएका थिए, त्यसै कदम हो, जसलाई थेरवाद बुद्धशासन पुनर्जागरण हुनुको हेतु मान्न सकिन्छ । निश्चय पनि नेपालमा थेरवाद बुद्धशासनको जग हाल्नेदेखि लिएर अहिलेको यो स्थितिमा पुऱ्याउन नेपालमण्डलको परम्परागत बौद्धधर्ममा आश्रित सश्रद्धापूर्वक लाग्नेहरूको पनि जुन श्रम र पसिना लागेको छ, त्यसलाई थेरवाद इतिहासले बिर्सिने छैन । परन्तु थेरवादको पुनर्जागरणले नेपालमण्डलको परम्परागत बौद्धधर्मकै विकास गर्न र भविष्यमा कसरी अगाडि बढ्ने भन्ने कुरामा प्रेरणात्मक सचेतता थपिदिने कार्यअन्तर्गत क्रमबद्धरूपमा गरेका रचनात्मक प्रयासलाई भने नकार्नु बुद्धिमत्ताको विषय हुनेछैन । यसउसले समग्रमा थेरवाद बुद्धशासनको पुनर्जागरण नै नेपालमण्डलको बौद्ध धर्मको विकासमा योगदान थपिँदै जाने अर्को नौलो आयाम भएको कुरालाई विकासक्रमले नै पुष्ट्याउने हुन्छ ।

नेपालमण्डलको परम्परागत बौद्ध धर्म भनी नेवार सम्प्रदायअन्तर्गत अपनाउँदै आएको वज्रयान बौद्धधर्मलाई परिभाषित गर्ने गरिन्छ । नेपालमण्डलको परम्परागत बौद्धधर्म भन्नुमै कत्तिको सार्थकता छ ? यसमा पुनःविचार मन्थन गरिनुपर्ने नयाँ विचार उद्भव भएको पक्षलाई पनि रचनात्मक दृष्टिले हेर्नसक्नु पर्छ ।[240] परम्परागत भन्दा कहाँ, कहिलेदेखि भन्ने ठोस सवाल उठ्ने हुन्छ भने जुन कुरालाई स्पष्ट पार्ने आधार Geneology of Buddhism in Nepal को चर्चा गर्न समुचित अध्ययनअनुसन्धान नै हुनुपर्ने देखिन्छ ।

---

238 जगमान गुरुङ्ग, **नेपालका बौद्धहरुः एक विवेचना**, कार्यपत्र, (काठमाडौंः धर्मोदय सभा, दोश्रो राष्ट्रिय बौद्ध सम्मेलन-लुम्बिनी, वि.सं. २०४६), पृ.४ ।

239 **ऐजन**, पृ. १ ।

240 कोण्डनय, **शान्ति सन्देश स्मारिका,** (काठमाडौं : विश्वशान्ति बौद्ध शिक्षालय, वर्ष ६ अङ्क ६, वि. सं. २०६२), पृ. ११०-१११ ।

महासांघिक रूपबाट महायान हुँदै वज्रयान, अझ नेपालमण्डलको परम्परागत बौद्धधर्मसम्ममा आइपुग्दाको ढाँचा-शैली, प्रयोग आदि सम्ममा के कस्ता परिवर्तनले भूमिका निभाए त्यसको सहीआँकलनपूर्ण खोज अनुसन्धान भएमा कुन चाहीँ बौद्धपरम्परा मूल परम्परासँग नजिक छ, भन्ने कुरा खुलस्त हुँदैजाने हुन्छ । बुद्धधर्मानुसार सर्वप्रथम श्रावकयानको मार्ग अपनाउँदै पछि महायानमा प्रवेश गरी त्यसपछि मात्र वज्रयानअनुरूप जीवन यापन गर्ने गरिने नेपाको विशेषता रहीआएको थियो ।[241] भन्ने लोटस रिसर्च सेन्टरकै रचनात्मक अवधारणा रहेको छ । एसै पृष्ठभूमिमा यहाँका पुर्खाहरुले उपत्यकाभित्र जहाँतहीँ बहाल बहिलको निर्माण गरी मूल भगवान्को रूपमा भगवान् बुद्धको स्थापनासँगै स्वयम्भूको प्रतीकस्वरुपको चैत्य र धर्मधातुमण्डलसँगै करुणामय, प्रज्ञापारमिता आदिको व्यवस्था गरी श्रावकयान, महायान वज्रयानबीच परस्पर समन्वय कायम गरिराखेको उल्लेखनीय छ ।[242]

यो यथार्थ हो कि थेरवाद पुनर्जागरणपछि थेरवादी पद्धतिलाई अनशरण गर्नेहरू उपत्यकाभन्दा बाहिर, अझ नेवार समुदायसहित जनजाति, ब्राह्मण, क्षेत्री, शूद्रहरू समेत प्रभावित हुँदै संख्यात्मकरूपमा अगाडि बढ्नेक्रम निरन्तर जारी छ । यद्यपि यसको तथ्यांकीय सोच विकास भएको छैन । यदाकदा थेरवादअनुरूप चल्ने धर्मचर्या पद्धतिलाई बुद्धधर्म मान्ने या नमान्ने ? यो पनि स्वतन्त्र रूपमा बहसको विषय बनाइनु सान्दर्भिक नै होला । प्राचीनकालदेखि नै अस्तित्वमा भएको प्रमाण हुँदाहुँदै, पुनर्जागरणले परम्परागतपनलाई धकेलियो भन्ने संकुचित दृष्टिले थेरवादलाई आयातीत धर्म भनी परिभाषित गरिने कुरा तथ्यगत छैन भन्ने ऐतिहासिक विकासक्रम पुष्टि गर्दछ । **वज्रयान बुद्धधर्म घितिघिति प्वनाच्वंगु स्थितिमा**[243] छ भनेर स्वीकार्नेहरू देखिएका छन् भने समयसँगै कट्टरतालाई छोडी थेरवाद बुद्धधर्मसँग पनि समन्वय गर्दै अगाडी बढ्नु हितकर हुन्छ भन्ने रचनात्मक सोचयुक्त व्यक्तित्वहरूको पनि अभाव छैन यहाँ ।

महायान, वज्रयान र थेरवादका रूपमा विभक्त अवस्थाभन्दा माथि उठेर सबैयान बुद्धयान, सबै वाद बुद्धवाद, भन्ने सोचतिर अगाडी बढ्ने गोष्ठीय तवरमा चर्चापरिचर्चा त हुन थालिसकेको छ । थेरवाद, महायान र वज्रयान बुद्धधर्मबीच एकबाट अर्कोमा अलग अलग नभई एकले अर्कासँग सम्पर्क राखी सामञ्जस्य कायम गर्दै अगाडि बढ्नु सबैका लागि सुखकर विषय हुनेछ । नेपालको बुद्धधर्म Nepalese Buddhism को

---

241 डा. वज्रराज शाक्य, **पलेस्वाँ**, (ललितपुर : लोटस रिसर्च सेन्टर, वि. सं. २०५८), सम्पादकीयको पृ. २ ।

242 **ऐजन** ।

243 एशिया महादेशको बौद्ध सम्पदा संरक्षण, उत्थान र सह-अस्तित्वका लागि सहकार्य नाराका साथ चतुर्थ अन्तर्राष्ट्रिय नेपालमण्डलको बौद्ध संस्कृति सम्मेलन ११२५ मनाउन अक्षश्वर महाविहारमा आयोजित व्यापक छलफल कार्यक्रमा मस्वयंबाट थेरवाद बुद्धशासनले पनि आफ्नै संस्कार प्रचलनमा ल्याइसकेको नजिर छँदाछँदै पनि थेरवादलाई बुद्धधर्मअन्तर्गत मान्ने या नमान्ने आदि प्रश्नमूलक कुरा उठाउँदा मपछिको वक्ता डा. नरेश मान वज्राचार्यले बोल्नुहुँदा यही वाक्य प्रयोग गर्नुभएको थियो ।

रूपमा विकसित गरिनुपर्ने**244** लोटस रिसर्चको मात्र विचारमै सीमित नभई कार्यरूप दिने सोचलाई अभिमुखीकरण गरिदैं लानु सबैका लागि सुखकर सावित हुने देखिन्छ ।[245]

बुद्धजन्मभूमि नेपाल राष्ट्रमा बुद्ध, बुद्धधर्म, दर्शन, इतिहास, बौद्ध संस्कृति र सभ्यता, कला-वास्तुकला आदि क्षेत्रमा नेपालमण्डलको परम्परागत बौद्धधर्मको योगदान महत्वपूर्ण पक्ष हन् भन्ने थेरवादको पुनः प्रवेशले पनि थेरवादसँगै परम्परातत बुद्धधर्मलप्रति सम्मान गरेरै अगाडि बढ्ने चेष्टा गरिएको छ । आज समय-परिस्थिति द्रुतगतिमा अगाडि बढ्नेसरी धर्म, संस्कृति, समाज रहन-सहन, जीवन जिउने कला, जीविकोपार्जनको शैली, मूल्य-मान्यता आदि हरक्षेत्र र परिवेश परिवर्तित स्वरूपमा भ्र्याँगिंदै अगाडि बढ्नेक्रम जारी छ । यस्तो परिवेशमा जो-कसैले पुराना मूल्य-मान्यता, धरोहर, धार्मिक एवं सांस्कृतिक सम्पदालाई बढावा दिई शुद्ध घ्यू टन्नै खाएको छु भनी दकार राख्ने, मेरा पुर्खाहरू यस्तात्यस्ता भनी जतिसुकै मैं हुँ भन्ने खालको बौद्धिक खुराक वितरण गर्न खोजिएतापनि जनमानसमा भिजाउँदै लानेक्रममा त्यसलाई धारण गर्ने कार्य भएन भने हातमा लाग्यो शून्य सरह हुनसक्छ । यसउसले विज्ञानको विकाससँगसँगै भौतिक जीवनले उच्च महत्व पाउँदै गइरहेको माहौलमा धर्मचर्यालाई कट्टररूपमा प्रस्तुत गरिंदै लानु, एउटै सीमित दायराभित्र मात्र अट्ने अवधारणालाई काखी च्याप्दै बस्नु, जातीयताको अहँ एवं आसक्तिपूर्ण कट्टरपना आदिलाई ध्यानमा राखी विधि व्यवहार गरिंदै जाने उही पुरातन शैलीलाई लाद्ने प्रवृत्तिजन्य विधिव्यवहारलाई धर्म र संस्कृतिको क्षेत्रमा चाहे कुनै पनि परम्परागत धर्मकै रूपमा किन नहोस् त्यसलाई निरन्तरता दिंदैजाने कार्यमा तगारो तेर्सिंदै जानुहुन्छ भन्ने कुरामा प्रचलित सम्पूर्ण धर्मवादीहरुको चिन्तन हुनु आवश्यक छ । यसका रचनात्मक एवं सकारात्मक सोचपूर्ण दृष्टिको नितान्त खाँचो रहन सक्दछ । त्यसैले आधुनिक जीवन शैली, राजनीतिक, सामाजिक, आर्थिक क्षेत्रमा द्रुत गतिमा परिवर्तन भइरहेको नेवार समुदाय अनि नेपाली समाजभित्र पुरानै मान्यतालाई बढावा दिने, कट्टरपनालाई निरन्तरता दिंदै जाने प्रकृयामा थेरवादको पुनः प्रवेशले नयाँ चिन्तनको प्रवाहलाई अगाडि सारेको छ । कट्टरभावले स्वयं थेरवादीहरू वज्रयानीभन्दा लचिलो देखिनु आफैमा महत्ता र विशेषताको रूप बढ्दोक्रम जारी छ भने वज्रयान बुद्धधर्मको उपादेयता र यसलाई कट्टरपनामा सीमित राखिनु हुन्न भन्ने साृच थेरवादको विकासक्रमले सन्देश प्रवाहित गरेको तथ्यलाई नकार्न सकिंदैन ।

